२८४

# भक्तपुर
मासिक

ISSN 2705-4454
9 772705 445004

Bhaktapur Monthly विशेष साउन २०७७




## भक्तपुर नगरपालिकाको
# सातौँ नगरसभा

- नीति तथा कार्यक्रम
- आ.व. २०७७ ०७८ को बजेट
- समितिहरूका प्रगति प्रतिवेदन




नेमकिपाका सचिव एवं सांसद प्रेम सुवाल भक्तपुर नपाको सातौँ नगरसभा उद्घाटन गर्नुहुँदै (असार ७ गते)




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै (असार ७ गते)




भक्तपुर नपाका उपप्रमुख रजनी जोशी भक्तपुर नपाको आ.व २०७७/०७८ को बजेट प्रस्तुत गर्नुहुँदै (असार १० गते)



नगरसभा उद्घाटन समारोहमा जनप्रतिनिधि तथा आमन्त्रित अतिथिहरू (असार ७ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ☆ विशेष ☆ नेसं ११४० ☆ विसं २०७७ साउन ☆ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)



नगरपालिका नगरवासीहरूको संस्था हो ।

करदाताहरूले समयमै कर बुझाऔं

नगरको विकासमा सघाऔं ।



'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

> ‘हाम्रो बीचमा भौतिकशास्त्री, रसायनशास्त्री खगोलशास्त्री, कवि, संगीतज्ञ तथा चित्रकार प्रचुर मात्रामा छन् तर हाम्रो बीचमा एउटा पनि सच्चा नागरिक छैनन् ।’
>
> \- जिनज्याक रूसो

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम | सुनिल प्रजापति | ३ |
| २) | आ.व. २०७७/७८ को अनुमानित बजेट (पूर्णपाठ) | रजनी जोशी | १० |
| ३) | भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७७ | – | १४ |
| ४) | आ.व.२०७७/०७८ को अनुमानित बजेट विवरण | – | १५ |
| ५) | भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७७ | – | २६ |
| ६) | विभिन्न समितिहरूको प्रतिवेदन | – | ५६ |
| ७) | भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७ | – | ५७ |
| ८) | भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ मा संशोधन गर्नुपर्ने बुँदाहरू | – | ६१ |
| ६) | भक्तपुर नगरपालिकाको सातौं नगरसभा (प्रतिवेदन) (२०७७ असार ७ गते, आइतवार– असार १६ गते मङ्लवार) | – | ६३ |
| ६) | ‘हाम्रा हरेक काम खुल्ला र पारदर्शी छ’ (सम्पादकीय) | – | ९६ |


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सूचना

ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुरमा २०७७ साउन ४ गते गथामग चऱ्हे र साउन १९ देखि २७ गतेसम्म गाईजात्रा (सापारु) पर्व पर्ने र ती दुवै पर्वमा एकै ठाउँमा सयौंको सङ्ख्यामा भीड जम्मा भई कोरोना भाइरस (कोभिड-१९) रोगको महामारीको जोखिम बढ्ने खतरा रहने हुँदा सरोकारवाला सांस्कृतिककर्मीहरूको नगरस्तरीय भेलाबाट प्राप्त राय सुझावअनुसार गथामग चऱ्हेको दिन गथामग नबनाउन र गाईजात्रा(सापारु) औपचारिकतामा मात्र सीमित गर्न तथा घिन्ताङ्घिसी र परम्परागत एवम् आधुनिक सांस्कृतिक प्रदर्शनीहरू नगर्न सरोकारवाला सम्पूर्णमा भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**

# भक्तपुर नगरपालिकाको सातौं नगरसभामा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत

# भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम

**नगर सभासदज्यूहरु,**

- भक्तपुर नगरवासी मतदाता दाजुभाइ दिदीबहिनीहरूको मतबाट हामी निर्वाचित भएको तीन आर्थिक वर्ष पूरा भयो र चौथो आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने क्रममा छौं। बितेका तीन वर्ष निर्वाचनको बेला निर्वाचन घोषणापत्रमार्फत जनताबीच गरेका प्रतिबद्धतालाई ध्यानमा राखी हामीले काम गऱ्यौं। हाम्रा हरेक काम खुल्ला पुस्तकसरह पारदर्शी छ। नगर र नगरवासीहरूलाई केन्द्रमा राखी काम गर्ने सिलसिलामा हाम्रा कमी कमजोरीहरूलाई औंल्याई रचनात्मक आलोचना गरी निरन्तर सहयोग गर्ने सचेत नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।
- अहिले सारा विश्व कोरोना भाइरसको महामारीविरुद्ध लडिरहेको छ। विश्वभर ८५ लाखभन्दा बढी सङ्क्रमित भइसकेका छन् भने ४ लाख ५० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। नेपाल सरकारले पनि कोरोना फैलिन सक्ने सम्भावित जोखिमबाट बचाउन २०७६ साल चैत्र ११ गतेदेखि लकडाउन (बन्दाबन्दी) लागू गऱ्यो। महिनौंसम्म सिङ्गो देश ठप्प भयो, विकास निर्माणका कामहरू हुन सकेनन्। अब विस्तारै आर्थिक गतिविधि र विकास निर्माणका कामहरू शुरु हुँदैछन्। यस्तो जोखिमपूर्ण समयमा समेत सम्पदाहरूको महत्त्व र मौसमलाई ध्यानमा राखेर सबै सुरक्षा विधि अपनाई स्थानीय कामदारहरूमार्फत पुनः निर्माणको कामलाई निरन्तरता दियौं। सङ्कटको बेला जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने मान्यताकासाथ जनतालाई कुनै समस्या नपरोस् भन्ने कुरामा हामीले सचेततापूर्वक काम गर्दै आयौं। नियमित सरसरफाइ, राहत वितरण, तरकारी बजार व्यवस्थापन, टोल-टोलमा साबुन पानीको व्यवस्था, टोल टोलमा क्लोरिनसहित बिषादी छर्किने, बाहिरबाट आएकालाई क्वारेन्टाइनको व्यवस्था र दैनिक माइकिङ गरी जनचेतना जगाउने जस्ता कार्यहरू नगरपालिकाले निरन्तर गर्दै आयो।
- कोरोनासम्बन्धी आपतकालीन खर्च व्यवस्थापनको लागि नगरपालिकाले रु. १ करोड रूपैयाँको प्रकोप व्यवस्थापन कोष खडा गरी सहयोग गर्न चाहने व्यक्ति, संघ-संस्थाहरूलाई सोही कोषमा नगद वा जिन्सी सहयोगको लागि आग्रह गऱ्यौं। हालसम्म विभिन्न व्यक्ति तथा सङ्घ-संस्थाहरूका तर्फबाट रु १२ लाख ६५ हजार नगद र लाखौं रूपैयाँ बराबर जिन्सी सहयोग प्राप्त भएको छ। प्राप्त सहयोगलाई आवश्यकताअनुसार प्राथमिकता तोकी पारदर्शी ढङ्गले खर्च गर्दै आएका छौं। विपदको बेला आर्थिक र भौतिक सहयोगका साथै आ-आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर भक्तपुरको बिस्काजात्रा, बुद्धजयन्ती, मातातीर्थ औंसी र स्थानीय जनताले मनाउने गरेको देवाली पूजा जस्ता चाड पर्वहरूमा समेत घरबाट ननिस्की नगरपालिकाको अनुरोधलाई स्वीकार गरी अनुशासन प्रदर्शन गर्ने सम्पूर्ण नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं।



प्रमुख सुनिल प्रजापति

- नेपालको संविधान २०७२ मा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीमा सङ्घीयता कार्यान्वयनको व्यवस्था भए पनि केन्द्रमा बस्नेहरूमा अझै एकात्मक सोचको अन्त्य भएको छैन। नीतिभन्दा व्यक्तिगत पहुँचको आधारमा सङ्घ र प्रदेशको बजेट विनियोजन गर्ने, जनप्रतिनिधिहरूलाई सिंहदरबार धाउन पर्ने सामन्ती संस्कारले निरन्तरता पाएको छ। सङ्घीयता शब्दमा होइन, हामी व्यवहारमा खोज्दैछौं। केन्द्र र प्रदेशको आदेश र निर्देशनमा शासन चलाउन खोज्नु सङ्घीयता होइन। स्थानीय तहहरू स्वायत्त छन् र पूर्ण स्वायत्त हुनुपर्छ। हामी स्थानीय तहको अधिकारमाथि कहीं कतैबाट कुनै किसिमको हस्तक्षेप नहोस् भन्ने चाहन्छौं।

- सङ्घ र प्रदेशका सांसदहरू नीति निर्माताहरू हुन्। नीति निर्माताहरूलाई विकास निर्माणको कामको जिम्मेवारी दिनु उचित होइन। स्थानीय निकायमा जनप्रतिनिधि नभएको बेला शुरु गरिएको सांसद विकास कोषले अझै निरन्तरता पाएको छ। स्थानीय तहमा जनप्रतिनिधिहरू भइसकेको हुँदा निर्वाचन क्षेत्र विकास कोषको औचित्य समाप्त भएको छ। त्यसकारण उक्त कोष खारेज गरी सिधै सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्थाको लागि हामी माग गर्दछौं।
- नेपाल सरकार शहरी विकास मन्त्रालय, काठमाण्डौ उपत्यका विकास प्राधिकरणले काठमाण्डौ उपत्यकाभित्र १ लाख रोपनीको १ वटा र १० हजार रोपनीको ३ वटा गरी ४ वटा उपसहरहरूको निर्माण गर्ने भनी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पारित गरी कामलाई अगाडि बढाएको छ। घना जनसङ्ख्याको कारण उपत्यकामा फोहरमैला व्यवस्थापन, खानेपानी, ट्राफिक जाम र वातावरण प्रदूषण जस्ता समस्याहरू दिनानुदिन बढिरहेको अवस्थामा उपत्यकामा ठूल्ठूला उपसहरहरूको विकासले उपत्यकावासीले थप समस्या भोग्नुपर्ने निश्चित छ। उपत्यकामा प्राचीन कालदेखि सांस्कृतिक केन्द्रको रूपमा विकसित सहरहरू भएको हुँदा त्यसको मौलिकता बचाई उपत्यकालाई सांस्कृतिक केन्द्रकै रूपमा संरक्षण गर्नु आवश्यक छ। यसर्थ उपत्यका विकास प्राधिकराणबाट अगाडि बढाइएका उपसहरहरूको निर्माण प्रकृया अविलम्ब रोक्न र उपत्यकाबाहिर स-साना सहरहरूको विकासमा ध्यान दिन नेपाल सरकारसँग आग्रह गर्दछौं।
- 'हाम्रो सम्पदा हामी आफैले संरक्षण र जीर्णोद्धार गरौं' भन्ने भावनाले सम्पदाहरू पुनः निर्माण र जीर्णोद्धार कार्य गर्दा ठेक्कामा दिन नहुने निष्कर्ष निकाल्दै उपभोक्ता समितिमार्फत कार्य गर्दैछौं। सम्पदाको मौलिक स्वरूप बचाउन, सम्पदाप्रति जनताको अपनत्व कायम गर्न र गुणस्तरीय निर्माण गर्न उपभोक्ता समितिमार्फत कार्य गर्नु नै राम्रो विकल्प हो। यही वर्ष भनपा-५ स्थित भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भयो। भैरवनाथ मन्दिर जीर्णोद्धारमा रु.५ लाख १६ हजार आर्थिक र अन्य जिन्सी सहयोग प्राप्त भयो, बत्सला मन्दिर निर्माणमा हालसम्म ६ लाखभन्दा बढी सहयोग सङ्कलन भइसकेको छ। अहिले विश्वप्रसिद्ध ङातापोल मन्दिरको जीर्णोद्धार कार्य भइरहेको छ। हालसम्म ९०० जनाभन्दा बढीले जनश्रमदान गरिसकेका छन् भने नगद ९ लाख रूपैयाभन्दा बढी सङ्कलन भइसकेको छ। अझै जनश्रमदानको लागि नाम लेखाउने २० वटाभन्दा बढी सङ्घसंस्थाहरूको सूची बाँकी नै छन्। हाम्रा हरेक काममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने ती सबै सहयोगी हातहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।
- आ.व. २०७७।७८ को बजेट तयारी गर्न विगतका वर्षहरूमा झैं सम्बन्धित सङ्घ संस्थाहरू र सरोकारवालाहरूसित भेला र बैठकहरू गर्न यो वर्ष लकडाउनको कारण सम्भव भएन। हामीले अनलाइनमार्फत सुझावहरू दिन सबैसँग आग्रह गर्‍यौं। अनलाइनबाट नगर र नगरवासीहरूको हितमा गर्नुपर्ने तत्कालीन र दीर्घकालीन योजना र कार्यक्रमहरूकाबारे धेरैवटा सुझावहरू हामीलाई प्राप्त भएका छन्। ती सुझावहरूलाई ध्यानमा राखी सीमित बजेट सीमाभित्र रहेर हामीले बजेट तयारी गर्दैछौं। **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ (१) अनुसार आज यस भक्तपुर नगरपालिकाको सातौं नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौं :**

## शिक्षा

१. ख्वप विश्वविद्यालय स्थापनाको लागि भइरहेको पहललाई निरन्तरता दिंदै प्राज्ञिक व्यक्तित्वहरूबाट **विश्वविद्यालय** स्थापनाका आधार एवं अन्य प्राविधिक तयारी गर्न विज्ञहरूको समिति गठन गरी तयारी अगाडि बढाइनेछ।

२. नगरभित्र सञ्चालित **सार्वजनिक विद्यालयहरू**को भौतिक सुधार गर्न पूर्वाधारहरू निर्माणमा सहयोग गर्ने नीति लिइनेछ। शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ। विद्यालय अनुगमनलाई निरन्तरता दिंदै शिक्षकहरूको स्तरोन्नतिको लागि समय समयमा विषयगत शिक्षक तालिमको व्यवस्था गरिनेछ।

३. **स्थानीय पाठ्यक्रम** निर्माणलाई निरन्तरता दिंदै यो आर्थिक वर्षदेखि कक्षा ३ र ८ मा लागू गरिनेछ भने कक्षा ४ र ५ का लागि स्थानीय पाठ्यक्रम निर्माण कार्य पनि पूरा गरिनेछ। स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न सहज बनाउन आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू निर्माण गरिनेछन्। स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री तयार गरी भर्चुअल कक्षा सञ्चालन गरिनेछ। विद्यालय तहमा नेपाल भाषा र लिपीको विषयमा अध्यापन कार्यलाई जोड दिइनेछ।

४. नगरपालिकाद्वारा सञ्चालित **शिशुस्याहार केन्द्र**हरूको स्तरोन्नती गरी कार्यरत जनशक्तिलाई समयानुकूल योग्य र दक्ष बनाउन आवश्यक तालिमहरू व्यवस्था गर्दै लगिनेछ। आवश्यकता अनुसार अन्य वडामा पनि शिशुस्याहार केन्द्रहरूको विस्तार गर्दै लगिनेछ।

५. नगरपालिकाद्वारा सञ्चालित **कलेजहरू** तथा सामुदायिक विद्यालयको आयोजनामा इन्जिनियरिङ, वाणिज्यशास्त्र, व्यवस्थापन संकाय, समाजशास्त्र, गणितलगायत विषयको राष्ट्रिय स्तरको गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। साथै विद्यालय र कलेजमा अध्ययनरत विद्यार्थीहरूको सीप प्रदर्शनीको लागि समय समयमा विज्ञान

प्रदर्शनी, इन्जिनियरिङ प्रदर्शनी गर्नुका साथै इन्जिनियरिङ कलेजहरूको तर्फबाट राष्ट्रिय स्तरको रोबोट प्रतियोगिताको आयोजना गरिनेछ ।

६. भक्तपुरको इतिहास, भूगोल, वास्तुकला, कला–संस्कृति, भाषा, वातावरण, सरसफाइ, खानेपानीलगायत विभिन्न विषयमा अध्ययन–अनुसन्धान गर्न चाहनेहरूको लागि दिइँदै आएको **आर्थिक सहयोग**लाई निरन्तरता दिइनेछ । इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्ने नगरवासी विद्यार्थीहरूलाई दिइँदै आएको छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिँदै देशको लागि आवश्यक जनशक्ति तयार गर्न नयाँ नयाँ विषय अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।

७. उच्च शिक्षा अध्ययनरत वा अध्ययन गर्न चाहने तर आर्थिक रूपले विपन्न विद्यार्थीलाई दिइँदै आएको रु. ५ लाखसम्मको **शैक्षिक ऋण**को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. नगरपालिकाद्वारा सञ्चालित शिक्षण संस्थामा कक्षा ११ र १२ मा **कानुन र चित्रकला विषय अध्यापन** गर्दै आएकोमा कलेज तहमा पनि ती विषयहरूको अध्यापन सुरु गर्न प्रकृया अगाडि बढाइनेछ । डिप्लोमा तथा क्याम्पस तहमा कृषि विज्ञान, हेल्थ असिस्टेन्ट, ल्याव असिस्टेन्ट एवं मेकानिकल इन्जिनियरिङको कक्षा सञ्चालनको प्रकृया अगाडि बढाइनेछ ।

९. शैक्षिक गुणस्तर विकासको निम्ति आवश्यक सल्लाह सुझावको लागि विज्ञहरूको टोली गठन गरिनेछ । विद्यालय र कलेजहरूमा अध्ययन अध्यापनको साथै नयाँ नयाँ विषयहरूको **खोजमुलक अनुसन्धान**लाई पनि जोड दिइनेछ ।

१०. नगरभित्रका सामुदायिक विद्यालयमा अध्यापनरत इ.सी.डी.का शिक्षकहरूलाई **प्रोत्साहन रकम**को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११. नगरभित्रका सबल सामुदायिक विद्यालयले नजिकको कमजोर विद्यालयलाई **संरक्षण** गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. हालसम्म नगरपालिकाले कक्षा ८ को नगरस्तरीय वार्षिक परीक्षा सञ्चालन गर्दै आएकोमा अबदेखि कक्षा ५ को वार्षिक परीक्षा नगरस्तरीय रूपमा सञ्चालन गरिनेछ । नगरभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालित शिशु स्याहार कक्षाहरूका **विद्यार्थीहरूलाई खाजा खर्च**वापत आर्थिक सहयोग प्रदान गरिनेछ ।

१३. नगरका विभिन्न ठाउँहरूमा क्रमशः निःशुल्क वाइफाइको व्यवस्था विस्तार गरी नगरवासी विद्यार्थीहरूलाई **अनलाइन कक्षाको पहुँच बढाउन** पहल गरिनेछ ।

## स्वास्थ्य

१४. भक्तपुर नपा वडा नं. ९ च्याम्हासिंहमा यसै आर्थिक वर्षबाट **ख्वप अस्पताल सञ्चालनमा** ल्याइनेछ । विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ रोगको सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्न अस्पतालमा पीसीआर मेशिनसहित सङ्घ र प्रदेश सरकारको सहयोगमा नयाँ उपकरणहरूको व्यवस्थाको लागि पहल गरिनेछ ।

१५. **घरदैलो नर्सिङ सेवा**लाई व्यवस्थित गर्दै नगरभित्रका विद्यालय र कलेजहरूमा समेत त्यसको विस्तार गर्ने नीति लिइनेछ ।

१६. नगरपालिकाद्वारा निर्माण गरिएको श्वासप्रश्वास पुनः स्थापन केन्द्र (Respiratory Rehabilitation Center) सञ्चालनमा ल्याई दीर्घ दम रोगीहरूको **सहज उपचार**को प्रबन्ध मिलाइनेछ ।

१७. आयुर्वेदिक स्वास्थ्य सेवाबारे जनचेतना जगाउनुका साथै वडा वडामा सेवा विस्तार गर्दै लगिनेछ । जनतालाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न **आयुर्वेदिक** स्वास्थ्य कार्यालयलाई उचित ठाउँमा स्थानान्तरण गरी व्यवस्थित र सुविधासम्पन्न अस्पताल सञ्चालन गर्नेतर्फ ध्यान दिइनेछ । नगरपालिकाले आर्युवेद अस्पतालसँग समन्वय गरी आर्युवेदिक उपचार शिविरहरू सञ्चालन गरिनेछ ।

१८. च्याम्हासिंहस्थित **आँखा उपचार** केन्द्रको सेवा विस्तार गरी जनतालाई सहज र सुलभ तरिकाले शल्यक्रिया सेवाको विस्तार गर्दै लगिनेछ । उक्त केन्द्रलाई ख्वप अस्पतालको निर्माणाधीन नयाँ भवनमा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

१९. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण स्वास्थ्य क्षेत्रमा बढी सचेतना अपनाउनुपर्ने हुँदा जनस्वास्थ्य केन्द्रलाई उपचारको लागि सक्षम बनाउन आवश्यक उपकरण तथा प्रविधिहरूको व्यवस्था गर्दै स्वास्थ्य क्षेत्रको लागि उचित बजेट व्यवस्थापन गरिनेछ । नगरका वडाहरूमा वडास्तरीय **आधारभूत स्वास्थ्य क्लिनिक** निर्माण गरिनेछ ।

२०. क्यान्सर, मृगौला, मुटु, मस्तिष्कघात जस्ता स्वास्थ्य मन्त्रालयले तोकेका कडा रोग लागेका बिरामीहरूलाई दिइँदै आएको **आर्थिक सहयोग**लाई निरन्तरता दिइनेछ ।

२१. नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी दाँत, मुटु, आँखा, पाठेघरलगायत विभिन्न रोगहरूको नियमित **स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ । कोभिड–१९ रोगलगायत विभिन्न रोगहरूबारे सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. **अगाङ्गता** भएका व्यक्तिहरूलाई सहायक सामग्रीको व्यवस्था गरिनेछ ।

२३. भक्तपुर नगरपालिकाभित्र रहेका अस्पतालहरूको स्वास्थ्य

**गुणस्तरीयताको अनुगमन**मा विशेष ध्यान दिइनेछ ।

## सम्पदा र संस्कृति संरक्षण

२४. नगरको उपयुक्त स्थानमा सांस्कृतिक प्रदर्शनी केन्द्र स्थापना गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नियमित सांस्कृतिक प्रदर्शनी गरिनेछ । साथै यो वर्ष पनि कुनै एक **सांस्कृतिक बाजाको प्रतियोगिता** गरिनेछ ।

२५. हाम्रो संस्कृतिलाई जीवन्तता दिनुका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालय र कलेजहरूमा **सांस्कृतिक गुरुहरूको व्यवस्था** गरी सांस्कृतिक ज्ञानलाई जीवन जिउने आधारको रूपमा क्रमशः विकास गर्दै लगिनेछ ।

२६. भक्तपुरको सम्पदा र संस्कृतिबारे खोजमुलक अध्ययन अनुसन्धान गरी पुस्तक प्रकाशन गरिनेछ । साथै महत्त्वपूर्ण सम्पदाहरूको पुनः निर्माणसँगै त्यसको सम्पूर्ण विवरणसहितको **पुस्तक प्रकाशित** गर्ने क्रमलाई अगाडि बढाइनेछ ।

२७. भक्तपुरको संस्कृतिलाई जोगाई युवा पुस्तामा संस्कृति हस्तान्तरण गर्न निरन्तर योगदान गर्नुभएका संस्कृतिकर्मीहरूको **सम्मान कार्य**लाई निरन्तरता दिइनेछ ।

२८. नेपाल भाषा, कला, संस्कृति र सम्पदाहरूको महत्त्वबारे जनचेतना जगाउन स्थानीय पाठ्यक्रम निर्माण, विभिन्न लेख रचनाहरूको प्रकाशन र विज्ञहरूद्वारा प्रवचन, चित्रकला, निबन्धलेखन तथा वादविवाद **प्रतियोगिताहरू** नियमित सञ्चालन गरिनेछ ।

## कृषि

२९. नगरका उपयुक्त ठाउँहरूमा **तरकारी बजार**को व्यवस्था गरी स्थानीय उत्पादित तरकारीहरूको न्यायोचित मूल्यमा बिक्री वितरणको सुनिश्चितता प्रदान गरिनेछ ।

३०. केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी कृषि उत्पादन भण्डारणको लागि उपयुक्त ठाउँमा जग्गाको व्यवस्था गरी बहुबाली **चिस्यान केन्द्र** स्थापनामा जोड दिइनेछ ।

३१. व्यवसायिक कृषि गर्ने किसानहरूको लागि कृषि प्राविधिक तालिम, च्याउ खेती, कौसी खेती, बेमौसमी नगदे बाली, माटो परीक्षणलगायतका **तालिमहरू** सञ्चालन गरिनेछ ।

३२. मौसमअनुसार किसानहरूलाई धान, गहुँ, आलुको उन्नत **बीउ वितरण** गरिनेछ । साथै नगरपालिका आफैले उन्नत जातको बीउ उत्पादन तथा नर्सरी व्यवस्थापन गर्न पहल गरिनेछ ।

३३. पशु चिकित्सक र कृषिविज्ञको व्यवस्था गरी पशु चिकित्सालय र कृषिसम्बन्धी **तालिमहरू**को व्यवस्था गरिनेछ ।

३४. किसानहरूलाई कम्पोष्ट मल, गड्यौला मल बनाउन आवश्यक **तालिम**सहित प्रोत्साहित गरिनेछ ।

३५. नगर क्षेत्रभित्र तरकारी सङ्कलन केन्द्रहरू स्थापना गरी स्थानीय कृषकबाट उत्पादन हुने तरकारीहरू बजारमा पठाउने व्यवस्थामा **सहजीकरण** गरिनेछ ।

३६. नगरको उपयुक्त स्थानलाई **कृषि क्षेत्र घोषणा** गरी कृषि उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ ।

## वातावरण तथा सरसफाइ

३७. नगरको फोहोरमैला व्यवस्थापनका लागि घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहोरलाई पुनः प्रयोग गर्ने **आधुनिक प्लान्ट** स्थापनाको कार्य अगाडि बढाइनेछ ।

३८. नगरभित्र प्लाष्टिकको झोलाको प्रयोगलाई निरुत्साहित गरी पुनः प्रयोग गर्न मिल्ने **कागज/कपडाको झोला प्रयोग**मा जोड दिइनेछ ।

३९. भक्तपुर नगरपालिका वडा नं. ७ स्थित पाँचा ख्यलाई आकर्षक **विचरण पार्क**को रूपमा विकास गरिनेछ ।

४०. सिद्धपोखरी, नःपुखु र कमलपोखरी लगायतका ठूला पोखरीहरूमा **नौका विहार** तथा अन्य पोखरीहरूमा माछापालन, वरपरको क्षेत्रमा हरियाली प्रवर्द्धन गरी सौन्दर्य प्रदान गरिनेछ ।

४१. नगरका कालोपत्रे सडकको दुवै पेटीमा, खोलाको दुवै किनारा, खुला क्षेत्र, पीठ परिसर आदि क्षेत्रमा **वृक्षारोपण** गरी स्वच्छ, सुन्दर, सफा र हरियालीयुक्त नगरको विकास गर्दै लगिनेछ ।

४२. नगरवासीहरूलाई सम्पदा क्षेत्र, सडक, चोक, गल्ली तथा खुला ठाउँमा फोहोरमैला फाल्न निरुत्साहित गरिनेछ । साथै आफ्नो ठाउँ आफै सफा गर्ने **नागरिक भावना विकास** गराउन उत्साहित गर्ने उद्देश्यले नगरपालिकाले हरेक महिनाको १ र १५ गते जनप्रतिनिधि, कर्मचारी, स्थानीय टिम, क्लव र स्थानीयवासीको उपस्थितिमा नगरका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला, पोखरी सरसफाइ कार्यलाई निरन्तरता दिइनेछ ।

## विकास निर्माण

४३. भक्तपुर नपा वडा नं. १ स्थित ऐतिहासिक रानीपोखरी, भाज्या पुखुको पुनः निर्माण कार्य र २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको दरबार स्क्वायरस्थित वत्सला मन्दिर, भक्तपुर नपा ५ स्थित च्यासिंद्यो, हाडा छेँ, चपाल भैरव द्योछेँ **पुनः निर्माण** कार्य सम्पन्न गरिनेछ ।

४४. दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय भवन रहेको न्ह्यकं झ्य दरबार, भक्तपुर नगरपालिकाको पुरानो नगरपालिका रहेको थंथु दरबार **पुनः निर्माण**को लागि नेपाल सरकार पुरातत्त्व विभागसित समन्वय गरी प्रक्रिया अगाडि बढाइनेछ ।

४५. दरबार क्षेत्रस्थित पहिले भक्तपुर नगरपालिकाको नक्सा शाखा रहेको भवन भूकम्पबाट क्षतिग्रस्त भएको हुँदा यो आर्थिक वर्षमा त्यसको **पुनःनिर्माण**को कार्य प्रारम्भ

गरिनेछ ।

४६. भक्तपुर नपा वडा नं. ४ स्थित नरसिंह मन्दिरको पुनः निर्माण कार्य सुरु गरिनेछ भने दरबार स्क्वायरस्थित लापाँ देगको पुनः निर्माणको लागि **विस्तृत अध्ययन** सुरु गरिनेछ ।

४७. **जगन्नाथ क्षेत्र**को अध्ययनको लागि इतिहास, संस्कृति र पुरातत्त्व विज्ञहरूको एक विज्ञ टोली गठन गरी अध्ययन अनुसन्धान प्रक्रिया अगाडि बढाइनेछ ।

## युवा तथा खेलकुद

४८. भक्तपुर नगरपालिकाले नगरवासी युवाहरूलाई खेलकुद क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने उद्देश्यले फुटबल, भलिबल, टेबुलटेनिस, सितेरियो कराँते, बक्सिङ, जिम्नेस्टिकजस्ता खेलहरूमा नियमित प्रशिक्षण दिँदै आएकोमा **थप खेलहरूको प्रशिक्षण** शुरु गरिनेछ । साथै विद्यालय स्तरमा खेल प्रशिक्षण गर्ने उद्देश्यले पूर्णकालीन प्रशिक्षकहरूलाई आवश्यकताअनुसार क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

४९. महेश्वरी **खेल मैदान**लाई रंगशालाको रूपमा विकास गरिनेछ । शहीद स्मृति खेल मैदानलाई व्यवस्थित गरिनेछ । नगरभित्रका अन्य खेल मैदानहरूको स्तरोन्नती गरिनेछ ।

५०. भक्तपुर नपा वडा नं. ८ मा **खेलकुद प्रशिक्षण भवन** निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइनेछ भने भक्तपुर नपा वडा नं. १० मा टेबुलटेनिस प्रशिक्षण केन्द्रको भवन पुनः निर्माण गरिनेछ ।

५१. विद्यालय/कलेजहरूबीच विभिन्न खेलहरूको समय–समयमा अन्तरविद्यालय/ अन्तरकलेज **प्रतियोगिता** गरी खेलाडीहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५२. प्रत्येक वर्ष एउटा **खेलको अन्तर नगर प्रतियोगिता** सम्पन्न गर्ने नीतिअनुसार खेलकुद समितिका साथीहरूको सल्लाह र सुझावअनुसार कुनै एक खेलको अन्तर नगर प्रतियोगिता सम्पन्न गरिनेछ । साथै विद्यालय स्तरको राष्ट्रपति कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

५३. विभिन्न खेल विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पुरस्कृत हुने खेलाडी, प्रशिक्षक, निर्णायकहरूलाई **सम्मान** गरिनेछ ।

५४. बाल बच्चादेखि ज्येष्ठ नागरिकहरू समेतको शारीरिक र मानसिक विकासको लागि वडा वडामा राखिएका शारीरिक व्यायाम स्थलहरूको विस्तार गरी विद्यालय र कलेजहरूमा समेत विस्तार गरिनेछ । **शारीरिक व्यायामशाला** सञ्चालन सम्बन्धी कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

५५. विद्यालयका छात्रा तथा शिक्षिकाहरूलाई केन्द्रित गरी **आत्मरक्षा सम्बन्धी तालिम**को व्यवस्था गरिनेछ । विद्यालयका शिक्षकहरूलाई पाठ्यपुस्तकमा उल्लेखित खेलहरूको आधारभूत तालिम प्रदान गरिनेछ ।

५६. वडा खेलकुद समितिलाई सक्रिय बनाई खेलकुद प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्न **प्रोत्साहित** गरिनेछ ।

## पर्यटन

५७. आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्यले अगाडि बढाइएको भक्तपुर महोत्सव कोरोना भाइरस (कोभिड–१९) रोगको कारण अन्तिम समयमा स्थगित गर्नुपरेको कुरालाई ध्यानमा राखेर यो आर्थिक वर्षमा **विभिन्न उत्सव**हरूको आयोजना गरिनेछ ।

५८. महिनाको पूर्णिमाको दिन सन्ध्याकालीन **सांस्कृतिक सम्पदा पदयात्रा** सञ्चालन गरी आन्तरिक एवं बाह्य पर्यटन प्रबर्द्धनका गतिविधिहरू अगाडि बढाइनेछ ।

५९. पर्यटन व्यवसायी, होटेल व्यवसायी र विज्ञहरूसँग सल्लाह गरी भक्तपुरमा आन्तरिक पर्यटन प्रबर्द्धन कार्यका लागि प्याकेज सहितको **पर्यापर्यटन** (Ecotourism) सेवा सञ्चालन गरिनेछ र स्थानीय पथ प्रदर्शकहरूको परिचालनमा जोड दिइनेछ ।

६०. नगर क्षेत्रभित्र उपयुक्त स्थान चयन गरी क्रमशः फेमिली स्टे, होम स्टेको व्यवस्थापनमा जोड दिइनेछ । त्यसको लागि आवश्यक **तालिम**को व्यवस्था गरिनेछ ।

६१. भक्तपुरलाई सुरक्षित पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यअनुरूप नगरका महत्त्वपूर्ण सम्पदा स्थल तथा मूल सडक र चोकहरूमा **सीसी क्यामेरा**को विस्तार गर्दै लगिनेछ ।

६२. युवाहरूलाई पर्यटन व्यवसायमा आकर्षित गर्न चिनियाँ र जापानी **भाषा प्रशिक्षण** दिँदै आएकोमा उर्दु भाषालगायत विदेशी भाषाको समेत तालिम दिई युवाहरूलाई रोजगारीको अवसर प्रदान गरिनेछ ।

६३. नगरभित्रका सहकारी संस्थाहरूसँग समन्वय गरी स्तरीय होटल सञ्चालन गर्ने सम्बन्धमा **सम्भाव्यता अध्ययन**लाई अगाडि बढाइनेछ ।

६४. आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गर्न भक्तपुरको कला र संस्कृति झल्किने तथा यहाँका सम्पदाहरूको **भिडियो डकुमेन्ट्री** बनाई प्रचार प्रसार गरिनेछ ।

## खानेपानी

६५. भक्तपुरवासी जनतालाई खानेपानीको व्यवस्था गर्न निरन्तर नगरपालिकाले प्रयास गर्दै आएको छ । सबै घरमा नियमित पानी पुऱ्याउने व्यवस्थाको लागि उपयुक्त ठाउँहरूमा **श्रोतको खोजी** गरिनेछ । ऐतिहासिक ढुङ्गेधारा, इनार, पोखरीजस्ता परम्परागत पानीका स्रोतहरूको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६६. मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर ल्याउने गरी भक्तपुर नगरपालिका, केयुकेएल र आयोजना कार्यान्वयन

निर्देशनालय (पीआइडी) बीच भएको संयुक्त बैठकको निर्णयअनुसार कार्यान्वयनको लागि **निरन्तर प्रयास** गरिनेछ। विस्तारित शहरी क्षेत्रमा खानेपानी वितरण प्रणाली विस्तार गर्न पहल गरिनेछ।

६७. नगरका उपयुक्त ठाउँहरूमा आकाशेपानी सङ्कलन र प्रशोधनको व्यवस्था गरी वितरणको व्यवस्था मिलाउन काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय गरिनेछ। जमीनमूनिको **पानी पुनर्भरण** (Ground Water Recharge) मा नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ।

६८. खानेपानी वितरण प्रणालीमा थप सुधारका लागि विद्यमान **पाइपको सुधार** एवं आवश्यकता अनुसार नयाँ पाइप बिछ्याउने कार्यमा विशेष ध्यान दिइनेछ।

६९. नगरपालिकाभित्रका विद्यालयहरूमा **शुद्ध खानेपानी**को व्यवस्थामा जोड दिइनेछ।

## ट्राफिक व्यवस्थापन

७०. नगरभित्र सवारीसाधनको चाप बढ्दै गएको र जथाभावी पार्किङले नगरको सौन्दर्यतामा नकारात्मक असर परिरहेको हुँदा निश्चित ठाउँहरू तोकी व्यवस्थित **सःशुल्क पार्किङ**को बन्दोबस्त गरिनेछ।

७१. सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सवारी नियम सम्बन्धमा प्रचलित कानुनी बन्दोबस्तबारे चालक तथा सहचालकहरूलाई **अभिमुखीकरण** गरिनेछ।

७२. ट्राफिक नियम सम्बन्धमा स्थानीय जनतामा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै यसलाई स्थानीय पाठ्यक्रममा पनि **समावेश** गर्न पहल गरिनेछ।

## बजार अनुगमन

७३. उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले बजार अनुगमनलाई निरन्तरता दिँदै जानेछ। स्वास्थ्यलाई हानी पुऱ्याउने, कुनै व्यवसायीले निहित स्वार्थ पूरा गर्न कानुनविपरीत म्याद नाघेका, कुहिएका वा अखाद्य पदार्थ मिसाइएका माल सामान, खाद्यान्न वा कुनै उपभोग्य वस्तु बिक्री गर्नेलाई प्रहरी प्रशासनको समन्वयमा कानून बमोजिम **कडा कारबाही** गरिनेछ।

## सहकारी

७४. नगरभित्र सञ्चालित सहकारी संस्थाहरूको **अनुगमन र तालिम**को व्यवस्था गरिनेछ।

७५. 'एक विद्यालय एक सम्पदा' सरसफाइ अभियान सञ्चालन गर्दै आएकोमा आ.व. २०७७/७८ देखि सहकारीहरूसँग समन्वय गरी **'एक सहकारी एक क्षेत्र सरसफाइ'** को नीतिलाई क्रमशः कार्यान्वयन गरिनेछ। सम्पदाहरूको पुनः निर्माण वा जीर्णोद्धारको क्रममा सहकारी सदस्यहरूबाट श्रमदान गर्ने नीतिलाई अगाडि बढाइनेछ।

७६. नगरभित्र सञ्चालित सहकारी संस्थाहरूलाई उत्पादनमूलक गतिविधिमा लगानी बढाउन नपाको तर्फबाट सहकारी विकास कोष खडा गरी प्रोत्साहित गरिनेछ। **विषयगत सहकारी संस्था** प्रबर्द्धनमा विशेष जोड दिइनेछ।

## आवास योजना

७७. भक्तपुर नपा वडा नं. २ र ६ मा सञ्चालित देको मिवा इटापाके आवास योजनाको बाँकी कार्य सम्पन्न गर्दै स्थानीय उपभोक्ताहरूलाई क्रमशः **जग्गा फिर्ता** गरिनेछ। साथै आयोजनालाई शीघ्र सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ। भक्तपुर नपा वडा नं. ९ मा सञ्चालित तुमचो दुगुरे आवास योजना चालु आ.व. मा सम्पन्न गरी त्यसको बाँकी काम नगरपालिकाले गर्ने गरी आयोजना बन्द गरिनेछ।

## सूचीकरण

७८. नगरभित्रका डकर्मी, लोहँकर्मी, सिकर्मीलगायतका कालिगड र कलाकारहरूको **सूचीकरण** गरिनेछ। सम्पदा र पूर्वाधार निर्माणमा सूचीकृत कालिगड तथा कलाकारहरूलाई प्राथमिकता दिइनेछ। देशका विभिन्न स्थानबाट कालिगड तथा कलाकारहरूको माग भएमा सूचिकृतहरूमध्येबाट पठाइने व्यवस्था मिलाइनेछ।

७९. डकर्मी र सिकर्मीहरूलाई नयाँ तथा भूकम्प प्रतिरोधी प्रविधिमैत्री **भवन निर्माण**सम्बन्धी तालिम दिइनेछ।

## युवा लक्षित तालिम

८०. नगरभित्रका दक्ष युवा जनशक्तिको सूचीकरण गरी नगरको समग्र विकासका साथै देशका विभिन्न जिल्लाहरूमा आवश्यकता अनुसार **दक्ष जनशक्ति** परिचालनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारहरूसँग समन्वय गरिनेछ।

८१. युवाहरूलाई सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाउने नीति लिइनेछ। काष्ठकला, प्रस्तरकला, मूर्तिकला, चित्रकला, सिलाई, रेडियो-टेलिभिजन प्रस्तोता, फोटोग्राफी, भिडियोग्राफी, पथ प्रदर्शकलगायत विषयका तालिम दिइनेछ। मोटरसाइकल, मोबाइल मर्मत, रेडियो टेलिभिजन मर्मत, रेफ्रिजेरेटर मर्मत, प्लम्बिङ्, बिजुली बत्ती मर्मतलगायतका तालिम दिई युवाहरूलाई **स्वरोजगार** बनाइनेछ।

८२. युवाहरूलाई कृषि, पर्यटन, घरेलु तथा साना उद्योग सञ्चालन गर्न सक्षम जनशक्ति तयार गर्न **सीपमूलक तालिम**हरू सञ्चालन गरिनेछ।

८३. नगरवासी युवा तथा विद्यार्थीहरूलाई आगलागी, बाढी, भूकम्पलगायतका प्राकृतिक प्रकोप तथा महामारी रोगविरुद्ध गतिविधिमा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले प्रकोप व्यवस्थापन सम्बन्धी **तालिम** सञ्चालन गरिनेछ।

## चौपाया तथा पशुपंक्षी नियन्त्रण

८४. सडकमा जथाभावी गाईगोरु, बंगुर-सुंगुर, बाख्राजस्ता

जीवजन्तुहरू छाडा छाड्नेहरूलाई **कडा कारबाही**को नीति लिइनेछ र भुस्याहा कुकुर नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८५. कुकुर पाल्ने नगरवासीहरूलाई सम्पदा क्षेत्र, नगरको चोक, गल्ली र सडकहरूमा जथाभावी फोहोर गर्न निरुत्साहित गरिनेछ । साथै **कुकुर पाल्ने** नगरवासीहरूले वडा कार्यालयमा कुकुर पालन सम्बन्धी अनुमति लिनुपर्ने व्यवस्था लागू गरिनेछ ।

८६. युवा स्वरोजगार कार्यक्रममार्फत **युवा उद्यमशीलता** विकास गर्ने प्रयास गरिनेछ ।

## पर्ती जग्गा संरक्षण

८७. नगरभित्र विभिन्न ठाउँमा रहेका पर्ती, सार्वजनिक, सरकारी तथा नगरपालिकाको आफ्नै जग्गा संरक्षण गरी अधिकतम् उपयोग गरी **आय आर्जन**को श्रोत बनाइनेछ ।

## अन्य

८८. २०७२ को भूकम्पले त्रिपरासुन्दरीस्थित अरनिको सभाभवन क्षतिग्रस्त भएपछि कार्यक्रम गर्न समेत जनताले समस्या भोग्दै आएको हुँदा भक्तपुर नपा वडा नं. ६ देकोचास्थित जग्गामा यो वर्ष **अरनिको सभाभवन निर्माण** शुरु गरिनेछ ।

८९. नगरको उपयुक्त स्थानमा **आदर निकेतन** दिवा सेवा यसै आर्थिक वर्षदेखि सुरु गरिनेछ ।

९०. दृष्य प्रदूषण घटाउन नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी नगरका विभिन्न ठाउँहरूमा छरपष्ट रहेका **तारहरू भूमिगत** बनाउने कार्यलाई मुख्य बजार क्षेत्रमा पहिलो चरणमा सम्पन्न गरिनेछ ।

९१. स्थानीय महिला दिदी बहिनी तथा ज्येष्ठ नागरिकहरूलाई **साक्षरता कक्षा** र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. कागजलगायत विभिन्न खेर गइरहेको पुनः प्रयोग गर्न मिल्ने वस्तुहरूलाई पुनः प्रयोगमा ल्याउने प्रक्रियालाई अगाडि बढाइनेछ । नगरपालिका र मातहतका सबै कार्यालयहरूमा **पुनः प्रयोग** विधिबाट निर्मित सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

९३. नगरभित्रका कार्यालय, सङ्घसंस्था, शिक्षण संस्था र नगरवासीहरूलाई **स्थानीय उत्पादन** प्रयोगमा उत्साहित गराइनेछ ।

९४. नगरपालिकाले गर्ने निर्माण तथा कार्यालय सामानहरू, फर्निचरका सामानहरू स्थानीय व्यवसायीहरूसँग उपलब्ध भएसम्म **स्थानीयसँगै खरिद** गर्ने नीतिलाई अगाडि बढाइनेछ । यसबाट स्थानीय व्यवसाय प्रवर्द्धन हुनेछ ।

९५. ख्वप एफएम तथा ख्वप टेलिभिजनको **रेकर्डिङ्ग स्टुडियो** निर्माण गरिनेछ ।

९६. नगरपालिका क्षेत्रभित्रका घरहरूको अभिलेखीकरण तथा तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले वैज्ञानिक विधिबाट **घर नम्बरिङ** कार्य थालनी गरिनेछ ।

९७. नगरपालिकाद्वारा सञ्चालित कलेजहरू र विद्यालयहरूमा विशिष्टिकृत **कानुनी कक्षा** सञ्चालन गरिनेछ ।

९८. सर्वसाधारण जनतामा कानुनी ज्ञान दिलाउन वडास्तरमा लेखापढी सम्बन्धी तथा आधारभूत **कानुनी साक्षरता** कक्षा सञ्चालन गरिनेछ ।

९९. साना तथा घरेलु उद्योगबाट निस्कने धूलो, धुवाँ न्युनीकरण गर्न यसबारे सम्बन्धित व्यवसायीहरूसँगको समन्वयमा अनुसन्धान गरी स्वास्थ्यमा कुनै किसिमको हानी नपुग्ने गरी **आधुनिक प्रविधि**को प्रयोग गर्न व्यवसायीहरूलाई उत्साहित गरिनेछ ।

१००. साना तथा घरेलु उद्योगको उत्पादनलाई प्रोत्साहित गर्दै भक्तपुरको जुजु धौ, भादगाउँले टोपी, घरबुना कपडा, ताइच्यून चिउरा, हाकुपटासी **प्रवर्द्धन गर्ने** नीति लिइनेछ ।

१०१. भूकम्प पीडितलाई नक्सा पासमा दिइँदै आएको छुटलाई निरन्तरता दिइनेछ । साथै पुरानो नगर क्षेत्रमा मौलिक शैलीमा घर बनाउने घरधनीहरूलाई मोहडामा लाग्ने ईँटा, काठ र झिँगटीको लागि लाग्ने खर्चको ३५ प्रतिशत **अनुदानलाई निरन्तरता** दिइनेछ ।

१०२. मासुजन्य पदार्थ बिक्री वितरणलाई व्यवस्थित गर्न खुल्ला स्थानमा पशुवध गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । नगरको उपयुक्त स्थानमा **पशु वधशाला**को निर्माण गरिनेछ ।

१०३. नगरको सुन्दरतालाई असर पर्नेगरी होर्डिङ बोर्ड, तुल ब्यानर, पम्प्लेट आदिलाई निरुत्साहित गर्दै सम्पदा क्षेत्र बाहेकका स्थानमा निश्चित मापदण्डको आधारमा **विज्ञापन सामग्री** राख्न दिइनेछ ।

१०४. घुम्ती तथा फुटपाथ पसललगायत सडक आवागमनमा अवरोध हुनेगरी सामान थुपार्ने र बिक्री गर्ने कार्यलाई **क्रमशः निषेध** गर्दै लगिनेछ ।

१०५. महामारीको रूपमा फैलिएको कोभिड–१९ को असर समेतलाई मध्यनजर गरी करमा छुट लगायतका सुविधा प्रदान गरी **करको दायरा** वृद्धिमा जोड दिइनेछ ।

१०६. करदाता तथा नगरवासीहरूले घरघरबाटै सूचना प्राप्त गर्न सक्ने, सेवा लिन सक्ने तथा कर तिर्न सक्ने समेतको व्यवस्थाको लागि आधुनिक **सूचना प्रविधि**को प्रयोगमा जोड दिइनेछ ।

१०७. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) र गैरसरकारी संस्था (एनजीओ) ले भक्तपुर नगरपालिकाको **अनुमतिमा** मात्रै नगरपालिका क्षेत्रमा कार्य गर्ने व्यवस्था गरिनेछ ।

*(मिति : २०७७।३।७ गते)*

# आ.व. २०७७/७८ को अनुमानित बजेट

## भक्तपुर नगरपालिकाको सातौं नगरसभाको बैठकमा उपप्रमुख रजनी जोशीले प्रस्तुत गर्नुभएको आ.व. २०७७/७८ को अनुमानित बजेटको पूर्णपाठ –

**भक्तपुर नगरपालिकाको सातौं नगरसभाका सभाध्यक्षज्यू, नगरसभा सचिवज्यू एवं सम्पूर्ण नगर सभासद्ज्यूहरू,**

सर्वप्रथम विभिन्न जनआन्दोलन र सङ्घर्षहरूमार्फत जनताको अधिकार सुनिश्चित गर्ने क्रममा जीवन बलिदान गर्नुभएका प्रातः स्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै जनआन्दोलनमा घाइते हुनुभएका, प्रवास र भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड–१९) रोगको सङ्क्रमण नेपालमा पनि दिनानुदिन बढिरहेको अवस्थामा यस रोगको जोखिम न्यूनीकरणका लागि अग्रमोर्चामा सङ्घर्ष गरिरहनुहुने सबै स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मीलगायत यस नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

स्थानीय तह निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी जनप्रतिनिधिहरूले नगरबासीमाझ घोषणापत्रमार्फत प्रतिवद्धता व्यक्त गरे अनुसार निरन्तर जनताको सेवा गरिरहेका छौं । ऐतिहासिक नगरी भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रूपमा विकास गर्ने तथा शिक्षा र स्वास्थ्य उपचारको क्षेत्रमा र भक्तपुरलाई आन्तरिक एवं बाह्य पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यसहित हामी अघि बढिरहेका छौं ।

**सभाध्यक्ष महोदय,**

भक्तपुर नगरपालिकामा हामी जनप्रतिनिधि बहाली भएको चौथो आर्थिक वर्ष २०७७/७८ को बजेट पेश गर्दै गर्दा यस आर्थिक वर्षको बजेटमा विश्वभरि नै आतङ्कित बनाएको कोरोना भाइरस (कोभिड–१९) रोगको महामारीको असर परेको छ । यस महामारीको कारणले देशभर ३ महिनासम्म बन्दाबन्दी रह्यो र अहिले सरकारले बन्दाबन्दीलाई केही खुकुलो पारेको अवस्था मात्र हो । यस्तो विषम परिस्थितिमा यथासम्भव जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्यसहितको बजेट निर्माण गर्ने प्रयास गरेका छौं । प्रतिकूल अवस्थाका कारण हामीले प्रक्षेपण गरे अनुरूप कर उठाउन नसकेको अवस्थामा हरेक




उपप्रमुख रजनी जोशी

क्षेत्रमा मितव्ययीता अपनाई यस आर्थिक वर्षको बजेट निर्माण गरेका छौं ।

चालू आ.व. २०७६/७७ का लागि नगरपालिकाले विनियोजन गरेको वार्षिक आय र व्ययको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्दछु :

**आयतर्फ :**

यस नगरपालिकाको चालू आ.व.का लागि कूल बजेट २ अर्ब १३ करोड १० लाख रूपैयाँ विनियोजन गरिएको थियो । आयतर्फ बाह्य स्रोतबाट जम्मा १ अर्ब २२ करोड ४० लाख आम्दानी हुने अनुमान गरिएकोमा २०७७ जेठ मसान्तसम्ममा जम्मा ८२ करोड ३४ लाख ४९ हजार आम्दानी भयो जुन अनुमान गरिएकोको ६७.३६ प्रतिशत हुन आउँछ । चालू आ.व.को असार मसान्तसम्ममा बाह्य स्रोतबाट ९१ करोड ६० लाख ९४ हजार आम्दानी हुने संशोधित अनुमान छ, जुन ७४.८४ प्रतिशत हुन आउँछ ।

नगरपालिकाद्वारा सञ्चालित आवास योजना समयमै सम्पन्न गर्ने हेतुले नगरपालिकाले चालू आ.व.मा ऋण सहयोगवापत रु.२५ करोड आम्दानी गर्ने लक्ष्य राखिएकोमा आयोजनासँग रहेको बाँकी मौज्दातबाट नै कार्य सञ्चालन भएको हुँदा ऋण लिन आवश्यक भएन ।

आन्तरिक स्रोततर्फ नगरवासीहरूबाट विभिन्न कर दस्तुरवापत उठ्ने रकम र पर्यटक सेवा शुल्कमार्फत सङ्कलन हुने रकम समेत कूल रकम ४२ करोड तथा नगरपालिकाको

स्वामित्वमा रहेको जग्गा बिक्रीबाट आउने रकम २० करोड गरी जम्मा ६२ करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिएकोमा चालू आ.व.मा नगरपालिकाको स्वामित्वमा रहेको जग्गा बिक्री गरिएन । २०७७ जेठ मसान्तसम्ममा आन्तरिकतर्फ २६ करोड २८ लाख ५५ हजार रूपैयाँ आम्दानी भयो जुन अनुमानितको ४२.४० प्रतिशत हुन आउँछ । कोभिड–१९ रोगको महामारीको जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले देशभरि बन्दाबन्दी (लकडाउन) लागू गरेको कारण पर्यटकहरूको आवागमन ठप्प भयो । पर्यटन क्षेत्रको हकमा विश्वभर नै नकारात्मक असर परेको अवस्थामा भक्तपुर नगरपालिका पनि अछुतो रहेन । फलस्वरूप पर्यटन शुल्क ३० करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिए पनि चालू आ.व.को जेठ मसान्तसम्ममा १७ करोड २४ लाख ६५ हजारमात्र आम्दानी भयो ।

चालू आ.व.को जेठ मसान्तसम्म नगरपालिकाको बाह्य तथा आन्तरिक स्रोतबाट कूल १ अर्ब ८ करोड ६३ लाख ४ हजार आम्दानी भयो भने असार मसान्तसम्ममा १ अर्ब १८ करोड ३५ लाख ९४ हजार आम्दानी हुने संशोधित अनुमान छ ।

**व्ययतर्फ**

**चालू अन्तर्गत** :

चालू आ.व. २०७६/७७ का लागि चालूतर्फ ९९ करोड ८० लाख रूपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ७० करोड ९३ लाख १७ हजार अर्थात ७१.०६ प्रतिशत खर्च भयो । चालू आ.व.को असार मसान्तसम्ममा चालूतर्फ ७७ करोड ३८ लाख १ हजार खर्च भई चालूतर्फको कूल विनियोजित व्ययको ७७.४५ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

**पूँजीगत अन्तर्गत** :

चालू आ.व. २०७६/७७ का लागि सम्पदा पुनः निर्माणतर्फ रु. ९ करोड ९४ लाख ३२ हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा १२ वटा आयोजनाहरू सम्पन्न भई रु. १ करोड १८ लाख २८ हजार खर्च भयो र २० वटा योजना हाल सञ्चालित छन् । चालू आ.व.को असार मसान्तसम्ममा सम्पदा पुनः निर्माणमा रु. ३ करोड ७४ लाख ९० हजार खर्च हुने संशोधित अनुमान गरिएको छ ।

चालू आ.व.मा नगरस्तरीय विकास निर्माणका योजनाहरूमा रु. २ करोड ४९ लाख ४४ हजार खर्च भएको छ भने असार मसान्तसम्ममा थप ४६ वटा योजनाहरू सञ्चालन भई ६ करोड २३ लाख २३ हजार खर्च हुने संशोधित अनुमान छ ।

चालू आ.व.मा वडास्तरीय योजनाको लागि दशवटै वडामा ५० लाखको दरले ५ करोड रूपैयाँ विनियोजन भएकोमा जेठ मसान्तसम्ममा सबै वडामा अधिकांश वडास्तरीय योजनाहरू सम्पन्न भई ४ करोड ९२ लाख रूपैयाँ अर्थात ९८.४० प्रतिशत खर्च भएको छ ।

सडक बोर्ड अन्तर्गत दशवटै वडामा सडक मर्मतका लागि रु. १ करोड विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ७४ लाख ५७ हजार खर्च भएको छ भने असार मसान्तसम्ममा सबै योजना सम्पन्न भई शत प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि सङ्घीय सरकारबाट चालू आ.व.मा १७ करोड ६५ लाख बजेट विनियोजन भएकोमा वडा कार्यालयहरूमार्फत चालू आ.व.मा तीन किस्तामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जम्मा १८ करोड ५३ लाख ९७ हजार अर्थात १०४.९७ प्रतिशत खर्च भई नपुग रकम सङ्घीय सरकारबाट सोधभर्ना माग गरिएको छ ।

नगरपालिका अन्तर्गत विभिन्न विषयगत समितिहरूका लागि चालू आ.व.मा रु. ८ करोड ९ लाख विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा ३ करोड ५४ लाख ९५ हजार अर्थात ४३.८७ प्रतिशत खर्च भयो ।

सशर्त अन्तर्गत २६ करोड ४५ लाख रूपैयाँ बजेट विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा कूल १९ करोड ९९ लाख ७९ हजार अर्थात ७५.६० प्रतिशत खर्च भयो ।

यस हिसावले चालू आ.व.मा पूँजीगततर्फ कूल रु. १ अर्ब १३ करोड ३० लाख रूपैयाँमध्ये विकास निर्माण र सम्पदा पुनः निर्माणतर्फ रु. ७२ करोड ९१ लाख १० हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा यथार्थ खर्च रु. ४८ करोड २१ लाख ९५ हजार खर्च भयो । चालू आ.व.को असार मसान्तसम्ममा पूँजीगततर्फ रु. ५१ करोड ७६ लाख ६२ हजार खर्च भई खर्च ७०.९९ प्रतिशत हुने संशोधित अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

यस गरिममामय नगरसभामा आर्थिक वर्ष २०७७।७८ का लागि नगरपालिकाको वार्षिक बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७७।७८ का लागि यस नगरपालिकाको आर्थिक विधेयक २०७७ र विनियोजन विधेयक २०७७ को विस्तृत विवरण एवं स्वीकृत योजनाहरू अनुसूची १, २ र ३ मा समावेश गरिएको छ ।

नगरपालिकाको आफ्नै स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै ऋण सापटी र नगरपालिकाको जग्गा बिक्रीसमेत गरी आ.व. २०७७/७८ को लागि रु. १ अर्ब ८२ करोड ४० लाख अनुमान गरिएको छ ।

**आयतर्फ** :

आ.व. २०७७/७८ का लागि बाह्य स्रोतबाट जम्मा रु. ९९ करोड २९ लाख २४ हजार आम्दानी हुने अनुमान गरिएको छ। जसमध्ये सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकमा रु. ५४ करोड ४५ लाख अनुमान गरिएको छ भने सामाजिक सुरक्षा भत्तावापत रु. २३ करोड र सडक बोर्डमार्फत रु. ५० लाख आम्दानी हुने अपेक्षा गरिएको छ।

बागमती प्रदेश सरकारबाट यस नगरपालिकामा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकमा जम्मा रु. ६ करोड ५४ लाख २२ हजार प्राप्त हुने अनुमान गरिएको छ।

सङ्घ तथा प्रदेश सरकारबाट मालपोत तथा सवारी करवापत राजश्व बाँडफाँडबाट रु. १४ करोड ९० लाख २ हजार आम्दानी हुने अनुमान गरिएको छ। त्यस्तै जिल्ला समन्वय समिति, भक्तपुरबाट ४ करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

आगामी आ.व.का लागि नगरपालिकाबाट सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्ने हेतुले २५ करोड रूपैयाँ बैंक ऋण प्राप्त हुने अनुमान गरिएको छ।

त्यस्तै आन्तरिक आयतर्फ नगरवासीहरूबाट विभिन्न शीर्षकमा कर दस्तुरवापत उठ्ने रकम, व्यवसाय कर, पर्यटकहरूबाट उठ्ने रकमलगायतबाट ३३ करोड ३९ लाख र नगरपालिकाको जग्गा बिक्रीबाट १३ करोड गरी कूल ४६ करोड ३९ लाख रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) का कारण समग्र अर्थतन्त्रमा मात्र नभई नगरवासीहरूको आर्थिक कृयाकलापमा पनि गम्भीर नकारात्मक प्रभाव परेको वर्तमान अवस्थालाई मध्यनजर गरी यो आर्थिक वर्षमा आन्तरिकतर्फ आयको स्रोत अनुमान गर्ने सन्दर्भमा नगरवासीहरूको राय सुझाव तथा स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतलाई आधार मानी साविकको करका शीर्षकहरूमध्ये अधिकांशमा यथावत नै राखिएको छ। केही आवश्यक करका शीर्षकहरूको दर तथा दायरामा संशोधन तथा थप प्रस्ताव गरिएको छ। करको दर पुनरावलोकन गर्दा नगरवासीहरूलाई कममात्र आर्थिक भार पर्ने गरी सहुलियत र छुट दिन सकिने कुराहरूलाई ध्यान दिइएको छ।

**व्ययतर्फ** :

२०७७ असार ७ गते प्रस्तुत तथा असार ९ गते नगरसभाबाट पारित गरिएको नीति तथा कार्यक्रमको आधारमा चालू र पूँजीगत खर्च गरी निम्न शीर्षकहरूमा रु. १ अर्ब ८२ करोड ४० लाखको कूल बजेट विनियोजन गरिएको छ।

चालूतर्फ खर्चका लागि ३९ करोड ८९ लाख ७६ हजार रूपैयाँ विनियोजन गरिएको छ। यसमध्ये प्रकोप व्यवस्थापन कोषका लागि ५० लाख रूपैयाँसमेत व्यवस्था गरिएको छ। स्थानीय तह सशर्त चालू खर्चतर्फ विभिन्न शीर्षकमा ३४ करोड ३ लाख १३ हजार रूपैयाँ, सामाजिक सुरक्षा भत्तामा २३ करोड र नगरपालिका अन्तर्गत गठित विभिन्न समिति खर्च शीर्षकमा ८ करोड ७४ लाख रूपैयाँ विनियोजन गरिएको छ। यस हिसावले कूल चालू खर्चका लागि रु. १ अर्ब २ करोड ६६ लाख ८९ हजार रूपैयाँ विनियोजन गरिएको छ।

कोभिड–१९ रोग सङ्क्रमणको विषम परिस्थितिमा नगरपालिकाको चालू खर्चलाई मितव्ययी बनाउने प्रयास गरिएको छ। नगरपालिकाका जनप्रतिनिधिहरूले यो आर्थिक वर्षमा नगरपालिकाको खर्चमा विदेश भ्रमण नगर्ने र देशभित्रका विभिन्न जिल्लामा भ्रमण गरिँदाको भ्रमण भत्ता तथा समितिहरूको बैठक भत्ता आधा घटाउने समेत व्यवस्था गरेका छौं। त्यस्तै नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई पनि चालू आ.व.सम्म दिइँदै आएको खाजा भत्ता र पोशाक भत्तावापतको रकम वर्तमान संवेदनशील अवस्थालाई मध्यनजर गरी नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाई समितिको तर्फबाट यो वर्ष नलिने निर्णय गरिएको जानकारी समेत प्राप्त भएको यस सम्मानित नगरसभामा प्रस्तुत गर्दछौं। यसबाट नगरपालिकाको चालू खर्चमा रु. १ करोड २६ लाख रूपैया बचत हुने देखिन्छ। नगरपालिकाका सबै कर्मचारीहरू तथा नेपाल कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाइ समिति परिवारलाई धन्यवाद ज्ञापन गर्दछौं।

आ.व. २०७७/७८ का लागि पूँजीगततर्फ रु ७९ करोड ७३ लाख ११ हजार विनियोजन गरिएको छ जसमध्ये नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आयोजना समयमै सम्पन्न गर्न २५ करोड रूपैयाँ विनियोजन गरिएको छ। नगरपालिकाबाट विगत वर्षदेखि सञ्चालित क्रमागत विकास योजनाहरु सम्पन्न गर्न यो वर्ष १५ करोड २५ लाख रूपैयाँ विनियोजन गरिएको छ, जसमा निर्माणाधीन ख्वप अस्पताल भवनका लागि १० करोड २० लाख रूपैयाँ एवं सङ्घीय तथा बागमती प्रदेश सरकारबाट समपूरक र विशेष अनुदानका लागि छनौट गरिएका योजनाहरूका लागि २ करोड ५० लाख रूपैयाँ समेत समावेश गरिएको छ। सम्पदा पुनः निर्माण अन्तर्गतका क्रमागत योजनाहरू सञ्चालनका लागि यो वर्ष रु. ५ करोड ५ लाख विनियोजन गरिएको छ। नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे जग्गा एकीकरण

आयोजनाको कार्यालय यो वर्षदेखि बन्द गरिनेछ । त्यस क्षेत्रका केही क्रमागत योजनाहरू सम्पन्न गर्न यो वर्ष २ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

यो वर्ष ठूलो आकारको बजेट खर्च हुने र बहुवर्षीय योजनाहरूभन्दा एकै वर्षमा सम्पन्न हुने र छिटो प्रतिफल प्राप्त गर्न सकिने नयाँ योजनाहरूलाई प्राथमिकता क्रममा राखिएको छ । नगरपालिकाको आफ्नै स्रोतबाट सञ्चालन हुने र सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक एवं विशेष अनुदानका योजनाहरू सञ्चालन गर्न यो वर्ष २० करोड ९५ लाख रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै वडास्तरका योजनाहरू सञ्चालन गर्न विगत वर्षझैं यो वर्ष पनि प्रति वडा रु. ५० लाखको दरले जम्मा ५ करोड रूपैया र सडक बोर्ड अन्तर्गतका योजनाहरू सञ्चालन गर्न १ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र लगायतका विषयहरूमा उच्च शिक्षा अध्ययन गर्न चाहने र अध्ययनरत नगरवासी विद्यार्थीहरूका लागि नगरपालिकाले विगत वर्षदेखि शैक्षिक ऋण वितरण गर्दै आएकोलाई यो वर्ष पनि निरन्तरता दिँदै यसका लागि ३ करोड रूपैयाँ विनियोजन गरिएको छ । त्यस्तै भक्तपुरको कला, वास्तुकला, संस्कृति, इतिहास, वातावरण, सरसफाइ, पर्यटनलगायतका विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नशीपसँगै अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि अनुदान दिने र विश्वविद्यालय तहमा इतिहास, भूगोल, नेपाल भाषा, संस्कृति पढ्ने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट छात्रवृत्तिको लागि पनि बजेटको व्यवस्था गरिएको छ ।

पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडाका लागि इँटा र काठमा लाग्ने खर्च र झिँगटी छाना निर्माणमा लाग्ने कूल लागत रकमको ३५ प्रतिशत नगरपालिकाको तर्फबाट अनुदान दिने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको छ र यसका लागि ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । ख्वप एफएम र ख्वप टेलिभिजनको रेकर्डिङ स्टुडियो निर्माणका लागि यो वर्ष ५० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

खानेपानी फिल्ट्रेसन तथा पाइप सुधार कार्य, खोला तथा घाट सुधार, पर्ती जग्गा संरक्षण तथा सिमांकन, सडक बत्ती जडान तथा मर्मत, माटो परीक्षण तथा सम्भाव्यता अध्ययन कार्य लगायतका लागि १ करोड ५४ लाख २१ हजार रूपैयाँ विनियोजन गरिएको छ ।

यस हिसाबले कुल बजेटको चालू खर्चतर्फ ५६.२९ प्रतिशत र पूँजीगत खर्चतर्फ ४३.७१ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

नगरपालिकाले आ.व. २०७७/७८ का लागि प्राथमिकताका साथ बजेट विनियोजन गरेका शीर्षकहरू देहाय बमोजिम रहेको सम्मानित नगरसभामा जानकारी गराउँदछौं :

- शिक्षा तथा संस्कृति क्षेत्रमा (नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको बजेटबाहेक) : ३८ करोड १२ लाख ३० हजार रूपैयाँ (२०.९० प्रतिशत)
- स्वास्थ्य क्षेत्रमा (नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रहरूको बजेटबाहेक) : १४ करोड २ लाख रूपैयाँ (७.६९ प्रतिशत)
- सम्पदा संरक्षण तथा विकास निर्माणको क्षेत्रमा : ४२ करोड २३ लाख ११ हजार रूपैयाँ (२३.१५ प्रतिशत)
- फोहोरमैला व्यवस्थापन तथा वातावरण सुधार क्षेत्रमा : ११ करोड ८५ लाख ६८ हजार रूपैयाँ (६.५० प्रतिशत)
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण क्षेत्रमा : २४ करोड ७६ लाख रूपैयाँ (१३.५७ प्रतिशत)
- युवा तथा खेलकुदको क्षेत्रमा : ३ करोड ३६ लाख रूपैयाँ ( १.८४ प्रतिशत)
- कृषि क्षेत्रमा : ७४ लाख रूपैयाँ (०.४५ प्रतिशत)
- खानेपानी क्षेत्रमा : १ करोड ८९ लाख २१ हजार रूपैयाँ ( ०.९८ प्रतिशत)
- नगरभित्रका सामुदायिक विद्यालयहरूमा बालविकास सहजकर्ता (इसीडी शिक्षक) हरूको कार्य मूल्याङ्कन गरी प्रति व्यक्ति प्रतिमहिना रु.४०००।- का दरले थप पारिश्रमिक तथा नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत पूर्व प्रावि तहका विद्यार्थीहरूलाई दिवा खाजावापत अनुदान रकम नगरपालिकाको आफ्नै स्रोतबाट व्यहोर्ने बन्दोबस्त गरिएको छ ।

यस नगरपालिकाले प्रस्ताव गरेका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा सङ्घ र प्रदेश सरकारका कार्यक्रमहरूसँग दोहोरो नपर्नेगरी समन्वय गरी पारदर्शी एवं जवाफदेही हिसावबाट कार्यान्वियनको व्यवस्था गर्नेछौं । यस नगरपालिकामा काम गर्न इच्छुक सङ्घसंस्था तथा विकास साझेदारहरूबाट प्राप्त सहयोग रकमलाई नगरपालिकामार्फत नै एकद्वार प्रणालीबाट कार्यान्वयनको व्यवस्था मिलाइएको छ ।

अन्त्यमा, आ.व. २०७७।७८ का लागि यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा आफ्नो अमूल्य सुझाव दिनुहुने सम्पूर्ण नगरवासी, सङ्घसंस्था तथा कार्यालयहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद !

*(मिति : २०७७।३।१० गते)*

*(यसमा असार मसान्तसम्मको तथ्याङ्क लिंदा केही फरक हुन्न सक्छ ।-सं.)*

# भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७७

## भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम भक्तपुर नगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भक्तपुर नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७७।७८ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७७।७८ को निम्ति नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निम्ति अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,८२,४०,००,०००।- (अक्षेरूपी एक अर्ब बयासी करोड चालिस लाख रूपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ को निम्ति भक्तपुर नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरूको निम्ति विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत समिति/शाखाले गर्ने सेवा र कार्यहरूको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत् साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

| २. माथि उल्लेखित क्षेत्रबाहेक भ.न.पा. अन्तर्गतका अन्य क्षेत्रमा डकुमेन्ट्री शुटिङ्गको लागि नगरप्रमुखले दैनिक रु.८,०००। देखि रु.३०,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु.८,०००। देखि रु.३०,०००। सम्म | दैनिक रु.८,०००। देखि रु.३०,०००। सम्म |
| ख.स्वदेशी निर्माणकर्ताको लागि: | | |
| ख. स्वदेशी निर्माणकर्ताको लागि भ.न.पा. अन्तर्गतका क्षेत्रहरूमा डकुमेन्ट्री शुटिङ्गको लागि नगर प्रमुखले दैनिक रु. ३,०००। देखि रु १२,,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु. ३,०००। देखि रु. १२,०००। सम्म | दैनिक रु. ३,०००। देखि रु. १२,०००। सम्म |
| छ. विज्ञापन छायाँकन | | |
| क. विदेशी लगानीकर्ताको लागि: | | |
| १. दरबार क्षेत्र, टौमढी र दतात्रय क्षेत्रमा विज्ञापनको लागि गरिने छायाँकनको लागि नगर प्रमुखले दैनिक रु.१५,०००। देखि रु.६०,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु.१५,०००। देखि रु.६०,०००। सम्म | दैनिक रु.१५,०००। देखि रु.६०,०००। सम्म |
| २. माथि नं. १ मा उल्लेखित क्षेत्रबाहेक भ.न.पा. अन्तर्गतका अन्य क्षेत्रमा विज्ञापनको लागि गरिने छायाँकनको लागि नगरप्रमुखले दैनिक रु.८,०००। देखि रु.४०,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु.८,०००। देखि रु.४०,०००। | दैनिक रु.८,०००। देखि रु.४०,०००। |
| ख. स्वदेशी निर्माणकर्ताको लागि: | | |
| १. दरबार क्षेत्र, टौमढी र दतात्रय क्षेत्रमा विज्ञापनको लागि गरिने छायाँकनको लागि नगर प्रमुखले दैनिक रु.५,०००। देखि रु.५०,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु.५,०००। देखि रु.५०,०००। सम्म | दैनिक रु.५,०००। देखि रु.५०,०००। सम्म |
| २. माथि दफा १ मा उल्लेखित क्षेत्रबाहेक भ.न.पा. अन्तर्गतका अन्य क्षेत्रमा विज्ञापनको लागि गरिने छायाँकनको लागि नगरप्रमुखले दैनिक रु.३,०००। देखि रु.२५,०००। सम्म दस्तुर लिई अनुमतिदिने । | दैनिक रु.३,०००। देखि रु.२५,०००। सम्म | दैनिक रु.३,०००। देखि रु.२५,०००। सम्म |
| ज.. अन्य छायाँकन | | |
| १. गीत (म्यूजिक भिडियो बनाउने) चलचित्रको गीतबाहेक मात्र छायाँकन गर्न दैनिक दस्तुर निम्नानुसार लिने: | | |
| क. स्वदेशी निर्माताकालागि रु.३,०००। देखि रु.१५,०००। सम्म । | रु.३,०००। देखि रु.१५,०००। सम्म | रु.३,०००। देखि रु.१५,०००। सम्म |
| ख. विदेशी निर्माताकालागि रु. ५,०००। देखि रु.२५,०००। सम्म । | रु. ५,०००। देखि रु.२५,०००। सम्म | रु. ५,०००। देखि रु.२५,०००। सम्म |
| २. समाचारमुलक बाहेक नेपाल टेलिभिजन लगायत अन्य टि.भी. च्यानलका टेलि कार्यक्रम | दैनिक रु.६००। देखि | दैनिक रु.६००। देखि |

| | | |
|---|---|---|
| छायाँकन गर्न दैनिक रु.६००। देखि रु.६,०००। सम्म लिने । | रु.६,०००। सम्म | रु.६,०००। सम्म |
| ३. टेलि चलचित्र छायाँकनको दस्तुर चलचित्र छायाँकन दस्तुरको ५० प्रतिशत दस्तुर लिने । | | |
| ४. उपरोक्त छायाँकनहरू सार्वजनिक स्थानबाहेक व्यक्तिको निजी घर कम्पाउण्डमा छायाँकन गर्दा छायाँकन दस्तुरको ५० प्रतिशत दस्तुर लिने | | |
| ५ नगरभित्र पारिवारिक वा मनोरञ्जनकालागि फोटो खिचाउँदा लाग्ने शुल्क (स्थानीय परम्परागत पोशाक प्रयोग गर्नुपर्दा पोशाक बापत थप रु १०० लाग्नेछ ।) | | ५००।०० |
| २२ . अन्य शुल्क तथा दस्तुर | | |
| १. विद्युतको खम्बा, ट्रान्सफरमर तथा तारको मासिक शुल्क | | |
| क. केन्द्रियविद्युत प्रसारण लाइन प्रतिखम्बा | ३,०००।०० | ३,०००।०० |
| ख. प्रति ट्रान्सफरमर | २,०००।०० | २,०००।०० |
| ग. साधारण खम्बा | १,०००।०० | १,०००।०० |
| घ. सबै किसिमको तारको प्रति मिटर | ०।०५ | ०।०५ |
| २. खानेपानी पाईप विछ्याईएको प्रतिइञ्च प्रति मिटर ०।१० पैसा मासिक शुल्क उठाउने । | | |
| ३. फोहोर बग्ने ढल, मेनहोल र इन्लेट निम्नानुसार दस्तुर लिने: | | |
| क. ढल मासिक प्रति मिटर | ०।१० | ०।१० |
| ख. मेनहोल वार्षिक प्रति वटा | १००।०० | १००।०० |
| ग. इन्लेट वार्षिक प्रति वटा | १०।०० | १०।०० |
| ४. नगरक्षेत्र भित्र विभिन्न सङ्घसंस्था, होटेल आदि विदेशी पर्यटकहरूसँग आयआर्जन गर्ने उद्देश्यले निम्न स्थानहरुमा रात्रीभोज, जलपान आदि कार्यक्रम आयोजना गर्दा प्रतिदिन निम्नानुसार दस्तुर लिने: | | |
| क. दरबार क्षेत्र | | |
| स्वदेशीको हकमा | २,५०,०००।०० | २,५०,०००।०० |
| विदेशी तथा स्वदेशी र विदेशी दुवैको संयुक्तको हकमा | ३,००,०००।०० | ३,००,०००।०० |
| ख. टौमढी क्षेत्र | | |
| स्वदेशीको हकमा | १,७५,०००।०० | १,७५,०००।०० |
| विदेशी तथा स्वदेशी र विदेशी दुवैको संयुक्तको हकमा | २,५०,०००।०० | २,५०,०००।०० |
| ग. दत्तात्रय क्षेत्र | | |
| स्वदेशीको हकमा | १,५०,०००।०० | १,५०,०००।०० |
| विदेशी तथा स्वदेशी र विदेशी दुवैको संयुक्तको हकमा | २,००,०००। | २,००,०००। |
| ५. सङ्घसंस्थानले दरबार क्षेत्र, टौमढी क्षेत्र तथा दत्तात्रय क्षेत्रमा कार्यक्रम गर्दा प्रतिदिन | | |
| क स्वदेशीको हकमा | . रु.१,२५०। देखि रु.१२,५००। सम्म | रु. रु.१,२५०। देखि रु.१२,५००। सम्म |
| ख. विदेशी तथा स्वदेशी र विदेशी दुवैको संयुक्तको हकमा | प्रतिदिन रु.१२,५००। देखि रु .६५,०००। सम्म | प्रतिदिन रु.१२,५००। देखि रु .६५,०००। सम्म |
| ६. स्वदेशीहरूले नगरभित्रका निम्न क्षेत्रमा भोज गर्दा निम्नानुसार शुल्क लिने: | | |
| क. बाराही पीठ,महाकाली पीठ जस्ता सार्वजनिक स्थानमा भोज खुवाउने लगायत कार्यक्रम गर्दा लाग्ने कार्यक्रम तथा सरसफाइ शुल्क पटकमा | | निर्धारित शुल्कको १० प्रतिशत |
| ख दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र तथा उल्लेखित स्थानबाहेक अन्य स्थानको हकमा दैनिक | ३००।०० | ३००।०० |
| ७. सल्लाघारीस्थित १०८ रोपनीमा कार्यक्रम गर्दा प्रतिदिन रु १०,००० देखि रु ५०,०००। सम्म कर । दस्तुर लिने | प्रतिदिन रु १०,००० देखि रु ५०,०००। | प्रतिदिन रु १०,००० देखि रु ५०,०००। |
| ८. यस न.पा. क्षेत्रभित्रका बजारलाइनका पसलहरूमा निम्नानुसार मासिक सफाइ सेवाशुल्क लिने: | | |

| | | |
|---|---|---|
| १. पुरानो प्रति कवल एक नालको | १००।०० | १००।०० |
| २. पुरानो एक कवल दुई नालको | १५०।०० | १५०।०० |
| ३. पुरानो एक कवल तीन नालको | २००।०० | २००।०० |
| (सटर भएमा तीन फिटको एक कवल मान्ने) | | |
| ९. एम्बुलेन्स र शवबाहन सेवा बापत निम्न स्थानमा पटकमा निम्नानुसार सेवाशुल्क लगाउने: | | |
| क. नगरबाट भक्तपुर जिल्लाभित्रका अस्पताल | २००।०० | २००।०० |
| ख. अन्य नगरपालिका क्षेत्रबाट भक्तपुर जिल्लाभित्रका अस्पताल | ६००।०० | ६००।०० |
| ग. नगरबाट भक्तपुर जिल्लाबाहिर (उपत्यका तथा बनेपा र धुलिखेलसम्म) | ८००।०० | ८००।०० |
| घ. अन्य नगरपालिका क्षेत्रबाट भक्तपुर जिल्लाबाहिर (उपत्यका तथा बनेपा र धुलिखेलसम्म) | १,०००।०० | १,०००।०० |
| नगरभित्र शवबाहन सेवा नि:शुल्क गर्ने | | |
| १०. दूरसंचार संस्थानलाई केबुलतार र भुमिगत मेनहोल र तार टेलिफोन क्याबिनेटहरूको प्रतिमहिना निम्नानुसार शुल्क लगाउने: | | |
| क. भूमिगत केबुल प्रति मेनहोल | ३,०००।०० | ३,०००।०० |
| ख. प्रति टेलिफोन क्याविनेट | १,०००।०० | १,०००।०० |
| ग. केबुलतार प्रति मिटर | ०।०५ | ०।०५ |
| घ. केबुलतार तान्ने प्रतिखम्बा | ३००।०० | ३००।०० |
| ११. नगरपालिका भित्रको सम्पूर्ण क्षेत्रमा निम्नानुसार मासिक प्रतिचुल्हो सफाइ शुल्क लगाउने: | | |
| क. प्रतिचुल्हो सफाइ सेवाशुल्क (डेरामा बस्ने स्वदेशी समेतका लागि) मासिक | ५०।०० | ५०।०० |
| ख. प्रतिचुल्हो सफाइ सेवा शुल्क (डेरामा बस्ने विदेशीहरूकालागि) मासिक | १००।०० | १००।०० |
| १२ .नगर क्षेत्रभित्रका नेपाल सरकारका स्वामित्वमा रहेका संस्थान, उद्योगहरू, होटेल, पसल ब्यवसायहरू, पार्टी प्यालेस, कार्यालयहरु, सङ्घसंस्था आदिलाई फोहोरको मात्राअनुसार सफाइ सेवाशुल्क मासिक रु. १००। देखि रु. ५,०००। सम्म लिने । बैंक तथा उद्योगहरूलाई मासिक न्यूनतम रु. ५००। लिने । | | |
| १३. क  नगर क्षेत्रभित्रका गैर सरकारी संस्था, सहकारी संस्थालाई सफाइ शुल्क मासिक रु | | |
| क.श्रेणी | ३००।०० | ३००।०० |
| ख.श्रेणी | २००।०० | २००।०० |
| ग,घ,ङ.र च श्रेणी | १००।०० | १००।०० |
| ख. सरकारी कार्यालयलाई सफाइ सेवाशुल्क वार्षिक | २५०।०० | २५०।०० |
| १४. निजी तथा सार्वजनिक शैक्षिक सङ्घ संस्थाहरूलाई निम्नानुसार मासिक सफाइ शुल्क लगाउने: | | |
| संस्थागत (निजी) एवं गुठी शैक्षिक सङ्घसंस्था (विद्यालय । क्याम्पस) | | |
| क.श्रेणी | ५००।०० | ५००।०० |
| ख.श्रेणी | ३००।०० | ३००।०० |
| ग.श्रेणी | १५०।०० | १५०।०० |
| सार्वजनिक शैक्षिक सङ्घसंस्था (विद्यालय । क्याम्पस) | | |
| क.श्रेणी | २५०।०० | २५०।०० |
| ख.श्रेणी | २००।०० | २००।०० |
| ग.श्रेणी | १००।०० | १००।०० |
| १५. क. निजी सेफ्टी टैंक सफाइ प्रति क्यू फिट | ६।०० | ६।०० |
| ख. निजी हाउस कनेक्सन र शौचालयको निकास खोल्ने कार्य एक पटकको<br>नगरभित्र पटकमा  रु १००।<br>नगरबाहिर पटकमा रु ५००। | १००।००<br>१००।०० | १००।००<br>५००।०० |
| १६. जेट मेशिन (निजी निकास खोल्न) | | |

| | | |
|---|---|---|
| नगरभित्र पटकमा | ५०० ।०० | १,००० ।०० |
| नगरबाहिर पटकमा | २,००० ।०० | २,००० ।०० |
| १७. जनज्योति पुस्तकालय सदस्यता दस्तुर | | |
| क. प्रवेश शुल्क एकपटक | १०० ।०० | १०० ।०० |
| ख. वार्षिक नविकरण शुल्क | १०० ।०० | १०० ।०० |
| ग. समयभित्र पुस्तक नबुझाएमा प्रतिदिन जरिवाना | २ ।०० | २ ।०० |
| १८. शिशु स्याहार तथा बाल विकास केन्द्र | | |
| क .भर्ना शुल्क | २०० ।०० | ५०० ।०० |
| ख. धरौटी | १,००० ।०० | १,००० ।०० |
| ग. मासिक शुल्क | १,००० ।०० | १,००० ।०० |
| घ. फारम दस्तुर | ५० ।०० | ५० ।०० |
| १९ नौकाविहार (सिद्धपोखरी, कमलपोखरी, न:पुखु) शुल्क प्रतिचक्कर प्रतिव्यक्ति बढीमा आधा घण्टा (विद्यार्थी, जेष्ठ नागरिक, अपाङ्गलाई ५० प्रतिशत छुट) | १०० ।०० | १०० ।०० |
| २०. सिद्धपोखरी प्रवेश शुल्क प्रतिदिन प्रतिव्यक्ति (यस सम्बन्धमा न.पा.कार्यपालिका बैठकको निर्णयको मिति देखि लागू हुने) | | |
| क. स्वदेशी | | १० ।०० |
| ख. विदेशी | | ५० ।०० |
| २१. नगरभित्र निजीक्षेत्रबाट जग्गाविकास (Planning) गर्नेले नगरपालिकाबाट स्वीकृति लिनुपर्ने र सो बापतप्रति रोपनी रु .२०,०००। योजनाअनुमति दस्तुर (Planning Permission Fee) बुझाउनुपर्ने । जग्गाविकास गर्दा आवागमन मार्गको लागि छोडिएको जग्गाबाहेक योजना क्षेत्रको कम्तीमा ५ प्रतिशत जग्गा सामुदायिक र सार्वजनिक उपयोगकालागि खुल्ला क्षेत्रको रूपमा छोड्नु पर्नेछ, तर ६ रोपनीभन्दा कम क्षेत्रफलमा जग्गाविकास गरेको अवस्थामा योजना क्षेत्रको जग्गाको सरकारी मूल्याङ्कनको ३ (तीन) गुणा मूल्य तोकी सो योजना क्षेत्रको ५ प्रतिशत जग्गा बराबरको रकम नगरपालिकाले व्यवस्था गरेको खुल्ला क्षेत्र व्यवस्थापन कोषमा दाखिला गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम नगरपालिकाले नगरपालिका क्षेत्रको नयाँ खुल्ला क्षेत्र निर्माण वा पुराना खुल्ला क्षेत्र व्यवस्थापनका लागि खर्च गर्नेछ । योजना अनुमति नलिई निजी क्षेत्रबाट जग्गा विकास गरेको हकमा उपरोक्त रकममा १०० प्रतिशत थप दस्तुर लिई नक्सापास र सिफारिश सुविधा दिन सकिने छ । | | |
| २२. सवारी साधन (हल्का तथा हेभी) वासिङ्ग पटके (न.पा.ले वासिङ्गको व्यवस्था गरेपश्चात लागू हुने)<br>– सामान्य सफाइ (हाफ वास) प्रतिपटक<br>– विशेष सफाइ (फुलवास) प्रतिपटक | | २०० ।००<br>४०० ।०० |
| २३. सवारी साधन (दुई पाङ्ग्रे मोटरसाईकल, स्कुटर आदि) वासिङ्ग पटके | | ५० ।०० |

## अनुसूची (१३)
## पर्यटन शुल्क

| पर्यटक सेवा शुल्क (विदेशी पर्यटकका लागि) | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| पर्यटक सेवा शुल्क, गैर सार्क मुलकका लागि प्रतिव्यक्ति ने.रु.१,५००। वा १५ अमेरिकी डलर लिने । सार्क राष्ट्र र चीनकालागि प्रतिव्यक्ति ने.रु ५००। लिने । १० वर्ष मुनिका बालबालिका र विदेशी कुटनीतिज्ञ टोलीलाई छुट दिने । | गैर सार्क मुलकका लागि प्रतिव्यक्ति ने.रु.१,५००। वा १५ अमेरिकी डलर । सार्क राष्ट्र र चीनका लागि प्रतिव्यक्ति ने.रु ५००। | गैरसार्क मुलकका लागि प्रतिव्यक्ति ने.रु.१,५००। वा १५ अमेरिकी डलर । सार्क राष्ट्र र चीनका लागि प्रतिव्यक्ति ने.रु ५००। |

## अनुसूची(१४)
## छुट तथा जरिवाना

| |
|---|
| क) सफाइ शुल्क तथा घर बहाल करको बक्यौतामा साविक जस्तै जरिवाना छुट रहेको । उपरोक्त बाहेक समयभित्र व्यवसाय कर, पसल बहाल तथा पर्तिजग्गा बहाल नबुझाउनेको हकमा १० प्रतिशतको हर्जाना कायमै रहेको । छुट तथा जरिवाना सम्बन्धमा समय समयमा नगर कार्यपालिका बैठकको निर्णय अनुसार परिमार्जन हुन सक्ने ।<br>ख) बाटो तथा पेटीमा जथाभावी सामान थुपार्ने तथा सामान बेच्नेलाई हटाउन तथा नराम्न सूचित गर्दा पनि अटेर गर्नेलाई जरिवाना प्रमुखज्यूबाट प्रतिपटक रु २५,०००। सम्म । |

# भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७

**प्रस्तावना**

विश्व सम्पदा सूचिमा सुचिकृत ऐतिहासिक भक्तपुर नगर क्षेत्रमा बढ्दो सहरीकरणसँगै सडक, गल्ली तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको मौलिक स्वरूप कायमै राख्न र नगर क्षेत्रभित्र वातावरणीय संरक्षणमार्फत् स्वच्छता कायम गर्दै ध्वनि, दृश्य एवं वातावरणीय प्रदूषणलाई नियमन र नियन्त्रण गरी नगरको मौलिकतालाई बचाई राख्न वान्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ र दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको सातौं नगरसभाले यो 'भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७' स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद- १

### परिभाषा र व्याख्या

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम 'भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७' रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) 'नगरपालिका' भन्नाले भक्तपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) 'नगर कार्यपालिका' भन्नाले भक्तपुर नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) 'नगर क्षेत्र' भन्नाले भक्तपुर नगरपालिकाको क्षेत्रलाई सम्झनु पर्छ ।

(घ) 'विश्व सम्पदा क्षेत्र' भन्नाले भक्तपुर नगर क्षेत्र मध्ये मूलतः पुरातत्त्व विभागद्वारा नेपाल सरकारको राजपत्रमा प्रकाशित गरी तोकिएको भक्तपुर दरबार स्क्वायर, खौमा, लाछिचा, कोलाछेँ, झ्यासिमला, इच्छु, बखुंमला, भोटेबहाल, लास्कुढोका, बालाखु–यालाछेँ–ब्यासी खण्ड, टौमढी, साकोठा, त्रिपुरासुन्दरी, सुकुलढोका, गोल्मढी र इनाचो हुँदै दत्तात्रय स्क्वायरसम्मको क्षेत्रलाई सम्झनु पर्छ ।

(ङ) 'सांस्कृतिक क्षेत्र' भन्नाले पूर्वमा भक्तपुर नगरपालिका वडा नं. १०, ९ र ८ को कमलविनायक चोकदेखि च्याम्हासिंह ढोका हुँदै दक्षिणतिरको मूल सडकबाट ख्वप इन्जिनियरिङ कलेज जाने चोक (सार्वजनिक धारा) को पश्चिम भाग, पश्चिममा भक्तपुर नगरपालिका वडा नं. १ को जुद्ध वारुण यन्त्र कार्यालयको पूर्वदेखि भार्वाचो ढोका, जुद्ध वारुण यन्त्र कार्यालयदेखि नेपाल टेलिकमको कार्यालय, कुथु बही मिनिबस पार्क, भक्तपुर नगरपालिका वडा नं. २ को इटाछेँ, खौमा ढोका, इन्द्रायणी द्योछेँ परिसर र इन्द्रायणी पिठ हुँदै ब्यासी बस स्टपको पूर्वी भाग, उत्तरमा भक्तपुर नगरपालिका वडा नं. २, ६ र १० को ब्यासी–नगरकोट सडक खण्ड अन्तर्गत सानो ब्यासी बसस्टपदेखि कमलविनायक चोकसम्मको मूल सडकको दक्षिणी भाग, दक्षिणमा भक्तपुर नगरपालिका वडा नं. ८, ७, ५, ४, ३ र ख्वप इन्जिनियरिङ कलेज जाने चोक (सार्वजनिक धारा) देखि मे तँ, हनुमानघाटको त्रिवेणीबाट बाराही पुलसम्म हनुमन्ते खोलाको उत्तरी भाग, भक्तपुर नगरपालिका वडा नं. ३ र १ को बाराही उकालो, देगमनाको पश्चिम हुँदै इचाडोल, भार्वाचो गणेश, महालक्ष्मी पाटी पश्चिम बजिगांचा, फिसचा, भाज्या पुखु, भाज्या पुखुको पूर्वी बाटो र इनागः गणेशस्थानको क्षेत्र (यस ऐनको दफा २(घ) बमोजिमको विश्व सम्पदा क्षेत्र समेत) लाई सम्झनु पर्छ ।

(च) 'विस्तारित आवासीय क्षेत्र' भन्नाले विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्र बाहिर नयाँ आवासीय क्षेत्रको रूपमा विकास भएका र हुँदै गरेका 'भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम– २०६०' ले निषेध नगरिएका आवास बनाउन योग्य भूभागलाई सम्झनुपर्छ । निर्देशित जग्गा विकास GLD घोषित क्षेत्रको भूभागसमेत यस क्षेत्र भित्र पर्दछ । नगरपालिका वा नगर विकास समितिबाट सञ्चालन भएका र हुने जग्गा एकीकरण तथा विकास क्षेत्र (प्लानिङ्ग) समेत यस क्षेत्रमा पर्दछ । दूधपाटी हाकुफो हिति पश्चिमका साविक वडा नं. १७ (ग) र (

ङ) हाल वडा नं. १ नगरकोट सडकको दक्षिण क्षेत्रसमेतका क्षेत्रलाई सम्झनु पर्छ ।

(छ) 'व्यापारिक क्षेत्र' भन्नाले अरनिको राजमार्गको उत्तरतर्फ र हनुमन्ते खोलाको दक्षिणतर्फको नदी किनार क्षेत्रबाहेकको भू-भागलाई सम्झनु पर्छ ।

(ज) 'औद्योगिक क्षेत्र' भन्नाले भक्तपुर नगर क्षेत्र मध्ये भ.न.पा. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रलाई सम्झनु पर्छ ।

(झ) 'नदी किनार क्षेत्र' भन्नाले यस क्षेत्र अन्तर्गत हनुमन्ते खोला, चखु खोला र कासन (खस्याङ्ग खुसुङ्ग) खोलाको डिलदेखि दायाँ बायाँ २० मिटर (६५'६'') दूरीको क्षेत्राधिकार र काल्हांचा खोल्साको डिलदेखि ५ मिटरको क्षेत्राधिकार भित्रका जग्गालाई सम्झनु पर्छ ।

(ञ) 'हरित क्षेत्र' भन्नाले यस क्षेत्र अन्तर्गत सल्लाघारी वन क्षेत्र, महाकाली, माहेश्वरी र ब्रम्हायणी पिठ समेतका अन्य पिठहरूको परिसरलाई सम्झनु पर्छ ।

(ट) 'सम्पदा' भन्नाले नगर क्षेत्रभित्र रहेको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक, वैज्ञानिक, आध्यामिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्त्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ ।

(ठ) 'संरक्षण' भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(ड) 'वातावरण' भन्नाले नगर क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा भौतिक परिस्थिति सम्झनु पर्छ ।

(ढ) 'प्रदूषण' भन्नाले नगर क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा भौतिक परिस्थितिलाई प्रतिकुल असर पर्ने गरी हुने, गरिने वा दूषित पार्ने क्रियाकलापलाई सम्झनु पर्छ ।

(ण) 'प्रमुख' भन्नाले भक्तपुर नगरपालिका, नगर कार्यपालिकाका प्रमुखलाई सम्झनु पर्छ ।

(त) 'वडा समिति' भन्नाले नगरपालिकाको वडा समितिलाई सम्झनु पर्छ ।

(थ) 'निर्माण' भन्नाले जग्गा जमिनमा बन्ने स्थायी, अस्थायी जुनसुकै किसिमको भवन तथा भवनको उपयोगको निमित्त बन्ने बनाउने शौचालय, स्नान घर, टहरा, पम्प, ढल, सेफ्टी ट्याङ्की, खानेपानी ट्याङ्की, सोकपिट, पर्खाल, ग्यारेज आदि समेतको निर्माणलाई सम्झनु पर्छ ।

(द) 'घर भवन' भन्नाले जमिनमा स्थायी रूपमा निर्मित पर्खाल र छानाहरूसहित बनेको आवास वा संरचना सम्झनु पर्दछ । यसलाई मानिस स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने, सरसामानको भण्डार गर्ने र संरक्षण तथा जमिनभन्दा माथि निर्मित गारोबाट बनेका कोठा/कोठाहरू भएको संरचनालाई समेत जनाउँदछ । सो अन्तर्गत घर, शैक्षिक संस्था, स्कूल, कलेज, अस्पताल, सभागृह, व्यवसायिक एवं उद्योग सञ्चालन गर्ने भवनलगायत चलचित्र भवन, तालिम केन्द्र, अनाथालय, वृद्धाश्रम, प्रवचन केन्द्र, टहरा, तवेला, ग्यारिज, शौचालय, स्नानघरलगायतका निजी तथा सार्वजनिक भवनलाई सम्झनु पर्छ ।

(ध) 'घरको पेटी' भन्नाले बाटो र प्रवेशद्वार भएको भित्ताबीचको कम उचाइको अवरोध रूपी निर्माणलाई सम्झनु पर्छ ।

(न) 'खुल्ला क्षेत्र' (Open Space) भन्नाले परम्परागत रूपमा कायम रहेको चोक, दबु, खेल मैदान, धारा, पोखरी, कुवा, मठ, मन्दिर, बिहार, मस्जिद, विद्यालय, क्याम्पस परिसर भित्रका र निजी घर भवनहरूमा तोकिए बमोजिम आकाश देखिने गरी खुल्ला छाडिएको भागलाई सम्झनु पर्छ । सार्वजनिक बाटो, सडकसमेत यस अन्तर्गत पर्दछ ।

(प) 'चोक' भन्नाले जमिनको सतह वा त्यस्तो सतहभन्दा माथि पूरा वा आंशिक रूपमा भवनको भित्र वा बाहिर रहेको र आकाशतर्फ खुला रहेको भागलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

### प्रदूषणजन्य कसूर

**३. प्रदूषणजन्य कसूर** : भक्तपुर नगर क्षेत्रभित्र कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम प्रदूषणजन्य कसूर गरेको मानिनेछ :-

(१) नगरपालिकाले तोकिदिएको समय र स्थानमा बाहेक फोहोरमैला फाल्ने वा निष्काशन गर्ने,

(२) फोहोरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई सार्वजनिक स्थल, सम्पदा, पानीको श्रोत वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(३) पूजाआजा र परम्परागत संस्कारमा बाहेक सार्वजनिक स्थानमा पशुपंक्षीको वध गर्ने र पोल्ने खुर्कने,

(४) तोकिए बमोजिमको वधशाला बाहेकका स्थानहरूमा पशुपंक्षी वध गर्ने, पोल्ने खुर्कने,

(५) तोकिए बमोजिमको बिक्री स्थल बाहेकका स्थानमा पशुपंक्षीको मासुजन्य पदार्थको बिक्री वितरण गर्ने,

(६) वध गरिएका पशुपंक्षीको हड्डी, लादी, प्वाँख आदि जथभावी रूपमा थुपार्ने, जलाउने र सोको फोहोरमैला सार्वजनिक ढलमा पठाउने,

(७) चोक तथा खुल्ला क्षेत्रमा तोकिए बमोजिम बाहेक जथाभावी सवारी साधन पार्किङ्ग गर्ने,

(८) चोक तथा खुल्ला क्षेत्रमा स्थानीय वडा कार्यालयको अनुमतिमा बाहेक नयाँ तथा पुराना निर्माण सामग्री लगायतका अन्य सामग्रीहरू थुपार्ने,

(९) चोक तथा खुल्ला क्षेत्रमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(१०) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक वस्तु जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(११) फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(१२) फोहोर मैला व्यवस्थापन ऐन २०६८ को दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(१३) घर पालुवा जनावरहरू सार्वजनिक खुल्ला क्षेत्रमा जथाभावी छोड्ने र फोहोर (दिसा, पिसाब) गराउने,

(१४) घर भवनको कौसीको पानी तोकिए बमोजिम गोल पाइपमार्फत सोकपिटमा नजोडी खुल्ला झार्ने,

(१५) विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रका घर भवनमा खानेपानी ट्याङ्की खुल्ला देखिने गरी कौसी तथा छाना राख्ने,

(१६) विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रका घर भवनमा तोकिए बमोजिम परम्परागत छाना नराख्ने,

(१७) नगर क्षेत्रभित्रका घर भवनमा तोकिए बमोजिम बाहेक मोहडा निर्माण गर्ने, रंगरोगन गर्ने,

(१८) सवारी साधन, मेसिनरी र श्रव्य दृश्य मनोरन्जनका साधन प्रयोग गर्दा अत्यधिक आवाज आउने गरी सञ्चालन गर्ने, प्रयोग गर्ने,

(१९) नगर क्षेत्रभित्र सञ्चार तथा विद्युतका लागि जडान गर्ने तारहरू तोकिए बमोजिमबाहेक अन्यथा किसिमले टाँग्ने, झुण्ड्याउने,

(२०) विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रमा अत्यधिक धुवाँ तथा रसायनिक पदार्थ निस्काशन गर्ने गरी उत्पादन तथा उद्योग सञ्चालन गर्ने,

(२१) नगरपालिकाले स्वीकृति गरेको भन्दा बढी उचाइमा संरचनाहरूको निर्माण गर्ने,

(२२) नगरपालिकाको अनुमतिबाहेकका स्थानमा ब्यानर, टुल, फ्लेक्स बोर्ड, पम्पलेट राख्ने, टाँस्ने,

(२३) सडक पेटी तथा खुल्ला क्षेत्रमा अनधिकृत रूपमा सरसामग्रीहरू राख्ने, पसल सञ्चालन गर्ने गराउने,

(२४) नदी किनार क्षेत्र तथा हरित क्षेत्रमा रहेका रुख विरुवाहरू नगरपालिकाको स्वीकृति बगेर जथाभावी काट्ने, मास्ने,

(२५) सार्वजनिक चोक, सडक तथा खुल्ला क्षेत्रमा नगरपालिकाको अनुमतिबिना निर्माण गर्ने गराउने,

(२६) भग्नावशेष, मरेको पशुपंक्षी, प्लास्टिक, फोहोरमैला जथाभावी फाल्ने ।

## परिच्छेद – ३

### कसूरमाथि उजुरी, प्रतिवेदन र कार्यबाही

**४. उजुरी, प्रतिवेदन र कार्यबाही** : दफा ३ मा उल्लेखित कसूरजन्य कार्यमा देहायबमोजिम उजुरी, प्रतिवेदन र कार्यबाही हुनेछ –

(१) दफा ३ मा उल्लेखित कसूरजन्य कार्यहरू कसैले गरेको देखिएमा सर्वसाधारण नगरवासी वा भक्तपुर नगरपालिकाका वडा निरीक्षकले कसूर र सजायसमेत उल्लेख गरी भक्तपुर नगरपालिकामा उजुरी वा प्रतिवेदन गर्न सक्नेछ ।

(२) उजुरी वा प्रतिवेदन प्राप्त भएको तीन दिन भित्र मुद्दा उपशाखाले सम्बन्धित प्रतिवादीलाई निजको आफ्नो भएको सफाईको व्यहोरासहित उपस्थित हुन म्याद पठाइने छ ।

(३) सम्बन्धित प्रतिवादी उपस्थित भएपछि वा म्याद नाघे पछि उजुरी वा प्रतिवादी कार्यबाहीका लागि प्रमुखसमक्ष पेश गर्नेछ ।

(४) उजुरी वा प्रतिवेदन प्रमुखसमक्ष पेश भएपछि सोमा प्रमुखबाट दफा ४ बमोजिम सजाय र आदेश गर्न सक्नेछ ।

## परिच्छेद – ४

### दण्ड र सजाय

**५. कसूरमा सजाय** : निम्न बमोजिमको कसूरमा प्रमुखले निम्न बमोजिम दण्ड सजाय गर्न सक्नेछ :

(१) यस ऐनको दफा ३ को उपदफा (१) बमोजिमको कसूर

गर्ने व्यक्तिलाई नगरपालिकाका प्रमुखले पहिलो पटक भए पाँच हजार रूपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रूपैयाँका दरले जरिबाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्चसमेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कसूर गर्नेलाई पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गरी फोहोर वा लिचेट ढल व्यवस्थापन गर्न आदेश दिन सक्नेछ ।

(३) दफा ३ को उपदफा (३) (४), (५), (६) र (२६) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गरी उक्त कार्य नगर्न आदेश दिन सक्नेछ र यस दफा बमोजिमको कसूर दोहोरिएमा प्रत्येक पल्ट पहिले गरिएको जरिबानाभन्दा दोब्बर जरिबाना गर्न सक्नेछ ।

(४) दफा ३ को उपदफा (७), (१८), (२२) (२३) र (२४) बमोजिमको कसूर गर्नेलाई पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) दफा ३ को उपदफा (८), (९), (११), (२०) र (२१) बमोजिमको कसूर गर्नेलाई एक हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(६) दफा ३ को उपदफा (१०) र (१२) बमोजिमको कसूर गर्नेलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(७) दफा ३ को उपदफा (१३) र (१४) बमोजिमको कसूर गर्नेलाई पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गरी उक्त कार्य नगर्न आदेश दिन सक्नेछ र यस दफा बमोजिमको कसूर दोहोरिएमा प्रत्येक पल्ट पहिले गरिएको जरिबानाभन्दा दोब्बर जरिवाना गर्न सक्नेछ ।

(८) दफा ३ को उपदफा (१५), (१६) र (१७) बमोजिमको कसूर गर्नेलाई एक हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सुधार गर्न आदेश दिन सक्नेछ । भत्काउँदा लाग्ने लागतसमेत खर्च उठाउने छ ।

(९) दफा ३ को उपदफा (१९) बमोजिमको कसूर गर्नेलाई पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ । उक्त तारहरू हटाए वापतको लागत सम्बन्धितबाट भराई लिन सक्नेछ ।

(१०) दफा ३ को उपदफा (२५) विपरीत कसूर गरेमा पचास हजारदेखि पाँच लाखसम्म जरिवाना गरी उक्त संरचना हटाउन आदेश दिनु पर्नेछ ।

६. **सेवा सुविधा रोक्का गर्न सकिने** : (१) यस ऐन बमोजिम कसूर गर्ने र नगरपालिकाले तोकेका दण्ड जरिबाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत, खानेपानी तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निज वा परिवारको नामको घर जग्गा बेचबिखन, नामसारी वा कुनै किसिमको हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रूपमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

७. **पुनरावेदन दिन सक्ने** : दफा ४ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र नगर कार्यपालिकामा पुनरावेदन दिन सक्नेछ । सोमा नगर कार्यपालिकको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद– ५

### विविध

८. **ऐनको व्याख्या** : यस ऐनमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

९. **ऐन संशोधन** : यस ऐनका प्रावधानहरूमा नगर सभाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अड्चन फुकाउ** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

११. **नियम, कार्यविधि, निर्देशिका आदि बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

१२. **यस ऐनमा लेखिए जतिमा यस ऐन बमोजिम हुने र यसबाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।**

# भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ मा संशोधन गर्नुपर्ने बुँदाहरू

| साविकको व्यवस्था | संशोधनपछिको व्यवस्था | कारण |
|---|---|---|
| दफा २ को (त) प्रारम्भिक सदस्य भन्नाले सहकारी संस्था स्थापना गर्दा ताकाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ | दफा २ को (त) सदस्य भन्नाले सहकारी संस्थाको **सदस्यता** प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ । | प्रिन्ट गल्ती भएको संशोधन गर्न |
| | दफा ३ मा उपदफा ५ भक्तपुर नगरपालिका स्तरीय विषयगत सङ्घ गठन गर्न सकिनेछ । | नगरपालिका स्तरीय विषयगत सङ्घ गठन गर्न सकिने नयाँ व्यवस्था गर्न |
| दफा ६ को उपदफा १ दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा आर्थिक समितिमा पेश गरी सो समितिको सिफारिस र नपा **बोर्ड** बैठकको निर्णय अनुसार दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ । | दफा ६ को उपदफा १ दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा आर्थिक समितिमा पेश गरी सो समितिको सिफारिस र नपा **कार्यपालिका** बैठकको निर्णय अनुसार दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नपा बोर्ड बैठक नभनी कार्यपालिका बैठक भनिने भएकोले । |
| दफा ६ को उपदफा ४ एक स्थानीय तहभन्दा बढी कार्य क्षेत्र कायम भई यस भक्तपुर नगरपालिका क्षेत्रभित्र कार्य सञ्चालन गर्न चाहने संस्थाहरूले यस नगरपालिकाको स्वीकृति लिनुपर्ने र सञ्चालन भएको संस्थाहरूले **वार्षिक** प्रतिवेदन बुझाउनु पर्नेछ । | दफा ६ को उपदफा ४ एक स्थानीय तहभन्दा बढी कार्य क्षेत्र कायम भई यस भक्तपुर नगरपालिका क्षेत्रभित्र कार्य सञ्चालन गर्न चाहने संस्थाहरूले यस नगरपालिकाको स्वीकृति लिनुपर्ने र सञ्चालन भएको संस्थाहरूले **मासिक** प्रतिवेदन बुझाउनु पर्नेछ । | भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरूको दायित्व सम्मान गर्न । |
| दफा १० जानकारी दिनु पर्ने: नगरपालिकाभन्दा बढी स्थानीय तह कार्य क्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित **दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।** | दफा १० जानकारी दिनु पर्ने: नगरपालिकाभन्दा बढी स्थानीय तह कार्य क्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित **भक्तपुर नगरपालिकामा निवेदन दिई स्वीकृति लिनु पर्ने छ ।** | भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरूको जानकारी पाउन । |

| | | |
|---|---|---|
| दफा ११ को १ (क) उत्पादक संस्था, कृषि, दुग्ध, चिया, कफि, उखु, फलफूल र माछापालन विशेषका विषयगत र अगुवा बाली एवम् उत्पादनको योजनासमेतका आधारमा उत्पादनमूलक संस्था, | दफा ११ को १ (क) उत्पादक संस्था, कृषि, दुग्ध, चिया, कफि, उखु, फलफूल, **पर्यटन** र माछापालन विशेषका विषयगत र अगुवा बाली एवम् उत्पादनको योजनासमेतका आधारमा उत्पादनमूलक संस्था, | भक्तपुर नगरपालिकाभित्र पर्यटनसँग सम्बन्धित सहकारी संस्थाहरू समेत सञ्चालन गर्न सकिने व्यवस्था गर्न । |
| दफा २७ उपदफा ३ (ख) दफा **३८** को उपदाफा १ को खण्ड ६ बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा | दफा २७ उपदफा ३ (ख) दफा **३७** को उपदाफा १ को खण्ड ६ बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा उल्लेखित दफा नम्बर नमिलेकोले दफा मिलान गर्न । |
| दफा ३० को उपदफा २ उपदफा १ बमोजिम निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन **आर्थिक समिति** दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ । | दफा ३० को उपदफा २ उपदफा १ बमोजिम निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन **आर्थिक समिति** दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ । | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा आर्थिक समिति हुनु पर्नेमा अन्यथा भएकोले । |
| | दफा ३१ मा (ट) सहकारी संस्थाले संस्थाको चौमासिक प्रतिवेदन भक्तपुर नगरपालिकामा पठाउनु पर्नेछ । | भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारीहरूले मासिकको साथै चौमासिक प्रगति प्रतिवेदन पठाउने व्यवस्थाको लागि |
| दफा ३२ को (ख) निजलाई दफा **३४** उपदफा १ बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा, | दफा ३२ को (ख) निजलाई दफा **३३** उपदफा १ बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा, | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा उल्लेखित दफा नम्बर नमिलेकोले दफा मिलान गर्न । |
| दफा ४० को उपदफा २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको **दश** प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । | दफा ४० को उपदफा २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको **बीस** प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । | सङ्घीय सहकारी ऐन, २०७४ अनुसार भक्तपुर नगरपालिकाको सहकारी ऐन नबाँझिने गरी मिलान गर्न । |
| दफा ४८ को उपदफा ५ **जगेडा कोषको १० प्रतिशत बराबरको रकम** भक्तपुर नगरपालिकामा सुरक्षण कोषको रूपमा जम्मा गर्नु पर्नेछ । सुरक्षणको कोषको उपयोग र सञ्चालन तोकिए बमोजिम हुनेछ । | दफा ४८ को उपदफा ५ **खारेज** गरिएको छ । | भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूको अनुरोधलाई ध्यानमा राखी |
| दफा ५० (क) कारोबारको **चौमासिक** र वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन | दफा ५० (क) कारोबारको **वार्षिक** प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन | दफा ५० को उपदफा १ को (क) लागि नियम संगत बनाउन । |
| | दफा ६९ मा उपदफा ८ भक्तपुर नगरपालिका भित्र केन्द्रीय कार्यालय, सेवा केन्द्र राखी सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरूको अनुगमन निरीक्षण भक्तपुर नगरपालिकाले गर्नेछ । | भक्तपुर नगरपालिकाभित्र केन्द्रीय कार्यालय वा सेवा केन्द्र राखी सञ्चालनमा रहेका संस्थाको समेत अनुगमन गर्न सकिने व्यवस्था गर्न । |

# विभिन्न समितिहरूको प्रतिवेदन

## शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

यस नगरपालिकाको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको आ.व. २०७६।०७७ का गतिविधिहरूको सङ्क्षिप्त प्रतिवेदन पेश गर्दछु ।

**क) शिक्षा क्षेत्र**

- नगर क्षेत्रभित्र सामुदायिक र निजी गरी जम्मा ९२ वटा विद्यालयहरू सञ्चालनमा रहेकोमा सामुदायिक विद्यालयहरूमा शैक्षिक सुधार ल्याउने उद्देश्यले २ जना विज्ञ शिक्षकहरूमार्फत **अनुगमनको व्यवस्था** गरी शैक्षिक सुधारका कार्यहरू भइरहेका छन् ।
- विद्यार्थीहरूलाई स्थानीय कला–संस्कृति, सम्पदा, स्वास्थ्य, खेलकुदलगायतका विषयहरूमा जानकारी दिने उद्देश्यले कक्षा १, २, ६ र ७ मा स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' को पठनपाठन शुरु भएको छ भने स्थानीय पाठ्यक्रमको अध्यापन कार्यलाई थप प्रभावकारी बनाउन यो वर्ष **ख्वपको पहिचान सन्दर्भ सामग्री सङ्ग्रह भाग १** पुस्तक प्रकाशन गरिएको छ ।
- आर्थिक अभावमा क्षमतावान कुनै पनि विद्यार्थी उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शैक्षिक प्रमाणपत्र धितो लिई यो वर्ष ९१ जना विद्यार्थीहरूलाई रु. ५ लाखसम्म सहुलियत दरमा **ऋण प्रदान** गर्न स्वीकृति प्रदान गरिएको छ ।
- नगरपालिकाद्वारा सञ्चालित ६ वटा शिशुस्याहार केन्द्रहरूमा कार्यरत १२ जना **शिक्षिकाहरूलाई पुनर्ताजगी तालिम** दिनुकासाथै शिशु स्याहार केन्द्रहरूमा आवश्यक भौतिक सुधार गरिएको छ ।
- नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत इ.सी.डी शिक्षकहरूको न्यून पारिश्रमिकलाई ध्यानमा राखेर नगरपालिकाले चालू आर्थिक वर्षदेखि प्रति शिक्षक मासिक रु. ४०००।– का दरले ४२ जना **शिक्षकहरूलाई सहयोग** गर्दै आएको छ ।
- सबल सामुदायिक विद्यालयले दुर्वल विद्यालयलाई संरक्षण प्रदान गर्ने नीतिअनुसार वागीश्वरी माविलाई भनपा १० स्थित व्रम्हचारिणी आधारभूत **विद्यालयको संरक्षण गर्ने जिम्मेवारी** प्रदान गरेको छ । यसअघि वागीश्वरी माविलाई संरक्षणको जिम्मेवारी तोकिएको सिद्धि शारदा आधारभूत विद्यालयमा विद्यार्थी सङ्ख्या क्रमशः वृद्धि हुन थालेपछि भवनको अभाव देखिन आएको हुनाले आवश्यक भवन निर्माणको लागि भनपा वडा नं. ८ लिवालीमा ०–४–० जग्गा **भोगाधिकार प्रदान** गरियो ।



४ नं. वडाध्यक्ष रबिन्द्र ज्याख्व

- यस वर्ष नगरभित्रका विद्यालयहरूमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको **नगरस्तरीय अन्तिम परीक्षा** फागुन २७ गतेबाट चैत्र ४ गतेसम्म सञ्चालन गरी समयमै परीक्षाफल प्रकाशित गर्ने कार्य सम्पन्न भयो ।
- नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि देशभर बन्दाबन्दीको घोषणा गरेको कारणबाट एसईईको परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरूलाई ध्यानमा राखेर २०७७ वैशाख ३ गतेदेखि जेठ ५ गतेसम्म अनिवार्य विषयहरूको **भर्च्युअल कक्षा सञ्चालन** गरियो । एक महिनासम्म विभिन्न विषयका २५ जना शिक्षक शिक्षिकाहरूबाट सञ्चालित उक्त कक्षाको प्रसारण भादगाउँ टेलिभिजन तथा फेसबुक पेजबाट भएको थियो ।
- विद्यालय पढ्ने बच्चाहरूको मानसिक विकास र प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न समय समयमा विद्यालयस्तरीय चित्रकला तथा **वालवालिकासँग मेयर कार्यक्रम** सम्पन्न भयो ।
- नेपाल स्काउट भक्तपुर नगर परिषद्सँग समन्वय गरी नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक

शिक्षिकाहरूलाई २०७६ पुस २४ गतेदेखि ६ दिनसम्म **आधारभूत स्काउट मास्टर तालिम** सञ्चालन गरियो ।

- नगरका सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणमा सहयोग स्वरूप यो वर्ष विद्यालय सहयोग अनुदान वितरण गरियो ।

## ख) स्वास्थ्यक्षेत्र

- भक्तपुर नपाले च्याम्हासिंह, भगवतीस्थान र ब्यासी गरी ३ ठाउँमा **जनस्वास्थ्य केन्द्रहरू सञ्चालन** गरी आकस्मिक सेवासहित नाक, कान, घाँटी, बालरोग, दन्तरोग, हाडजोर्नी, स्त्रीरोग लगायतका रोगहरूको विशेषज्ञ सेवा प्रदान गर्दै आएकोमा भक्तपुर नपा वडा नं. ९ स्थित च्याम्हासिंहमा ७२ करोड रूपैयाँ लागतमा ख्वप अस्पताल भवन निर्माण कार्य जारी छ ।
- **घरदैलो नर्सिङ**सँगै विद्यालयहरूमा चिकित्सक र नर्सहरूमार्फत स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा कोभिड १९ रोगको सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर अहिले भने नर्सहरूलाई घरदैलो सेवामा नपठाई जनस्वास्थ्य केन्द्रमा कार्य जिम्मेवारी दिइएको छ ।
- वडा वडामा दन्त स्वास्थ्य शिविर, रगत परीक्षण शिविर र आँखा परीक्षण सम्बन्धी शिविर सञ्चालन गरिए भने गएको मनसुनपछिको समयावधिमा भक्तपुरमा पनि महामारीको रूपमा देखिएकोडेंगु रोगको विषयमा जनस्तरमा चेतनामूलक तथा महामारी नियन्त्रयण सम्बन्धि गतिविधिहरू सञ्चालन गरिए ।
- हेपाटाइटिस बी को निःशुल्क स्वास्थ्य परीक्षण भनपा ७ भौरबही, भनपा १ वडा कार्यालय र भनपा ९ जनस्वास्थ्य केन्द्रमा सम्पन्न गरियो ।
- कडा रोगहरू क्यान्सर, मृगौला, मुटु र मस्तिष्कघात भएका नगरवासीहरूलाई प्रतिव्यक्ति रु. १०,०००।– का दरले **आर्थिक सहयोग** गर्ने नीतिअनुसार यस आर्थिक वर्ष १५० जनाभन्दा बढीलाई रु. १५ लाख आर्थिक सहयोग प्रदान गरियो ।
- भक्तपुर नगरपालिकामा सञ्चालित जिल्ला सामुदायिक **आँखा केन्द्र**बाट यो वर्ष ३८७ जनाको मोति बिन्दुको शल्यक्रिया भयो भने २०,३०४ जना सामान्य आँखाका बिरामीहरूको परीक्षण गरियो ।
- आयुर्वेदिक स्वास्थ्य सेवाबाट बढीभन्दा बढी जनताले फाइदा लिन सकून् भनी वडा वडामा **आयुर्वेदिक स्वास्थ्य सेवा** विस्तार गर्ने क्रममा वडा नं. १ र वडा नं. ९ मा हरेक १५ दिनको एक चोटि शुक्रबारको दिन विरामीहरूको निःशुल्क उपचार हुँदै आएकोमा कोभिड १९ ले यो सेवा प्रभावित भएको छ । यो वर्ष आयुर्वेदिक स्वास्थ्य शिविर पनि सम्पन्न भयो ।

## ग) संस्कृति क्षेत्र :

- सामाजिक परिवर्तन तथा राजनैतिक सचेतना दिने नाटक तथा ख्याल लेखनमा प्रोत्साहित गर्ने उद्देश्येले यो वर्ष नाटक तथा ख्याल लेखन प्रतियोगिता आयोजना गरियो । १५ वटा नाटक तथा ख्यालहरू दर्ता भएकोमा देहायबमोजिम उत्कृष्टलाई एक समारोहबीच पुरस्कार वितरण गरियो :

| क्र.सं. | नाटक/ख्यालको शीर्षक | लेखकको नाम | उत्कृष्ट स्थान | पुरस्कार राशी |
|---|---|---|---|---|
| १ | दुई तिहाइ ट्रान्सपोर्ट | जय प्रजापति | प्रथम | रु. १० हजार |
| २ | अष्ट्रेलियाको सपना | पलिस्था रञ्जितकार | द्वितीय | रु. ८ हजार |
| ३ | छैँ ढलान, बुँचलान | हरिकृष्ण दुवाल | तृतीय | रु. ६ हजार |
| ४ | निश्कासन | रश्मीखागी | सान्त्वना | रु. ५ हजार |

- भक्तपुरको कला संस्कृति, सरसफाइ, शिक्षा, स्वास्थ्य, खेलकुद, जीवनशैली, स्थानीय उत्पादनलगायतका विषयमा वृत्तचित्र प्रतियोगिता आयोजना गरी २०७६ कार्तिक ११ गते पुरस्कार वितरण गरियो :

| क्र.सं. | वृत्तचित्रको शीर्षक | उत्पादनकर्ताको नाम | उत्कृष्ट स्थान | पुरस्कार राशी |
|---|---|---|---|---|
| १ | भक्तपुर : द कल्चरल क्यापिटल | अमित बनमाला | प्रथम | रु. ८ हजार |
| २ | भक्तपुरको गाथामगः | ख्वप मेडिया सर्कल | द्वितीय | रु. ६ हजार |
| ३ | बुराँज्या | भक्तपुर बचत तथा ऋण सहकारी संस्था | सान्त्वना | रु. ३ हजार |
| ४ | नेवाः संस्कृतिगाथामगः | | सान्त्वना | रु. ३ हजार |

- सांस्कृतिक कार्यक्रमको माध्यमबाट समाजमा रूपान्तरण ल्याउने उद्देश्यले यस वर्षको गाईजात्रामा प्रस्तुत भएका सांस्कृतिक विधाहरूलाई परम्परागत र आधुनिक विधाको अलगअलग मूल्याङ्कन गरी प्रतियोगितात्मक रूपमा सम्पन्न गरियो । यसको पुरस्कार वितरण कार्यक्रम २०७६ भाद्र २२ गते सम्पन्न भयो ।
- हाम्रो कला र संस्कृति संरक्षणमा यहाँका संस्कृतिकर्मीहरूको योगदानलाई सम्मान गर्दै प्रत्येक वडाबाट दुई जनाका दरले कला–संस्कृति संरक्षणमा अग्रणी भूमिका खेल्नुभएका २० जना सांस्कृतिक अगुवाहरूलाई मिति २०७६ कार्तिक ११ गते प्रतिव्यक्ति रु. २० हजार **नगदसहित सम्मान** गरियो ।
- हरेक वर्ष एउटा सांस्कृतिक विधाको **नगरस्तरीय प्रतियोगिता** गर्ने नीतिअनुसार २०७६ साल माघ २५ र २६ गते भक्तपुर जिल्लाव्यापी धिमेबाजा प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा कुल ७७ समूहले भागलिएकोमा देहायबमोजिम समूहहरू उत्कृष्ट भए :

| क्र.सं. | सांस्कृतिक समूहको नाम | ठेगाना | उत्कृष्ट स्थान | पुरस्कार राशी |
|---|---|---|---|---|
| १ | न्हुजधिमे खलः | भनपा-१०, कमलविनायक | प्रथम | रु. ३० हजार, धिमे १ थान, भुछ्या १ जोडी, सिछ्या १ जोडी |
| २ | ख्वपधिमे खलः | भनपा-९, दत्तात्रय | द्वितीय | रु. २५ हजार, धिमे १ थान, भुछ्या १ जोडी |
| ३ | श्री गणेश दाफाभजन समूह | चाँगुनारायण नपा-५, छालिङ्ग | तृतीय | रु. २० हजार, धिमे १ थान, सिछ्या १ जोडी |
| ४ | क) नगांचाधिमे बाजाखल<br>ख) द राइजिङ्गकल्चरल ग्रुप | भनपा-१०, नगांचा<br>भनपा-६, याछें | सान्त्वना | रु. १० हजार, धिमे १ थान |
| ५ | क) पाण्डुबजार धिमे बाजाखल<br>ख) गुङ्गचिनधिमे | सूर्यविनायकनपा-६, पाण्डोबजार<br>मध्यपुर थिमीनपा-६, गुङ्गचिवा | सान्त्वना | रु. १० हजार, धिमे १ थान |

## घ) विविध

- भक्तपुर एफएममा नगरपालिकाको प्रस्तुती **ख्वप सः भक्तपुर आवाज** २०७६ कार्तिक १२ गते म्हपूजाको दिनबाट प्रत्येक हप्ता ३ वटा कार्यक्रम प्रसारण भइरहेको छ :
  - बुधबार विहान ७:३० देखि ८:३० सम्म ख्वप सः रेडियो बुलेटिन
  - शुक्रबार साँझ ६:३० देखि ७ बजेसम्म ख्वप सः कला संस्कृति
  - सोमबार विहान ७ देखि ७:३० बजेसम्म ख्वप सः शिक्षा, स्वास्थ्य र पर्यटन
- नगरपालिकाको आयोजनामा युवाहरूलाई लक्षित गरी ३ वटा अलग अलग समूहलाई एक हप्ते फोटोग्राफर सम्बन्धी तालिम सञ्चालन गरियो ।
- नगरवासी युवाहरूलाई केन्द्रित गरी २०७६ भाद्र १५ गतेबाट २ वटा समूहलाई ४ महिने तालिम जापानी भाषासम्बन्धी तालिम सञ्चालन गरियो ।
- दरबार क्षेत्रको ऐतिहासिक खौमा ध्वाकामा सन्ध्याकालीन आकर्षक बत्तीको व्यवस्था गरियो ।
- भक्तपुरको ऐतिहासिक तलेजू मन्दिरभित्र राखिएका ऐतिहासिक ठूला २ नगराहरूको मर्मत सम्भार गरी २०७६ पुस १० गते एक समारोहबीच दरबार क्षेत्रको तबा सत्तःमा पुनःस्थापना गरी दैनिक नित्यपूजामा बजाउने संस्कृतिको पुनःथालनी गरियो ।
- राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह माघ २ गते भक्तपुरमा सम्पन्न भयो ।

## ङ) प्रकाशन

यो वर्ष नगरपालिकाबाट प्रकाशित सामग्रीहरू देहायबमोजिम छन् :

१) भक्तपुर मासिक
२) ख्वपपौ नेपालभाषा पाक्षिक
३) कक्षा २ र ७ को स्थानीय पाठ्यक्रम
४) स्थानीय पाठ्यक्रम ख्वपको पहिचान सन्दर्भ सामग्री सङ्ग्रहभाग १
५) भक्तपुर नगरपालिकाको शैक्षिक क्यालेन्डर

*प्रस्तुतकर्ता*
सदस्य–रविन्द्र ज्याख्व

# निर्माण समिति

आ.व. ०७६/७७ मा निर्माण समितिबाट भए गरेका गतिविधिहरू यहाँहरू सामु प्रस्तुत गर्न चाहन्छु ।

२०७६ साल चैत ११ गतेदेखि बन्दाबन्दीको कारणले भौतिक पूर्वाधार विकास एवम् सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम गर्दागर्दै धेरै व्यवहारिक र कानुनी समस्या व्यहोर्नुपरेकोले अपेक्षाअनुसार प्रगति हुन नसकिएको अनुभव हामीले गरेका छौ ।

नगरवासीहरूको विशेष चासो रहने नक्सापासमा आइपर्ने र निर्माण पछि आउने समस्याहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले नक्साशाखामार्फत नक्सा सम्बन्धी कार्य अभिमुखीकरण ६५ पटक भएकाछन् । यो प्रकृयालाई निरन्तरता दिन आवश्यक ठान्छु ।नक्सा पासको स्वीकृतिको लागि निरीक्षण र सुझाव दिँदै आएका छौँ । सिडाख्वाको एउटा निजी प्लानिङ्गको लागि नगरपालिकाले आवश्यक फिल्ड प्रक्रिया पुऱ्याई अनुमति दिइएको छ ।

यस आ.व.मा निर्माण समितिमा विभिन्न ३६ वटा बैठकहरू बसेकोमा १४ वटा बैठकमा नक्साहरूबारे छलफल गरेका छौँ ।९३ वटा नक्साहरू समितिमा नै छलफल गरी निर्णय गरी दिएका छौँ । साथै नक्सा दर्ता ५०३ वटामध्ये ४०७ वटा नक्सा पास भइसकेको छ । त्यस्तै निर्माण सम्पन्न लिएका घरधनी १३२ जना रहेको पनि स्मरण गराउन चाहन्छु ।

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ मा भएको नक्सा पास सम्बन्धी विशेष व्यवस्था अनुसार एक पटकको लागि नक्सा पास गर्न वा पास भएको नक्सामा हेरफेर गर्न स्वीकृति दिन सक्ने व्यहोरा बमोजिम पैतीस दिनको म्याद दिई प्रमाण साथ दरखास्त आह्वान गरे बमोजिम ६३९ जनाको निवेदन परेको यस समानित नगरसभामा प्रस्तुत गर्दछु ।*

साथै छाना (स्लोप छाना) मापदण्डमा वैज्ञानिकिकरण हुनपर्नु, नक्सा बमोजिमको सामान्य हेरफेर, नक्सा पास पूर्व नै निर्माण गर्नु, अनियमित गर्ने सरोकारवालाहरूलाई समयमै आवश्यक कार्बाही नहुनु चुनौती रहेका छन् । सो विषयमा आवश्यक सुझाव र निर्णय आवश्यकता रहेको निर्माण समितिले विगतदेखि महसुस गरेको यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्–

१) ख्वप अस्पताल : पहिलो चरण १२ करोड ल.ई. भई बेसमेन्टसम्मको कार्य गर्दा कूल ७ करोड १६ लाख ४३ हजार ८ सय ६७ रूपैयाँ खर्च भइसकेको छ ।

दोस्रो चरण कार्य गर्न ल.ई. २४ करोड ४२ लाख ७०



७ नं. वडाध्यक्ष उकेश कवां

हजार ३ सय २४ रूपैयाँ ५४ पैसा भई फ्रेम स्ट्रक्चरको दोस्रो तलाको R.C.C. सम्पन्न भई ७ करोड ५३ लाख ८२ हजार २ सय ३९ रूपैयाँ खर्च भइसकेको छ भने दोस्रो चरणको फिनिसिङ्ग कार्यको निर्माण सामग्री र श्रम ठेक्काको लागि टेण्डर आह्वान भइसकेको छ ।

त्यस्तै उपभोक्तामार्फत पानी ट्याङ्की निर्माण कार्य गर्न सुरु ल.ई. ८५ लाख ३ हजार ३ सय ३२ रूपैयाँ ७१ पैसा र पुनः ९९ लाख २३ हजार ५ सय ६४ रूपैयाँ १४ पैसा रि.ल.ई. भएकोमा खर्च ४६ लाख रूपैयाँ खर्च भई करिब ९० ५कार्य सम्पन्न भइसकेको छ ।

२) प्रसिद्ध भैरवनाथको मन्दिर जीर्णोद्धार सम्पन्न भइसकेको । कुल ल.ई. १ करोड ४६ लाख ३६ हजार रूपैयाँ भएकोमा चन्दा र आर्थिक सहयोगबाट रु. ५ लाख १७ हजार रूपैयाँ प्राप्त भई कुल ५३ लाख ३९ हजार रूपैयाँ खर्चमा जीर्णोद्धार कार्य सम्पन्न भएको छ ।

३) प्रसिद्ध ङातापोल मन्दिरको जिर्णोद्धार कार्य गर्न ल.ई ६५ लाख १३ हजार रूपैयाँ भएकोमा हालसम्म ३० लाख पेश्की लगी करिब ७५ ५कार्य सम्पन्न भइसकेको छ ।

४) वत्साला मन्दिर पुनःनिर्माण कार्य गर्न ल.ई. १ करोड २८ लाख ६२ हजार २ सय १४ रूपैयाँ भएकोमा हालसम्म कूल रु. ९६ लाख ६५ हजार ७ सय ४५ रूपैयाँ ६६ पैसा खर्च भई करिब ९५५ कार्य सम्पन्न भइसकेको छ ।

५) लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण कार्य गर्न ल.ई. ३ करोड ७१ लाख २७ हजार ५ सय १५ रूपैयाँ ३८ पैसा भएकोमा पेश्की ५० लाख रूपैयाँ प्रदान गरी हाल काठको कार्य भइरहेको छ ।

६) भाज्या पोखरी पुनःनिर्माण कार्य गर्न ल.ई. ६३ लाख ४१ हजार ६४ रूपैयाँ भएकोमा ६३ लाख ३१ हजार ७ सय ८६ रूपैयाँ खर्च भई पहिलो चरणको कार्य सम्पन्न भई जलेश्वर मन्दिर निर्माण कार्य गर्न ल.ई. १ करोड ९ लाख ३२ हजार ५ सय ८५ रूपैयाँ भएकोमा पेश्की ३० लाख प्रदान गरिसकेको छ ।

७) रानी पोखरी संरक्षण कार्य गर्न ल.ई.२ करोड ६३ लाख १३ हजार ७ सय ३६ रूपैयाँ भएकोमा २ करोड ६३ लाख १३ हजार ७ सय ३६ रूपैयाँ खर्च भई पहिलो चरणको कार्य सम्पन्न भइसकेको र सो कार्यको दोस्रो चरणको लागि ल.ई. २५ लाख ६७ हजार ८ सय ७६ रूपैयाँ भएकोमा१७ लाख १६ हजार ३ सय ७४ रूपैयाँखर्च भइसकेको तर उक्त कार्य (निरन्तरता हुन नसक्नुको कारण) सो क्षेत्रमा कोरोना भाइरसको कारण सील गरिएकोले बाधा भएको छ ।

८) मधिकर्मी छें संरक्षण कार्य गर्न ४२ लाख २८ हजार ८ सय ८ रूपैयाँल.ई. भएकोमा हालसम्म कूल १३ लाख ७५ हजार रूपैयाँ खर्च भई कार्य चालू अवस्थामा रहेको छ ।

९) भोलाछें पोखरी पुनःनिर्माण कार्य गर्न ३१ लाख ३९ हजार २ सय ९१ रूपैयाँ ४७ पैसा ल.ई. भएकोमा हालसम्म १८ लाख ६७ हजार १ सय ४८ रूपैयाँ खर्च भईउक्त कार्य अन्तिम चरणमा पुगेको अवस्था छ ।

१०) विश्वकर्मा आगमछें पुनःनिर्माण कार्य गर्न ९९ लाख ६८ हजार ५ सय २६ रूपैयाँ २४ पैसा ल.ई. भएकोमा ३० लाख रूपैयाँको पेश्की उपभोक्ता समितिलाई उपलब्ध गराइसकेको व्यहोरा छ ।

११) पञ्चमुखेश्वर महादेव संरक्षण कार्य गर्न ल.ई. ५२ लाख ५८ हजार १ सय ९८ रूपैयाँ रहेको र हाल सो कार्य चालू अवस्थामा रहेको छ ।

१२) पीच कार्यहरू : लिबाली प्लानिङ्ग क्षेत्रमा, कमलविनायक प्लानिङ्ग क्षेत्रमा र कुथुबही बस पार्क क्षेत्रमा क्रमागत योजनाअनुसार चालू अवस्थामा रहेको र लिवालीमा भएको पीच कार्य अन्तिम चरणमा सम्पन्न हुन गइरहेको छ भने कमलविनायकमा पीच गर्नेतर्फ अघि बढिरहेको छ ।

चालू आ.व.मा रहेको बागमती प्रदेश सांसदको बजेटबाट पिच कार्यअन्तर्गत लिबाली बाल विकास स्कूल क्षेत्रमा सडक पीच तथा पेटी निर्माण कार्य चालू भइरहेको छ ।

१३) छिपा तां (पुल) को लागि ९८ लाख ९९ हजार ४ सय ६८ रूपैयाँ ९० पैसा ल.ई. भएकोमा हाल कुल ८२ लाख ७४ हजार ७ सय ४१ रूपैयाँ ८ पैसा खर्च भई पहिलो चरणको कार्य सम्पन्न भइसकेको व्यहोरा अनुरोध गर्दछु ।

१४) गयःभिद्यो पुल निर्माण कार्य चौथो चरणमा

पुगेको छ। जसमा ९९ लाख ९४ हजार ८३ रूपैयाँको ल.ई. भएकोमा हालसम्म ६१ लाख ७ हजार ४ सय ३७ रूपैयाँ खर्च भइसकेको छ।

१५) सडक बोर्ड नेपालका योजनाहरू वडा नं. १,२,३,४,६,८ मा कार्य सम्पन्न भइसकेको छ भने वडा नं. ५,७,९,१० मा कार्य सम्पन्न हुन बाँकी रहेको छ।

१६) राष्ट्रिय योजना आयोगको समपूरक र विशेष बजेट, बागमती प्रदेशको समपूरक र विशेष बजेट र बागमती प्रदेशको सांसद कोष बजेटबाट निम्न ठेक्का कार्य भएका छन् :

| सि.नं | कामको विवरण | कबोल अङ्क (रकम) | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १, | लिबाली बाल विकास क्षेत्रमा बाटो पीच र सडक पेटी निर्माण कार्य | रु. ५६,९०,२७५।०१ | बागमती प्रदेश सांसदकोष (सुरेन्द्रराज गोसाई) | कार्य भइरहेको |
| २, | राम मन्दिरदेखि तालाकोसम्म ढुङ्गा छपाइ कार्य | रु.४६,८३,९२७।३५ | बागमती प्रदेश सांसदकोष (सुरेन्द्रराज गोसाई) | कार्य भइरहेको |
| ३, | साकोठादेखि दरबार स्क्वायरसम्म ढुङ्गा छपाइ कार्य | रु. ५२,२०,५२०।९० | बागमती प्रदेश सांसदकोष (सुरेन्द्रराज गोसाई) | कार्य भइरहेको |
| ४, | दोका फल्चादेखि बाराही पीठसम्म ढुङ्गा छपाइ कार्य | रु. ४६,४५,८७९।०६ | बागमती प्रदेश सांसदकोष (सुरेन्द्रराज गोसाई) | कार्य भइरहेको |
| ५, | लिबाली प्लानिङ्ग खोला छेउमा रिटेनिङ्ग वाल निर्माण कार्य | रु. ५६,८९,२३१।९१ | राष्ट्रिय योजना आयोग विशेष अनुदान बजेट | सम्झौता प्रकृयामा |
| ६, | वंशगोपाल देगमनादेखि बाराही पुलसम्म ढुङ्गा छपाइ कार्य | रु. ६७,९९,७६३।०२ | राष्ट्रिय योजना आयोग विशेष अनुदान बजेट | कार्य भइरहेको |
| ७, | गय:भिद्यो पुल परिसरमा बाटो पीच तथा रिटेनिङ्ग वाल निर्माण कार्य | रु. १,३१,८१,९७४।३२ | बागमती प्रदेश समपुरक अनुदान बजेट | कार्य भइरहेको |
| ८, | कमलविनायक बाल उद्यान निर्माण कार्य | रु.८८,२९,७४७।३४ | राष्ट्रिय योजना आयोग विशेष अनुदान बजेट | कार्य भइरहेको |
| ९, | बाराही पुल निर्माण कार्य (Phase 1: Sub structure) | रु. १,४७,७६,२९७।७० | बागमती प्रदेश समपुरक अनुदान बजेट | आर्थिक मूल्याङ्कन हुँदै |
| १०, | धाला खुसी पुल निर्माण कार्य (Phase 1: Sub structure) | | राष्ट्रिय योजना आयोग समपुरक अनुदान बजेट | टेण्डर रद्द गरेको सूचना प्रकाशन भएको |
| ११, | राम मन्दिर पुल निर्माण कार्य (Phase 1: Sub structure) | | राष्ट्रिय योजना आयोग समपुरक अनुदान बजेट | टेण्डर रद्द गरेको सूचना प्रकाशन भएको |
| १२, | सडक बत्ती जडान कार्य | रु. १,०३,४५,७००।०० | राष्ट्रिय योजना आयोग विशेष अनुदान बजेट | आशय पठाउने मूल्याङ्कन हुँदै |

१७) बजेट विनियोजन भएता पनि विभिन्न प्राविधिक कारणले अगाडि बढ्न नसकेका योजनाहरू :

१) महेश्वरी खेल मैदान सुधार

२) शहीद स्मृति खेल मैदान

३) १ वडा बहुउद्देश्यीय भवन निर्माण कार्य

४) अरनिको सभा भवन

१८) देको–मिवा इतापाखे जग्गा एकीकरण आयोजनाको लागि ऋणमार्फत विनियोजित बजेट रु. २५ करोड गरेकोमा आन्तरिक बजेटबाट कार्य योजना सुचारु भइरहेको छ।

उपस्थित सभासद्हरू,

आ.व. २०७४/७५ को क्रमागत योजनाको लागि रु.१२,०२,४०,८६६ विनियोजन गरेकोमा रु. ११,०१,४६,४४५।९५ खर्च भइसकेको छ। प्रतिशतमा ९१.६० पुगेको छ।गत आ.व. ०७५/७६को लागिक्रमागत भौतिक पूर्वाधार एवम् सम्पदा संरक्षणका योजनाहरूको लागि रु. ३०,१६,८९,०५२।०८ (अक्षरेपि तीस करोड सोह्र लाख उनान्असी हजार बाउन्न रूपैयाँ आठ पैसा) बजेट विनियोजन गरिएकोमा रु.२२,२२,३५,१२८।९८ खर्च भई कुल ७३.६६ प्रतिशत बराबरको कार्य योजना सम्पन्न भएको छ। जसमाक्रमागत योजनाहरूतर्फको भौतिक पूर्वाधारका योजनाहरू ६८ वटामध्ये ३५ वटा योजनाहरू सम्पन्न भएको छ भनेसम्पदा संरक्षणका योजनाहरू २५ वटा रहेकोमा १४ वटा सम्पन्न भइसकेको छ। भौतिक पूर्वाधार एवम् सम्पदा संरक्षणका दुवै योजनाहरू गरी जम्मा ९३ वटा योजनाहरूमध्ये ४९ वटा योजनाहरू सम्पन्न भइसकेको छ भने ४४ वटा योजनाहरू चालू

अवस्थामा रहेको छ ।

आ.व.२०७६/०७७ को भौतिक पूर्वाधार एवम् सम्पदा संरक्षणका योजनाका लागि रु. २९,७१,८०,०८१।९२र सडक बोर्डका योजनाहरूको लागि १०,००,०००।- (अक्षरेपि दश लाख रूपैयाँ) बजेटविनियोजन गरिएको समेत जम्मा ३,०७,११,८०,०८१।९२ बजेट विनियोजन गरेको थियो । जसमध्ये १९ करोड ५२ लाख ३९ हजार ३ सय ३८ रूपैयाँ खर्च भइसकेको छ भने असार मसान्तसम्मको संशोधित ३ करोड ५४ लाख समेत गरी २३ करोड ६ लाख ६४ हजार ६ सय ४२ रूपैयाँ खर्च भई ७७.२२ प्रतिशत खर्च हुनेछ ।

**नीति, नियम र कार्यविधि सम्बन्धमा**

नगरपालिकाबाट विनियोजन गरेको वडास्तरीय योजनाहरू सहज र सरलीकृत तुल्याउन वडास्तरीय योजना सञ्चालन कार्यविधि र विधायन समितिमा पेश गरी कार्यान्वयन समेत भइसकेको छ । त्यस्तै नगरपालिकाबाट भक्तपुर नगरभित्र घर निर्माण गर्ने नक्सापास गरेका नगरवासीहरूले निर्माण सम्पन्न गरिसकेपछि अगाडिको भाग (मोहडा) मा लगाउने परम्परागत इँटा तथा काठमा ३५५ सहुलियत अनुदान कार्यविधि विधायन समितिमा पेश गरिसकेको छ ।

**यस आ.व.मा कार्य सम्पन्न नहुनाको कारण** :

१) लकडाउन भएकोले *(कोभिड-१९ को सङ्क्रमणले सृजना भएको)* असहज परिस्थिति

२) सङ्घ सरकार र प्रदेश सरकारबाट बजेट विनियोजनसमय मै नहुनु

३) सामान उपलब्धताका साथै कामदारको समस्या ।

४) कोलेनिकाबाट बजेट निकासामा लामो प्रक्रिया

५) टेण्डर डकुमेन्ट तयार गर्न र टेण्डर प्रकृयामा जाने प्रक्रियागत काम लामो हुनु, समयमा टेण्डर नभई योजना सञ्चालन गर्न ढिलाई हुनु ।

**समस्या र चुनौती**

१, उपभोक्ता समितिमार्फत काम हुनेबेला खरिद ऐनअनुसार काम गर्न झन्झटिलो ।

२, सार्वजनिक खरिद ऐनले उपभोक्ता समितिले भन्दा ठेक्कामा नै जानुपर्ने स्थितिले कामको गुणस्तरमा चुनौती थपेको अनुभव गरिरहेका छौँ ।

३, आर्थिक ऐन (खरिद ऐन) र बजारमा उपलब्ध हुने सामानको भ्याट बिल र टिडिएस करबारे समस्या देखिएको ।

अन्तमाः विकास निर्माण लगायतका कार्य सहयोग गर्नुहुने सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद !

*प्रस्तुतकर्ता*

*संयोजक-उकेश कवा*


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**सामाजिक सुरक्षा भत्ताको लागि नाम नवीकरण गर्ने सम्बन्धमा जरूरी सूचना**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा हाल सामाजिक सुरक्षा नियमावली, २०७६ लागू भइसकेपछि नियमावलीको नियम ९ अनुरुप प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र नवीकरण गर्नुपर्ने भएकोले २०७७ साल साउन मसान्तभित्र नवीकरणको लागि नागरिकताको प्रतिलिपि र फोटोसहित सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्पूर्ण लाभग्राहीहरूमा जानकारी गराइन्छ ।

**भक्तपुर नगरपालिका**

# लेखा समिति

| क्र.सं. | बैठक सङ्ख्या | मिति | विवरण |
|---|---|---|---|
| १. | चौधौं | २०७६।४।२८ | नगरपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूको आ.व. २०७६।०७७ को लेखापरीक्षण गर्न लेखापरीक्षक छनौट तथा स्वीकृति र नियुक्तिको लागि सिफारीस गरी पठाउने निर्णय गरियो । |
| २. | पन्ध्रौं | २०७६।५।१२ | सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आ.व.२०७५।०७६ को लागि लेखापरीक्षक तोकी स्वीकृत गरी पठाइयो । |
| ३. | सोह्रौं | २०७६।५।१७ | टौमढीदेखि क्वाछेसम्म ढुङ्गा छपाइ कार्य बलराम सिंबन्जारको पे.फ. सम्बन्धी छलफल गरियो । |
| ४. | सत्रौं | २०७६।६।१४ | आ.व. २०७६।०७७ को लेखा परीक्षण गर्न भ.न.पा. बाट स्वीकृत लिन आउन सूचना प्रकाशित गरियो । |
| ५. | अठारौं | २०७६।७।१८ | क. भ.न.पा क्षेत्रभित्र सञ्चालित केही सामुदायिक तथा संस्थागत विद्यालयहरूको लेखा प्रणालीको अनुगमन गरी व्यवस्थित लेखा राख्न सुझाव गरियो ।<br>ख. लेखापरीक्षणमा इन्टर्नशिप गर्न आएका बबिता ग्वाछा र ललिता खोजुको छ महिनाका लागि म्याद थप गरियो । |
| ६. | उन्नाइसौं | २०७६।७।२७ | विनायक विद्याश्रमको आ.व. २०७५।७६ को लेखा परीक्षण गर्न एम टिवारी एण्ड एसोशियटलाई सिफारीस गरेको तथा भ.न.पा द्वारा सञ्चालित कलेज, योजना तथा भक्तपुर पेपर क्राफ्टको लेखा परीक्षण गर्न लेखापरीक्षक मागको सूचना प्रकाशित गरियो । |
| ९ | बीसौं | २०७६।८।३० | विद्यालयहरूको लेखापरीक्षण गर्न पर्याप्त सङ्ख्यामा लेखापरीक्षकको निवेदन नआएकोले ७ दिनको म्याद राखी पुन: सूचना प्रकाशित गर्न लगाइयो । |

*प्रस्तुतकर्ता*
*संयोजक-हरिप्रसाद बासुकला*

# सहकारी संस्था अनुगमन समिति

भक्तपुर नगरपालिका कार्य क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न किसिमका सहकारीहरूको ब्यवस्थित, पारदर्शी, सदस्य केन्द्रित रूपमा सञ्चालन होस् भन्ने उद्देश्यबाट भक्तपुर नगरपालिकाको बोर्ड बैठकबाट गठित सहकारी संस्था अनुगमन समितिको आ.ब. २०७६/०७७ को आषढसम्ममा सम्पन्न कार्य प्रगति प्रतिवेदन यस प्रकार रहेका छन्–

आ.व. २०७६/०७७ मा लेखा परीक्षक नियुक्ति स्वीकृति जम्मा १४५ वटा भएको।

१४५ वटा सहकारी संस्थाहरूबाट जम्मा रु ३९,५३,४९४।७० आम्दानी भएको।




२ नं. वडाध्यक्ष हरिप्रसाद बासुकला

माथि उल्लिखित बचत तथा ऋण सहकारी संस्था

| क्र.सं. | अनुगमन मिति | अनुगमन गरिएको संस्थाको नाम |
|---|---|---|
| १ | २०७६।८।३ | पानस बचत तथा ऋण सहकारी संस्था लि., गपली ४ |
| २ | २०७६।९।७ | अनुगमन प्रतिवेदन सम्बन्धमा छलफल गर्न पानस साकोसका सञ्चालक, लेखा समिति पदाधिकारीहरू र ब्यवस्थापक बोलाई छलफल कार्यक्रम |
| ३ | २०७६।९।१६ | अनुगमन प्रतिवेदन सम्बन्धमा छलफल गर्न जनशक्ति साकोसका सञ्चालक, लेखा समिति पदाधिकारीहरू र ब्यवस्थापक बोलाई छलफल कार्यक्रम |
| ४ | २०७६।९।१४ | समदर्शी बचत तथा ऋण सहकारी संस्था लि., महेश्वरीस्थान ८ |
| ५ | २०७६।१०।२० | हाम्रो अरनिको बचत तथा ऋण सहकारी संस्था लि., ब्यासी २ |
| ६ | २०७६।१०।२० | अनुगमन प्रतिवेदन सम्बन्धमा छलफल गर्न हाम्रो अरनिको साकोसका सञ्चालक, लेखा समिति पदाधिकारी र ब्यवस्थापक बोलाई छलफल कार्यक्रम |
| ७ | २०७६।११।२८ | साथीभाइ बचत तथा ऋण सहकारी संस्था लि., बाराही, भक्तपुर ४ |
| ८ | २०७६।१२।३ | पुन: समदर्शी बचत तथा ऋण सहकारी संस्था लि., महेश्वरीस्थान ८ |
| ९ | २०७७।३।३ | अनुगमन प्रतिवेदन सम्बन्धमा छलफल गर्न समदर्शी साकोसका लेखा समिति पदाधिकारीहरूलाई बोलाई छलफल कार्यक्रम |
| १० | २०७७।३।१० | भक्तपुर नगरपालिका कार्य क्षेत्रभित्रका विभिन्न सहकारी संस्थाहरूका अध्यक्षहरूलाई बोलाई भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ सम्बन्धमा छलफल कार्यक्रम |

लि.हरूको अनुमगमनको क्रममा देखिएका सुधार गर्नु पर्ने बुदाहरूको बारेमा निम्नानुसार संस्थालाई कार्यालयमा बोलाई छलफल गरी सुधार गर्ने प्रतिवद्धता गराई निर्णय गरिएको–

१. पानस बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरू तथा ब्यवस्थापकलाई मिति २०७६।९।७ गते कार्यालयमा बोलाई २४ बुँदे सुधार गर्नु पर्ने विषयहरूमा छलफल गरी संस्थाबाट सुधार गर्ने प्रतिवद्धता गराई निर्णय गरिएको।
२. जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. का सञ्चालक समिति, लेखा समितिका पदाधिकारीहरू तथा ब्यबस्थापकलाई मिति २०७६।९।१६ गते कार्यालयमा बोलाई १५ बुँदे सुधार गर्नु पर्ने विषयहरूमा छलफल गरी संस्थाबाट सुधार गर्ने प्रतिबद्धता गराई निर्णय गरिएको।
३. समदर्शी बचत तथा ऋण सहकारी संस्था लि. को अनुगमनको क्रममा देखिएको ११ बुँदे सुधार गर्नु पर्ने विषयहरूलाई सुधार गर्ने कार्ययोजना बनाई सञ्चालक समितिको बैठकबाट पास गरी भक्तपुर नगरपालिकामा पेश गर्न पत्राचार भएको।
४. हाम्रो अरनिको बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरू तथा ब्यवस्थापकलाई मिति २०७६।१०।२० गते कार्यालयमा बोलाई ११ बुँदे सुधार गर्नु पर्ने विषयहरूमा छलफल गरी संस्थाबाट सुधार गर्ने प्रतिवद्धता गराई निर्णय गरिएको।
५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त सहकारी संस्थामा भएको अनियमिताको उजुरी सम्बन्धमा बैठकमा छलफल गरी उजुरीमा उल्लेखित विषयहरूको सम्बन्धित सहकारी संस्थाबाट कागजातहरू झिकाई अध्ययन गरी सो सम्बन्धमा लेखा समितिका पदाधिकारीहरूलाई बोलाई बुझ्ने काम सकिसकेको।

*प्रस्तुतकर्ता*
*संयोजक– हरिप्रसाद बासुकला*

# न्यायिक समिति



६नं. वडाध्यक्ष हरिराम सुवाल

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ ले दिएको क्षेत्राधिकारभित्र रहीभक्तपुर नगरपालिका, न्यायिक समितिबाट आ.व. २०७६।०७७ मा देहायबमोजिमको मुद्दाहरू कार्यवाही, मुद्दाको रोहमाआदेश, फछ्यौंट र मिलापत्रगरिएको व्यहोराको प्रतिवेदन ऐ. ऐनको दफा ५३(२) बमोजिमनगरसभा समक्ष पेश गर्दछु ।

**२०७६।४।१ गतेदेखि २०७७।३।१६ गतेसम्म**

| उपदफा | मुद्दा | जम्मा मुद्दा | मेलमिलाप कालागि पठाइएको | मेलमिलाप भइ आएको | तामेलीआदेश भएको | प्रमुख समक्ष पठाइएको | अदालतमा पठाइएको | निर्णय भएको | हाल बाँकी मुद्दा |
|---|---|---|---|---|---|---|---|---|---|
| १(घ) | ज्याला मजुरी नदिएको | १ | | | | | | ० | १ |
| १(च) | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाहनगरेको | २ | | | | | | ० | २ |
| १(ञ) | आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गावा सार्वजनिक बाटोमापानीझारेको | ५ | | | | | | १ | ४ |
| १(ट) | संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानूनबमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको | ९ | | १ | तामेली निर्णय २ | १ | | ३ | २ |
| १(ठ) | कसैको हक स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्यकुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको | १७ | | | | २ | | ६ | ९ |
| १(ज) | घर बहाल र घर बहाल सुविधा | १ | | | | | | ० | १ |
| | जम्मा | ३५ | | १ | २ | ३ | | १० | १९ |

## दफा ४७ मेलमिलापको माध्यमबाट मात्रविवादको निरुपनगर्ने अधिकार हुने

| उपदफा | मुद्दा | जम्मा मुद्दा | मेलमिलापकालागि पठाइएको | मेलमिलापभई आएको | तामेलीआदेश भएको | अदालतमा पठाइएको | निर्णय भएको | हाल मुद्दा बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| २(क) | सरकारी, सार्वजनिकवा सामुदायिकबाहेक एकाको हकको जग्गाअर्कोले च्यापी, मिचीवा घुसाई खाएको | २६ | १५दिनको म्याददिइएको | | | | १० | १६ |
| २(ख) | सरकारी, सार्वजनिकवा सामुदायिकबाहेक आफ्नो हकनपुग्ने अरुको जग्गामा घर वाकुनै संरचनाबनाएको | १२ | १ महिनाको म्याददिइएको | | | | ३ | ९ |
| २(घ) | अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट | १ | | | | | ० | १ |
| २(ञ) | ध्वनि प्रदूषण गरी वाफोहरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको | १ | | | | | ० | १ |
| | जम्मा | ४० | | | | | १३ | २७ |
| | | | | | | | | |
| | कूलजम्मा | ७५ | | १ | २ | ३ | २३ | ४६ |

न्यायिक समितिले हरेक हप्ताको बिहीबार दिनको २:०० बजे इजलास बसी विवादका विषय (मुद्दा) मा सुनुवाई, छलफल गर्ने, मिलापत्रका लागि पक्षहरूलाई प्रेरित गर्ने, मुद्दाको रोहमा आवश्यक प्रमाण बुझ्नेलगायतका आदेश गर्ने र निर्णय गर्ने गरिएको अनुरोध गर्दछु । साथै हरेक हप्ताको शुक्रबार दिनको २:०० बजे आवश्यकताअनुसार विवादका विषयहरूको स्थलगत निरीक्षण तथा बुझ्ने प्रक्रिया गरिने गरिएको र न्यायिक समितिको बैठक (इजलास) मा भ.न.पा.का कानून अधिकृत गणेशलाल फोजुले सहायकको रूपमा आवश्यक कार्य गर्ने गरेको समेतको प्रतिवेदन पेश गर्दछु ।

*प्रस्तुतकर्ता*

*सदस्य-हरिराराम सुवाल*

## बजार अनुगमन समिति

भक्तपुर नगरपालिकाको सातौं नगरसभामा बजार अनुगमन समितिको प्रतिवेदन पेश गर्दछु ।

समय परिस्थितिसँगै मानिस आफ्नो खानपान, अन्न उत्पादनमा विस्तारै परनिर्भर हुँदै गएको आभास भैरहेको छ । मानिसहरू वर्तमानमा जङ्क फुड, प्याकेजिङ्ग खानेकुरा, अत्यधिक चिल्लोजन्य वस्तु, मासु जस्ता खानेकुरामा आकर्षित भैरेहेका छन् । मानिसको खानपान अनुसार रोगहरू पनि निम्तिरहेको कुरा सुन्नमा आइरहेको छ । मानवको स्वास्थ्यलाई प्रभाव पार्ने यस्ता वस्तुसँग हामी सचेत हुन आवश्यक छ । जनतालाई बुझाउनु पर्ने तडकारो आवश्यकता हामी जनप्रतिनिधिको सामु छ । यसर्थ बजार अनुगमन समितिले नियमित रूपमा विविध क्षेत्रमा बजार अनुगमन गरिरहेको छ । जस्तै औषधी पसल, भेटनरी, होटेल, खाजा पसल, किनारा पसल, मिठाई पसल, मासु पसल, खाद्य पसल, चामल, पिठो अन्य वस्तुको गोदाम, अस्पताल, फेन्सी पसल, जुत्ता पसल, लेखापढी, कानुनी परामर्श सेवा, सडक किनार पेटीका अव्यवस्थित बजार, हार्डवेयर, सुन पसल, सुपर मार्केट, क्लिनिक, महिला श्रृंगार पसल लगायतमा अनुगमन गरेका छौं ।



३ नं. वडाध्यक्ष राजकृष्ण गोरा

- अनुगमनको क्रममा पहिलो पटक सचेत पार्न दर्ता गराउने, दोश्रो पटक नसिहत र तेस्रो पटक कार्वाही दण्ड जरिवाना र आवश्यक ठाउँमा सील समेत गरिएको छ ।
- समितिले आवश्यकता अनुसार र प्राप्त भएको खबर अनुसार पनि अनुगमन गरेको छ ।
- समितिले आवागमनलाई अवरोध हुने गरी अव्यवस्थित रूपमा पसल राख्ने, घुम्ती व्यापारी लगायतलाई नपामा बोलाई छलफल चलाई सचेत गर्ने तथा अनुरोध गर्ने काम गरिरहेको छ । अटेर गर्ने व्यवसायीहरूको सामान उठाउने, जरिवाना गर्ने कारबाहीहरू भैरहेको छ ।
- बजार अनुगमनलाई प्रभावकारी बनाउन नपा अन्तर्गत नै एक खाद्य विज्ञ र परीक्षण गर्ने व्यवस्था भएमा अझ सहज हुने देखिन्छ ।
- यसर्थ बजार अनुगमन कार्यमा सम्पूर्ण जनप्रतिनिधि, व्यवसायीका साथै जनताको सहयोग थप आवश्यक महसुस गरेका छौं ।

*प्रस्तुतकर्ता*
*संयोजक- राजकृष्ण गोरा*

## कृषि समिति

भक्तपुर नगरपालिकाको सातौं नगरसभामा कृषि समितिको तर्फबाट निम्नअनुसार बुँदागत रूपमा प्रतिवेदन पेश गर्दछु ।

१. यस समितिको बैठक जम्मा १५ पटक बसियो ।
२. २०७६ श्रावण १० गतेदेखि छाडा कुकुर व्यवस्थापन, बन्ध्याकरण र रेबिजविरुद्ध सुई सञ्चालन गरियो । यस वर्ष ७० वटा जति व्यवस्थापन, १६० जति बन्ध्याकरणर ४०० जति रेबिज सुई दिइयो ।
३. २०७६ भाद्र ३० गते समसामयिक तथा कृषि यान्त्रिकीकरणबारे नगर स्तरीय कृषक भेला भयो ।
४. २०७६ भाद्र, असोज, कार्तिक र मंसिरसम्ममा १० वटै वडामा कौसी खेती तालिम सम्पन्न । तालिममा लगभग ५०० जना सहभागी भए ।
५. ३९१ घण्टे (५ महिने) कृषि प्राविधिक तालिम सम्पन्न जसमा २१ जनाको सहभागिता रह्यो ।
६. ३ दिने कृषि अध्ययन भ्रमण चितवन, कास्की र तनहुं जिल्लाका विभिन्न कृषि फर्ममा भयो ।
६. ५ वटा टनेल र ५ वटा थोपा सिँचाइ
७. वडा वडामा धान चुत्ने थ्रेसर वडावासीहरूलाई उपलब्ध गराइयो ।
८. २०७६ कार्तिक १० गते कृषि प्राविधिक तालिमको प्रमाण पत्र वितरण ।
९. ५० प्रतिशत सहुलियत (अनुदानमा) कृषि चुन वितरण ।
१०. कृषि सिँचाइ कुलो जगातिमा बनाइयो ।
११. बीउ अभावलाई मध्यनजर गरी २१००० किलो ताइचिन धानको बीउ लगभग ८००० परिवारलाई वितरण गरियो ।
१२. ताइचिन धानको मुल बीउ अर्को वर्षलाई बीउ उत्पादन गर्न १२५ के.जी. किसानहरूलाई वितरण गरियो ।
१३. हाम्रो योजना अनुसार धान तथा गहुँ काट्ने मेसिन, खेत जोत्ने ट्र्याक्टर, तरकारी बीउ, तरकारी बजार, IPM तालिम कोरोना एवं विविध कारण गर्न सकिएन ।

*प्रस्तुतकर्ता*
*संयोजक-राजकृष्ण गोरा*

# खानेपानी व्यवस्था समिति

भक्तपुर नगरपालिकाको खानेपानी व्यवस्था समितिको आ.व. २०७६/०७७ को प्रगति प्रतिवेदन निम्नानुसार पेश गरेको व्यहोरा अनुरोध गर्दछु :

१. भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालयको परिसरमा सम्पन्न गरेको डीप बोरिङ्ग पानी व्यवस्थित एवं पिउन योग्य बनाउन फिल्टरेशन प्लान र ट्याङ्की बनाउन ल.ई.इष्टमेट गरी ट्याङ्की निर्माण कार्य भइरहेको छ ।

२. सुख्खायाममा नगरको प्रत्येक वडा वडामा धाराबाट पानी आएको नआएको बारे क्षेत्र पहिचान गरी वडाको रिपोर्टहरू तयार गरी न.पा. मा पठाउन प्रत्येक वडा समितिलाई पत्राचार गर्ने निर्णय गरेका छौं ।

३. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कमलविनायक, तुमचो दुगुरे आवास योजना, लिवाली आवास योजनालगायतका ठाउँहरूमा खानेपानीको पाइपलाइन विस्तार गर्न काठमाडौं उपत्यका खानेपानी लि. लाई पत्राचार गरेको ।

४. भक्तपुरका नगरवासीहरूलाई खानेपानीको व्यवस्था गर्न मेलम्ची खानेपानी आयोजनाबाट पहिलो चरणमै खानेपानी वितरण गर्न भक्तपुर सूर्यविनायक पाण्डुबजार खानेपानी ट्याङ्कीबाट सिद्धपोखरीसम्म र जगाती, सूर्यविनायक, कमलविनायकसम्म बाइपास पाइपलाईनको व्यवस्था गर्न मेलम्ची खानेपानी आयोजनालाई अनुरोध गरिएको छ ।

५. २०७६ साल जेठ महिनादेखि विगतका वर्षहरूमा झैं ट्याङ्करबाट खानेपानी वितरण गर्ने निर्णय गरिएको छ ।

६. भ.न.पा. वडा नं. ८ लिवालीमा डीप बोरिङ्ग कार्य सम्पन्न भै जगातीको फिल्टर प्लानमा जोडी पानी वितरण भइरहेको ।

७. तुमचो, दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा बोरिङ्ग कार्य सम्पन्न भएको र थप ३ लाख लिटरको पानी ट्याङ्की निर्माणाधिन अवस्थामा रहेको ।

८. भ.न.पा.वडा नं. २ स्थित सल्लाघारीमा खानेपानी ट्याङ्की निर्माण सम्पन्न भइसकेको र सो पानी वडा नं. १, २, ३ क्षेत्रमा वितरण भइरहेको ।

९. भ.न.पा.वडा नं. १ कार्यालय अगाडि आकाशे पानी सङ्कलन ट्याङ्की निर्माण कार्य सम्पन्न भएको । सो ठाउँबाट भ.न.पा १ मा १२ वटा धारा वडाको विभिन्न स्थानमा राखी पानी वितरण गरिरहेको ।

१०. आ.व २०७७।७८ को लागि काठमाडौं उपत्यका खानेपानी लि. मा तपसिल अनुसार योजना माग गर्ने निर्णय गरियो–

क) भक्तपुर नगरपालिका वडा नं. १ देखि १० सम्म ५ कि.मी. वाइपास लाइनको (मुख्य खानेपानीको पाइप



८ नं. वडाध्यक्ष महेन्द्र खायमली

लाइनको) व्यवस्था गर्ने र नगरको पुरानो खानेपानी पाइप जीर्ण भएकोलाई नयाँ पाइप लाइनको व्यवस्था गर्न काउखालिलाई पत्राचार गर्ने ।

ख) भक्तपुर नगरपालिकाभित्रका तपसिलका वडाहरूमा खानेपानी तथा ढल निकासको पाइप लाईन जडान गर्न काउखालिमा अनुरोध गर्ने निर्णय भएको छ :

**तपसिल**

| क्र.सं. | वडा नं. | खानेपानी पाइप लाइन | ढलको पाइप लाइन |
|---|---|---|---|
| १ | १ | १४०० मिटर | २१०० मिटर |
| २ | २ | २२५० मिटर | – |
| ३ | ३ | ७०० मिटर | १०० मिटर |
| ४ | ४ | ११०० मिटर | ८०० मिटर |
| ५ | ५ | ५०० मिटर | ५०० मिटर |
| ६ | ६ | ३०० मिटर | ६०० मिटर |
| ७ | ७ | ४०० मिटर | ४०० मिटर |
| ८ | ८ | २७५० मिटर | ५०० मिटर |
| ९ | ९ | ८००० मिटर | – |
| १० | १० | – | १००० मिटर |

ग) भक्तपुर नगरपालिका वडा नं. १० सुकुना फाँटमा डीप बोरिङ्ग व्यवस्था गर्न भ.न.पा. वडा नं. १ स्थित दूध चिस्यान केन्द्र र नपलीको सार्वजनिक जग्गामा डीप बोरिङ्गको गर्न का.उ.खा.लि. मा अनुरोध गर्ने ।

घ) भनपा वडा नं. २ सल्लाघारी, भनपा वडा नं. ७ गोल्मढी र भ.न.पा. वडा नं. ८ जगातीको डीप बोरिङ्गबाट उत्पादन भएको पानी पिउन योग्य बनाउन फिल्टरको व्यवस्था गर्न का.उ.खा.लि. मा अनुरोध गर्ने ।

ङ) भक्तपुर नगरको नयाँ विस्तारित आवास योजनामा खानेपानी लाइनको व्यवस्था गर्न का.उ.खा.लि. मा अनुरोध गर्ने ।

*प्रस्तुतकर्ता*

*संयोजक – महेन्द्र खायमली*

# युवा तथा खेलकुद समिति

भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको वार्षिक प्रगति पेश गर्न चाहन्छु ।

यस सातौं नगर सभामा युवा तथा खेलकुद समितिको २०७६/०७७ को प्रगति प्रतिवेदन पेश गर्न पाउँदा हामी खेलकुद समितिका साथीहरूलाई ज्यादै खुशी लागेको छ ।

२०७४ सालको स्थानीय निकायको चुनावपछि महेश्वरी खेल मैदान, शहीद स्मृति खेल मैदान र लिवाली कभर्ड हल निर्माण गर्ने लक्ष्यसहित हामी अगाडि बढिरहेका छौं । तर प्राविधिक कारणले हामी बनाउन सकिरहेका छैनौं ।

अन्तर नगर खेलकुद प्रतियोगितालगायत राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी हुनुका साथै अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गरिरहेका छौं ।

प्रत्येक वडामा वडा कार्यालय अन्तर्गतका खेलकुद समितिहरू गठन पश्चात् समय समयमा सरसफाइ, स्वयंसेवक, खेलकुद प्रतियोगिताहरू गर्दै आएका छौं ।

युवा तथा विद्यार्थीहरूलाई कुलतबाट बचाई खेलकुदबाट रचनात्मक क्रियाकलापमा लाग्न प्रेरित गर्न, सभा, गोष्ठी गरी परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू र जिम्मेवारी पनि युवा तथा खेलकुद समितिले निर्वाह गर्दै आइरहेको छ ।

साथै भ.न.पा.१ नं. वडा कार्यालयमा खेलाडी, प्रशिक्षक, निर्णायकहरूको भेटघाट, मार्गनिर्देशन, आत्मरक्षा सम्बन्धीका प्रशिक्षकहरूमा मार्गनिर्देशन कार्यक्रम पनि गरिएको थियो ।

प्रमुखज्यूको सल्लाह, सुझाव, जिल्ला सङ्घहरूको सल्लाह, सुझाव, खेल प्रशिक्षक, टिम, क्लव, खेलाडीहरू तथा खेलप्रेमीहरूका संयुक्त प्रयास र सुझावकासाथ निम्न कार्यहरू भएको प्रतिवेदनमा पेश गर्दछु :

१. यस नगरपालिका अन्तर्गत वडा नं. १ देखि १० वडाका वडावासीहरू, ख्वप कलेज र ख्वप इन्जिनियरिङ्ग कलेजका विद्यार्थीहरूसमेतलाई शारीरिक व्यायाम गर्न२० औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा २०७६ श्रावण २७ गते दोश्रो लटको व्यायाम सामग्रीहरू नगरपालिका प्रमुख श्री सुनिल प्रजापतिज्यूबाट वितरण गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भलिबल, फुटबल, करांते, टेबुल टेनिस, बक्सिङ्ग र जिम्नाष्टिकका प्रशिक्षक, प्रशिक्षार्थीहरू र वडा खेलकुद समितिका संयोजकहरूलाई २०७६ भाद्र १४ गते प्रशिक्षण एवं मार्गनिर्देशन कार्यक्रम प्रमुख श्री सुनिल प्रजापतिज्यूको आतिथ्यतामा सम्पन्न गरियो ।

३. २०७६ भाद्र १५ गते, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि भनपा वडा नं. १० को बेखाल कभर्ड हल, बक्सिङ्ग हल, भनपा वडा नं. ८ स्थित लिवाली कभर्ड हल भ.न.पा.७, पाँचाखेलमा विचरण पार्क निर्माण कार्य, भनपा वडा नं. १० कमलपोखरी परिसरमा विचरण पार्क निर्माण कार्य र भनपा १ च्वङा गणेश मन्दिर परिसरमा ट्रयाक एण्ड फिल्ड रुट निर्माण गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरियो ।

४. २०७६ कार्तिक १७-२३ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय भलिबल, फुटसल, कबड्डी, एथ्लेटिक्स, कसिमला पाँय्, खो खो, उसु, तेक्वाण्डो, करांते, टेबुल टेनिस, बुद्धिचाल, ब्याटमिन्टन, पोर्टबल र जिम्नाष्टिक गरी १४ वटा खेलको प्रतियोगिता सफतापूर्वक सम्पन्न गरियो । उक्त प्रतियोगितामा २१०० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

५. १३ औं दक्षिण एशियाली खेलकुद २०७६ (साग) प्रतियोगितामा पाल्नु भएका विभिन्न राष्ट्रका खेलाडी, खेल पदाधिकारी, अफिसियललगायतलाई स्वागत गर्न भनपा १, भार्वाचो र सल्लाघारीको खुल्ला मैदानमा ब्यानर राखी १३ औं सागमा सहभागी खेलाडीहरूलाई स्वागत गरियो ।

६. ०७६ कार्तिक १७ गते, अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता आयोजना गर्न भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको उद्घाटनका दिन प्रमुख सुनिल प्रजापतिज्यूबाट घोषणा गर्नु भयो ।

७. २०७६ पौष ५ गते भएको काठमाण्डौ म्याराथनमा सहभागी स्वदेशी एवं विदेशी खेलाडीहरूलाई भक्तपुर नगरमा स्वागत गरियो ।

८. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८-१३ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स खेलकुद प्रतियोगितामा भक्तपुर नगरपालिका टिम तयार गर्न खेलाडी छनौट गरियो ।

९. भक्तपुर नगरपालिकाको ६९ औं स्थापना दिवस २०७६ पौष ८ गतेका दिन जनप्रतिनिधिहरूबीच र कर्मचारीहरूबीच खेलकुद प्रतियोगिता आयोजना गरियो ।

१०. ललितपुर महानगरपालिकाको आयोजनामा ०७६ पौष १९-२५ गतेसम्म भएको 'महानगर कप' भलिबल प्रतियोगितामा नगरपालिकाका प्रशिक्षार्थीहरूलाई सहभागी गराइयो ।

११. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८-१२ गतेसम्म हुने अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा १२५ सदस्य मूल समिति गठन गर्ने निर्णय गरियो ।

१२. भक्तपुर नगरपालिकाको १देखि १० वडाका विद्यालयका छात्राहरूलाई आत्मरक्षा तालिम सञ्चालन गराउने निर्णय गरियो । जसमध्ये माघ २० गते १, ३, ५, ६, ७ र १० वडाका ४०५ जना छात्रा विद्यार्थीहरूलाई आत्मरक्षा सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

१३. प्रत्येक वर्ष नयां वर्षको अवसरमा गरिँदै आएको भक्तपुर जिल्लाबाट विभिन्न खेलमा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीलाई बधाई तथा विभिन्न खेलका प्रशिक्षक एवं रेफ्रीहरूलाई सम्मान गर्ने कार्यक्रम कोरोना भाइरसका कारण हाललाई स्थगित गरी



१ नं. वडाध्यक्ष श्यामकृष्ण खत्री

सो कार्यक्रम कोराना भाइरस सङ्क्रमण सकिएपछि आयोजना गर्ने निर्णय गरिएको छ ।

१४. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ फागुन ८–१२ गतेसम्म भएको अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको २०७६ फागुन ८ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यतामा सफलतापूर्वक उद्घाटन कार्यक्रम सम्पन्न भएको छ । साथै सोही प्रतियोगिताको पुरस्कार एवं समापन कार्यक्रम ०७६ फागुन १२ गते, नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यतामा सफलतापूर्वक गरियो ।

१५. भ.न.पा. वडा नं. ७ स्थित माहेश्वरी खेल मैदान र भ.न.पा. वडा नं. २ स्थित शहीद स्मृति खेल मैदानको पूर्वाधार तयार गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषदमा बजेट विनियोजनको लागि र स्वीकृतिको लागि पत्राचार गरिएको छ ।

१६. यस युवा तथा खेलकुद समितिले आ.व.२०७७/०७८ को लागि अनुमानित बजेट पेश गरियो । साथै पूर्वाधार विकासमा शहीद स्मृति खेल मैदानलाई प्राथमिकतामा राखी कार्य योजना बनाएकोमा आंशिक रूपमा कार्य सञ्चालन भयो भने सिद्ध पोखरीको उत्तरतर्फको खेल मैदानलाई सुधार गरी तार जाली राख्ने कार्य सम्पन्न भयो । रु.१ करोड ८० लाखमध्ये रु.१ करोड ३ लाख १४ हजार २०७७ जेठ मसान्तसम्ममा खर्च भएको छ ।

१७. भ.न.पा. वडा नं. १० स्थित बेखाल कभर्ड हलको पूर्वाधार निर्माण तयार गर्न नेपाल सरकार, बागमती प्रदेश सरकारलाई रु.५०,००,०००।– (अक्षेरेपी रु.पचास लाख) रकम विनियोजन गर्न पत्राचार गरेको र साथै सो हल निर्माण गर्न रु.१,१९,६२,१६७।– (अक्षेरेपी रु.एक करोड उन्नाइस लाख, बैसठ्ठी हजार एक सय सरसठ्ठी) रूपैयाँ विनियोजनको लागि प्रस्तावित ल.ई बागमती प्रदेशमा पठाइएको छ ।

*प्रस्तुतकर्ता*
*संयोजक–श्यामकृष्ण खत्री*

## अपाङ्गताको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति

यस भक्तपुर नगरपालिकाकाको मिति २०७५/१२/१९ गते बसेको बोर्ड बैठकबाट गठित अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको आर्थिक वर्ष २०७६/०७७ सालको वार्षिक प्रगति प्रतिवेदन यस प्रकार रहेको छ–

१. आर्थिक वर्ष २०७६/०७७ सालमा यस समितिको बैठकले वडा वडाबाट सङ्कलन गरी पेश गरिएको निवेदनका आधारमा सबै वर्गका अपाङ्गता भएका १२६ जनालाई अपाङ्गता कार्ड वितरण गरिसकेको छ । जसमा पुरुष ६८ र महिला ५८ रहेका छन् ।

**आर्थिक वर्ष २०७६/०७७ सालमा अपाङ्गता**




**परिचयपत्र प्राप्त गर्नेहरूको तथ्याङ्क**

२. आर्थिक वर्ष २०७६/०७७ सालमा यस समितिको जम्मा १३ पटक बैठक बसेको छ ।

३. २८ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मिति २०७६ मंसिर ७ गते भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण (नाक, कान, घाँटी, आँखा र हाडजोर्नी) गर्न स्वास्थ्य शिविर सञ्चालनका साथै औषधि वितरण कार्य समेत सम्पन्न भएको छ ।

४. २८ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मंसिर ७ गते विशेष खेलकुद प्रतियोगिता सम्पन्न भयो र सोही दिन विजेता खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । साथै सहभागी खेलाडीहरूलाई समेत मायाको चिनो स्वरूप भक्तपुर नगरपालिकाको लोगो अङ्कित कप तथा टि–सर्ट वितरण गरिएको थियो ।

५. २०७६ मंसिर २२ गतेदेखि अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूको अवस्था बुझ्न समय समयमा घरदैलो कार्यक्रम गरिँदै आएको छ ।

*प्रस्तुतकर्ता*
*सदस्य–श्यामकृष्ण खत्री*

## महिला बालबालिका तथा समाज कल्याण समिति

१. मंसिर ९ गतेदेखि २४ गतेसम्म अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत प्रत्येक वडामा कानुनी साक्षरता कार्यक्रम गरियो ।

२. महिला तथा युवा लक्षित तालिम–

क. सिलाई
- एड्भान्स सिलाई २ समूह
- बेसिक सिलाई २ समूह
- बुटिक सिलाई १ समूह

ख. भाषा तालिम
- एड्भान्स चाइनिज २ समूह
- बेसिक चाइनिज १ समूह

ग. बेसिक विद्युत जडान र प्लम्बिङ्ग तालिम सञ्चालन गर्न तयारी पूरा गर्दागर्दै कोभिड १९ ले गर्दा स्थगित भइरहेको छ ।



कार्यपालिका सदस्य रोशन मैया सुवाल

आगामी दिनमा सञ्चालन गरिने छ ।

*प्रस्तुतकर्ता*
*संयोजक–रोशन मैया सुवाल*


**भक्तपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**भक्तपुर नगरापलिकाको सूचना**

यस भक्तपुर नगरपालिकामा बुझाउनुपर्ने सम्पत्ति कर (घर जग्गा कर) तथा मालपोत (भूमिकर) नगरपालिका कार्यालय ब्यासीबाट नभई नगरवासीहरूको सुविधाको लागि वडा वडाबाटै लिने गरिएकोले उल्लेखित कर बुझाउन आ–आफ्नो वडा कार्यालयमा सम्पर्क गरी बुझाउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

भक्तपुर नगरपालिका

# भक्तपुर नगरपालिकाको
# सातौं नगरसभा

**(२०७७ असार ७ गते, आइतवार- असार १६ गते मङ्लवार)**

# कार्यक्रम प्रतिवेदन

## उद्घाटन समारोह

भक्तपुर नगरपालिकाको सातौं नगरसभा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं माननीय सङ्घीय सांसद **प्रेम सुवाल**ले पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो ।

समारोहमा प्रमुख अतिथि सांसद सुवालले भक्तपुर नगरपालिकालाई आत्मनिर्भर बनाउन आम्दानीका स्रोतहरूको पहिचान गर्न आवश्यक भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले समाजवादी देशको शिक्षा नीति र पद्धतिबाट सिक्दै आफ्नो शैक्षिक नीतिहरूलाई अगाडि बढाउनुपर्ने, खेलकुदमा प्राप्त पदकलाई शैक्षिक योग्यतासँग जोड्ने नीति अगाडि सार्नुपर्ने भन्नुहुँदै उहाँले राजश्व र कर सङ्कलनले मात्र देशको आर्थिक विकास नहुने बताउनुभयो ।

सत्तारुढ नेकपाले ल्याएको नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि अङ्गीकृत नागरिकता दिने प्रस्तावमा असहमति जनाउनुहुँदै सांसद सुवालले विदेशी बुहारीलाई कम्तीमा १५ वर्षपछि मात्र अङ्गीकृत नागरिकता प्रदान गर्ने प्रावधान राख्नुपर्ने धारणा राख्नुभयो । विदेशी नागरिकता त्यागेको प्रमाणित भइसकेपश्चात मात्र अङ्गीकृत नागरिकताको बन्दोबस्त गर्नुपर्ने अडान उहाँको थियो ।

सांसद सुवालले उपभोक्ता समिति र अमानतबाट हुने विकास निर्माणका कार्यहरूमा आर्थिक अनुशासनको खाँचो आवश्यक भएको बताउनुहुँदै जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो–'सिंहदरबारलाई पुरानो गाडी थन्क्याउने थलो बनाइरहेको छ । अनावश्यक नयाँ गाडी किनेर धेरै फजुल खर्चका कारण देशको स्थिति झन् कमजोर हुँदै गएको छ ।'



अपराधी र कर्पोरेटहरूले चलाएको देशमा व्यापक जनताको हित नहुने भन्नुहुँदै सांसद सुवालले शासक दलहरूले व्यक्तिगत फाइदाको निम्ति मात्र राजनीति गरिरहेको बताउनुभयो । उहाँले देशको सन्तुलित विकासको लागि देशका विभिन्न ठाउँहरूमा स–साना सहरहरूको विकास, युवाहरूलाई कृषिमा आकर्षण, जलाधार क्षेत्रको संरक्षण गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आव २०७७/७८ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

नीतिभन्दा व्यक्तिगत पहुँचको आधारमा सङ्घ र प्रदेशको बजेट विनियोजन हुने गरेको भन्नुहुँदै प्रमुख प्रजापतिले अहिले पनि जनप्रतिनिधिहरू सिंहदरबार धाउनुपर्ने सामन्ती संस्कारले निरन्तरता पाइरहेको बताउनुभयो ।

केन्द्र र प्रदेशको आदेश र निर्देशनमा शासन चलाउन खोज्नु सङ्घीयताविपरीत भएको बताउनुहुँदै उहाँले स्थानीय तहहरू स्वायत्त छन् र पूर्ण स्वायत्त हुनुपर्ने र स्थानीय तहको अधिकारमाथि कहीं कतैबाट कुनै किसिमको हस्तक्षेप हुन नहुने बताउनुभयो ।

उहाँले घना जनसङ्ख्याका कारण उपत्यकामा फोहोरमैला व्यवस्थापन, खानेपानी, ट्राफिक जाम र वातावरण प्रदूषण जस्ता समस्याहरू दिनानुदिन बढिरहेको अवस्थामा उपत्यकामा ठूल्ठूला उपसहरहरूको विकासले उपत्यकावासीले थप समस्या भोग्नुपर्ने बताउनुभयो ।

सङ्कटको बेला जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने मान्यताकासाथ जनतालाई कुनै समस्या नपरोस् भन्ने कुरामा भक्तपुर नपाले सचेततापूर्वक काम गर्दै आइरहेको र कोरोना भाइरस सङ्क्रमण तथा नियन्त्रणको लागि नियमित सरसरफाइ, राहत वितरण, तरकारी बजार व्यवस्थापन, टोल–टोलमा साबुन पानीको व्यवस्था, टोल टोलमा क्लोरिनसहित बिषादी छर्किने, बाहिरबाट आएकालाई क्वारेन्टाइनको व्यवस्था र दैनिक माइकिङ गरी जनचेतना जगाउने कार्यहरू गर्दै आएको बताउनुभयो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् प्रदेशसभा सांसद **सुरेन्द्रराज गोसाईले** भक्तपुर नगरपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कुशल रूपमा कार्यान्वियन हुने विश्वास प्रकट गर्नुभयो ।

दुई तिहाइको नेकपा सरकारले ल्याएको प्रदेशको नीति तथा कार्यक्रम र बजेट पूँजीवादी चरित्रबाट अभिप्रेरित भएको बताउनुहुँदै सांसद गोसाईंले आर्थिक र सामाजिक सङ्कटको समयमा जनप्रतिनिधिलगायत सम्पूर्ण निकायहरूले दत्तचित्त भई इमानदार, निःस्वार्थ र अनुशासित ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

जनप्रतिनिधिहरूले जनताको आलोचनाबाट डराउन नहुने र समाजको सेवालाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुहुँदै सांसद गोसाईंले शासक दलहरूले भ्रष्टाचारी र कमिसनखोरहरूलाई संरक्षण गरेका कारण देश आर्थिक रूपले पछाडि धकेलिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले काठमाडौं उपत्यकामा भएका बस्तीहरू व्यवस्थित गर्न जरुरी भएको बताउनुभयो । उहाँले उपत्यकाको क्षमताअनुसार मात्र नयाँ बस्ती बसाल्नुपर्नेमा जोड दिनुहुँदै नगरवासीहरूको साथ र सहयोगमा नगरको चौतर्फी विकासका लागि विकास निर्माणका कामहरू/संरक्षणका कामहरू निर्वाध रूपमा अगाडि बढाइरहेको छ भन्नुभयो ।

प्रमुख जिल्ला अधिकारी **हुमकला पाण्डे**ले देश विकासको लागि सम्पूर्ण स्थानीय तहहरूले उदाहरणीय कार्यलाई प्राथमिकता दिई बजेट, नीति तथा कार्यक्रममा समावेश गरी त्यसको असल कार्यान्वयन गर्नु आवश्यक रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनाको लागि गरिरहेको पहलले भक्तपुर र देशकै शैक्षिक गुणस्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रजिअ पाण्डेले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रमको व्यवहारिक कार्यान्वयनमा जोड दिनुभयो ।

नगर प्रमुख प्रजापतिको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **इन्द्रप्रसाद बस्याल**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं.९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## पहिलो बैठक

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को अध्यक्षतामा भक्तपुर नगरपालिकाको सातौं नगरसभाको औपचारिक बैठक आइतबार **दिनको १:३०** बजेबाट सुरु भयो ।

बैठकको शुभारम्भ गर्नुहुँदै सभाध्यक्ष **प्रजापति**ले सङ्घ र प्रदेशबाट विनियोजित बजेटको आधारमा भक्तपुर नगरपालिकाको आगामी बजेटको खाका तयार हुने बताउनुहुँदै स्थानीय तह निर्वाचन २०७४ मा नेमकिपाले प्रस्तुत गरेको घोषणापत्रअनुरूप अगाडि बढ्ने बताउनुभयो । ख्वप विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजीविकरण गर्न योगदान गर्ने भक्तपुर नगरपालिकाको उद्देश्य रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरका सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार कार्यहरू चालु अवस्थामा रहेको बताउनुभयो ।

सभाध्यक्षले अर्को बैठक **असार ९ गते** दिनको **११:०० बजे** बस्ने जानकारी गराउनुभयो ।

## दोस्रो दिन (२०७७ असार ९ गते, मङ्गलवार)

भक्तपुर नगरपालिकाको सातौं नगरसभाका सभा अध्यक्ष भक्तपुर नपा प्रमुख **सुनिल प्रजापति**ले दोस्रो दिनको सभा बिहान ११:०० बजे भनपा सभाकक्षमा सुरुवात गर्नुभयो ।

बैठकको सुरुवात गर्नुभई सभाअध्यक्ष **प्रजापति**ले सातौं नगरसभामा प्रस्तुन नीति तथा कार्यक्रममाथि छलफल शुरु गर्नुभयो ।

छलफलमा भागलिनु हुँदै सभासद् **पूर्णगोपाल राजचल**ले नपाको टोल-टोलमा स्ट्रेचरको व्यवस्था गर्नुपर्ने, नीति तथा कार्यक्रमको ४३ नं. बुँदामा योसिंद्यो वडा नं. ५ हुनुपर्नेमा ४ भएकोले संशोधन गर्नुपर्ने, जयभिंद्योपुलबाट उत्तरतर्फको गलसी जाने बाटो पिच गर्नुभन्दा ढुङ्गा छपाइ गर्दा उपयुक्त हुने सुझाव दिनु भयो । उहाँले नपाद्वारा वितरित बीउ बिजन प्रयोग नगरेको हुँदा नपाले चाईनिज हाइब्रीड बिऊ उत्पादन गरी वितरण गर्नुपर्ने, ख्वप कलेजमा कृषि विषयमा स्नातकोत्तरसम्म पठनपाठनको व्यवस्था हुनुपर्ने, नपामा फोहोर व्यवस्थापनका लागि फोहोर उत्पादन अनुसार कर लिनुपर्ने, कृषकहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनुका साथै औजार सहयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रत्नकाजी नायभारी**ले प्राङ्गारिक र रासायनिक कृषि मलको कारखाना बनाउन प्रस्ताव लानुपर्ने, कृषिमा आत्मनिर्भरताको लागि कृषि ऋण प्रदान र कृषि यान्त्रीकरणमा जोड दिनुपर्ने बताउनु भयो । उहाँले वडाका कृषक समूहलाई वैधानिकता दिनको लागि नीति नियमको व्यवस्था गर्नुपर्ने, आयोजना कार्यालयमा बाली लिन जाँदा वडाध्यक्षले रोकेकोबारे जानकारी माग गर्नुहुँदै देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको यथाशिघ्र जग्गा फिर्ता गर्न पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सूर्य प्रसाद श्रेष्ठ**ले किसानआन्दोलनको नेतृत्व गर्ने अगुवाहरूलाई सम्मान गर्नुपर्ने, भक्तपुर प्रवेशको मुख्य नाकाहरूमा नपाको पहिचान हुने स्वागतद्वार बनाउनुपर्ने, सरकारी कार्यालय र खुल्ला ठाउँ भएका स्थानहरूमा स:शुल्क पार्किङ्गको व्यवस्था गर्नुपर्ने र नगरभित्र खेतीयोग्य जमनी बाँझो राख्न नपाउने तथा राखेमा आवश्यक कारबाही गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले ख्वप विश्वविद्यालय सञ्चालन अनुमतिको बारेमा भएका प्रगति सम्बन्धी जानकारी माग गर्नुहुँदै अरनिको सभाभवन निर्माण कार्यान्वयन हुनुपर्ने भन्नुहुँदै उहाँले असारमा बाटो अवरुद्ध हुने गरी काम गर्दा आपतकालीन अवस्थामा समस्या हुनसक्ने, कोरोना भाइरस सङ्क्रमण रोकथामको लागि छर्किएको क्लोरिन पानी अहिले पनि निरन्तर गर्नुपर्ने, गयभिसिंद्यो पुलको संरचना परिवर्तन भएकोले ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले व्यवसायिक कृषि प्रबर्द्धनका लागि कृषि प्रविधि तालिम र माटो परीक्षणलगायतका तालिमहरू गर्नुपर्ने, तरकारी सङ्कलन केन्द्र स्थापना गरी नपालाई तरकारीमा आत्मनिर्भर बनाउनुपर्ने, नगरको फोहोरमैला व्यवस्थापनका लागि घरघरबाटै कुहिने र नकुहिने फोहोर छुट्याएर व्यवस्थापन गर्नुपर्ने, माहेश्वरी खेल मैदानलाई रंगशालाको रूपमा विकास गर्नुपर्ने, नगरका महत्त्वपूर्ण स्थान, मूल सडक तथा चोकहरूमा सिसि क्यामेरा जडानलाई विस्तार गर्नुपर्ने भन्नुहुँदै उहाँले मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर ल्याउन केयुकेएल र आयोजना निर्देशनालयसँग समन्वय गर्नुपर्ने, आकाशे पानी सङ्कलनको लागि काउखालिसँग समन्वय गरी वितरण गर्नुपर्ने, तुमुचो दुगुरे आवास योजनाको नगरपालिकाले स्वामित्व लिनुपर्ने, सडकमा जथाभावी चौपाया छाड्नेहरूलाई कडा कारबाही गर्नुपर्ने, भुस्याहा कुकुर नियन्त्रण गर्नुपर्ने, युवाहरूलाई बक्सिङ्ग, कराँते, टेबुलटेनिस, भलिबल, जिम्न्यास्टीकका साथसाथै ब्याडमिन्टन र लङ्ग टेनिस प्रशिक्षणको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले श्वेतभैरब मन्दिर पुन:निर्माण गर्नुपर्ने, कृषिको लागि सिँचाइ व्यवस्थापन, नयाँ आवास योजनामा पाटी, पौवा र पोखरी व्यवस्थापन, कृषि सामग्री नपाले नै व्यवस्था गर्नुपर्ने समेत सुझाव दिनुभयो ।






सभासद्हरू गोविन्द दुवाल, पूर्णगोपाल राजचल, रत्नकाजी नायभारी र सूर्यप्रसाद श्रेष्ठ

सभासद् **शिवप्रसाद वाला**ले नगरवासीहरूलाई खुल्ला क्षेत्रमा फोहोर फाल्न निरुत्साहित गर्नुपर्ने, मेलम्चीको पानी वितरण लाईनमा कसरी जोडिने स्पष्ट हुनुपर्ने, नपाभित्र पाइप लाईन विछ्याउने कार्य केयुकेएल वा नपाले कसले गर्ने स्पष्ट पार्नुपर्ने, प्लम्बर र इलेक्ट्रिसियनहरूलाई पनि तालिम दिनुपर्ने भन्नुहुँदै उहाँले युवा उद्यमशीलता अन्तर्गत कतिले रोजगारीको अवसर पाए सो को जानकारी गराउनुपर्ने, बुँदा नं. ८६ मा साक्षर घोषणा भैसकेपछि पनि साक्षरता तालिमको औचित्यताको बारेमा स्पष्ट पार्नुपर्ने र बुँदा नं १०२ मा हड्डी सङ्कलन केन्द्र थप्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले भनपा–७ इनाचोस्थित पर्ती जग्गाको दायाँ बायाँ टहरा निर्माण भइरहेकोले संरक्षण गर्नुपर्ने, घरबाट फोहोर सङ्कलन गर्दा कुहिने र नकुहिने छुट्याई नकुहिनेमा पनि प्लाष्टिक, सिसा छुट्याउनुपर्ने, मूल पिच सडकको दायाँ बायाँ धूलो व्यवस्थापन गर्नुपर्ने, खोला सुधार योजना लागू गर्नुपर्ने भन्नुहुँदै उहाँले ९९ चोक उत्खननको लागि चोकमा पर्ने स्कूल र कार्यालयहरूलाई जग्गा एकीकरण आयोजनाभित्र स्थानान्तरण गर्नुपर्ने, शहीद स्मृति खेल मैदान स्तरोन्नती गर्नुपर्ने, नगरभित्र ट्राफिक व्यवस्थापन गर्नुपर्ने, महत्त्वपूर्ण चोकहरूमा स्तरीय सिसि क्यामेरा आवश्यकता अनुसार व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले सल्लाघारी डीप बोरिङ्गको पानी परीक्षण गर्नुपर्ने, नपाद्वारा निर्मित ट्यांकी पिआईडीको कामले ढल्केको गुनासो रहेकोमा ध्यानाकर्षण गराउनुहुँदै उहाँले खानेपानीको समस्या समाधानका लागि चित्तपोलमा जग्गा खरिद गरी वितरण गरिएको पानी नपाको कुन क्षेत्रमा वितरण गरिएको हो स्पष्ट पार्नुपर्ने, झौखेलस्थित नाब्लामा किनेको जग्गाको प्रगति विवरण स्पष्ट गर्नुपर्ने, केयुकेएलका प्राविधिकहरूले ९९ रोपनी जग्गाको ३ ठाउँमा बोरिङ्ग गरेर सल्लाघारीको ट्यांकीमा भण्डारण गर्न सकिने, खेल मैदान निर्माण हरेक वर्ष नीति तथा कार्यक्रममा राखेतापनि कार्यान्वयन नभएकोले ध्यान दिनुपर्ने, शहीद स्मृति खेल मैदानको स्वामित्वका लागि नपाले जिल्ला समन्वय समिति मार्फत सरकारलाई पठाइएको पत्रकोबारेमा जिज्ञासा राख्नुभयो ।

सभासद् **राजेन्द्र माक**ले नपाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रमा कार्यरत केहि शिक्षक तथा हेल्परहरूको जनगुनासो आएकोले त्यस्ता कर्मचारीहरूलाई दण्ड र कर्तव्यनिष्ठ कर्मचारीहरूलाई पुरस्कृत गर्नुपर्ने, नपाद्वारा सञ्चालित कलेज तथा स्कूलहरूमा राजनैतिक कक्षा सञ्चालन गर्नुपर्ने, बन्दाबन्दीको अवस्थामा सरकारले तोकेको वैकल्पिक शिक्षा प्रणालीलाई वडावडामा स्थानीय शिक्षकशिक्षिकाहरूलाई अनलाईन पठन पाठन गर्नुपर्ने, नगरका प्रावि, निमावि र मावि विद्यालयहरूमा फरक विशेषता भएको विषयहरूको गुणस्तरीय तथा जीवनोपयोगी नमूना विद्यालयको रूपमा विकास गरी भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई छुट्टै शिशु स्याहार केन्द्र खोल्न पहल गर्नुपर्ने भन्नुहुँदै उहाँले कोभिड–१९ रोकथामका लागि स्वास्थ्य सामग्रीसहित पूर्व तयारी गर्नुपर्ने, सम्भब भएमा प्रतिपरिवार एक जनाको पिसीआर परीक्षण गराउनुपर्ने, वडा वडामा सुरक्षा सामग्रीसहित वडा नर्सहरूलाई खटाउनुपर्ने, एक विद्यालय एक सम्पदा, एक सहकारी एक क्षेत्र लागु गर्नुपर्ने र एक विद्यालय एक सांस्कृतिक प्रशिक्षणको अवधारणा आगाडि सार्नुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, सांस्कृतिक महत्त्व बोकेका घाटहरू सुधार गर्नुपर्ने, आवको अन्त्यमा हुने विकास निर्माणलाई निरुत्साहित गर्नुपर्ने, बजार अनुगमनलाई तीव्र पार्नुपर्ने, सल्लाघारीबाट बोरिङ्ग गरिएको पानीलाई समस्याग्रस्त वडा नं. ३,४,५ का भित्री बस्तीहरूमा वितरण गर्नुपर्ने, वडा नं. १० को पाइप लाइन वरपर वन्ती, सुकुण्डा फाँटदेखि खरिपाटी ब्यारेक वरिपरिसम्म अव्यवस्थित भएकोले सुविधासम्पन्न आवास योजना सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **इन्द्रबहादुर प्याठ**ले संसदमा दर्ता भएको ख्वप विश्वविद्यालय विधेयक पारित गर्न दबाबमूलक कार्यक्रम ल्याउनुपर्ने, जनप्रतिनिधि, नपा तथा सरकारी र सामुदायिक संस्थाका कर्मचारीहरूले आफ्ना वालवालिकाहरूलाई सामुदायिक



सभासद्हरू सिद्धिराम अवाल, ज्ञानकुमार मगजु, शिवप्रसाद बाला र हरिरत्न गोर्खाली

र सरकारी विद्यालयमा भर्ना गर्नुपर्ने, सरकारी विद्यालयहरूमा मनपरी शुल्क लिन बन्द गराउनुपर्ने, सांस्कृतिक गुरुहरूको व्यवस्थापन र सम्मान गर्नुपर्ने, कृषि मल कारखाना स्थापना गर्नुपर्ने, स्थानीय कृषकहरूसँग कृषि उत्पादन खरिद गरी सहुलियत दरमा बिक्री वितरण गर्नुपर्ने, स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थापनमा ध्यान दिनुपर्ने, घरदैलो फोहोर घटाउन कम्पोष्ट मल कम मूल्यमा वितरण र तालिमको व्यवस्था गरी कौसी खेतीमा प्रयोग गर्नुपर्ने भन्नुहुँदै उहाँले भार्वाचो गेटदेखि च्याम्हासिंह गेटसम्म हरियाली प्रबर्द्धनको लागि गमलाको व्यवस्था गर्नुपर्ने, वडा निरीक्षकहरू प्राविधिक ज्ञान भएका राख्नुपर्ने, नयाँ आवास/घर निर्माणमा स्लोप छाना छाउने व्यवस्था सम्बन्धी जनतालाई सचेत पार्नुपर्ने, नक्सा पास गर्दा वर्षात्को पानी सङ्कलन व्यवस्था हुनुपर्ने, बजार अनुगमन नियमित र प्रभावकारी रूपमा गर्नुपर्ने, पसल पसलमा मूल्यसूची राख्नुपर्ने, युवा रोजगार सृजना हुने गरी भक्तपुरको सांस्कृतिक, सम्पदा क्षेत्रको सुरक्षा लगायत अन्य कामको लागि नगर प्रहरीको व्यवस्था गर्नुपर्ने, पर्ती जग्गाको साथसाथै विभिन्न ऐतिहासिक महत्त्वका मठहरूको संरक्षण गर्नुपर्ने र नपाका वडाहरूका अनलाईन सेवा लिन सक्ने गरी व्यवस्थापन गर्नुपर्ने, भनपाको आफ्नै एफ.एम., युट्युब च्यानल, चलाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले वडा वडामा वृद्धवृद्धाहरूका लागि वडा नं. ७ को कृष्ण भजन मण्डलमा आदर निकेतन खोल्नुपर्ने, वडावडामा बाल उद्यान सञ्चालन गर्नुपर्ने, सहकारी संस्थाहरूसँग समन्वय गरी होटेल सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

सभासद् **हेरा ख्याजु**ले नपाद्वारा सञ्चालित शिक्षण संस्थाहरूमा डिप्लोमा तथा क्याम्पस तहमा कृषि विज्ञान, हेल्थ असिस्टेन्ट, मेकानिकल इन्जिनियरिङ्ग कक्षा सञ्चालन गर्नुपर्ने, कृषकहरूलाई समय सापेक्ष व्यवहारिक र प्रयोगात्मक कृषि तालिमहरू दिन उन्नत जातको बीउ उत्पादन तथा नर्सरी व्यवस्थापन गर्नुपर्ने, आधुनिक कृषि औजारहरू खरिद, बीउ विजन, मलखाद, कीटनाशक औषधी, माटो परीक्षण गर्न कृषि केन्द्र खोल्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **पञ्चलक्ष्मी दुवाल**ले लकडाउनको बेलामा सफाइ मजदुर काममा नआउँदा स्थानीय जनता सचेत भई आफ्नो घर आफै सरसरफाइ प्रभावकारी भएको हुँदा फोहोर सङ्कलनको लागि ठाउँ ठाउँमा बाल्टिनको व्यवस्था गर्दा उपयक्त हुने, जनस्वास्थ्य सेवा केन्द्रमा नगरबासीहरूलाई कोरोना सङ्क्रमणको जटिल परिस्थितिमा नभित्र्याएको र सेवा लिन सेवाग्राहीलाई सही सूचना नदिई अल्मल्याएकोमा ध्यानाकर्षण गराउनुहुँदै उहाँले वडा वडामा दिइएको तालिम उपलब्धीमूलक नभएको र वृद्धवृद्धाका लागि आदर निकेतन यथाशिघ्र खोल्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले भनपा ५ स्थित पुरानो डम्पिङ्ग साइट उपयोगविहीन भएको, भनपा-५ स्थित योसिंखेलमा तरकारी बजार व्यवस्थित गर्नुपर्ने, नपाभित्र खानेपानीको पाइपबाट स्वास्थ्यलाई प्रतिकुल असर पार्ने खालको पानी वितरण भैरहेको, शिशु स्याहार केन्द्रहरूमा बालबालिकाहरूको स्याहारमा ध्यान दिनुपर्ने निर्माण सम्पन्न लिई सकेपछि आफूलाई अनुकुल हुने गरी पुनः स्वरूप विगारेर अनियमित निर्माण गर्नेलाई कारबाही गर्नुपर्ने, बुँदा नं २३ मा वडा नं. ७ स्थित भेलुखेल भएकोमा संशोधन गरी वडा नं. ५ स्थित गयभिन्द्यो पुल निर्माण हुनुपर्ने, बुँदा नं ४८ मा 'आवश्यक खेलकुद सामग्रीहरू उपलब्ध गराउनेछ ।' मा "साथै थप खेलहरूको प्रशिक्षण शुरु गरिनेछ" भन्ने वाक्यांश थप्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले कमलविनायक प्लानिङ्गमा पानी पर्ने समय (असार महिना)मा गर्न लागिएको पिच कार्य बन्द गरी पछिमात्र गर्नुपर्ने र क्वाठण्डौ चोकको सरस्वती पाटी २०७२ सालको भूकम्पबाट जीर्ण भएकोले जीर्णोद्धार गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले अनियमित निर्माण कार्यलाई तत्काल रोक्नुपर्ने, बुँदा नं. ३६ को नगरको उपयुक्त स्थानमा कृषि क्षेत्र राख्ने भनिएकोमा भनपा-१० को सुकुनाफाँट क्षेत्रलाई कृषि क्षेत्र घोषणा गर्नुपर्ने, कौसी खेती तालिमलाई प्राथमकितामा






सभासदहरू सम्भना खाइजु, कृष्णगोपाल गौगुठी, तुल्सीलक्ष्मी दुमरू र श्यामसुन्दर मातां

दिनुपर्ने, बोरिङ्गको पानीको समस्यालाई व्यवस्थापन गर्न भनपा–६ चाँगु जाने बाटोमा रहेको बिकुलाल कोजुको जग्गामा डीप बोरिङ्ग गरी ५० वर्षको लागि खानेपानीको समस्याबाट मुक्त गर्न सकिने र अस्थायी कर्मचारीहरूलाई स्थायी गर्नुपर्ने लगायतका सुझाव दिनुभयो ।

बैठकमा नीति तथा कार्यक्रममाथि छलफलमा उठेका विषयहरूबारे प्रष्ट पार्नुहुँदै सभाध्यक्ष नगर **प्रमुख प्रजापति**ले कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको लागि भक्तपुर नगरपालिकाले अनलाइनबाट प्राप्त नगरवासीहरूको राय सुझावको आधारमा नगर र नगरवासीहरूको हितमा नीति तथा कार्यक्रम तयार पारेको बताउनुभयो । ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक नीतिगत पहलहरू भइरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले आ.व. २०७७/७८ को लागि भक्तपुर नपाको सीमित आर्थिक स्रोतलाई ध्यानमा राखेर पूरा गर्न सकिने योजनाहरू छनौट गरी आवश्यकताको आधारमा प्राथमिकतामा राखेको र मेलम्चीको पानी पहिलो चरणमा भक्तपुरमा वितरण गर्न आवश्यक प्रक्रिया अगाडि बढिरहेको सभा समक्ष जानकारी गराउनुभयो ।

सभाध्यक्ष **प्रजापति**ले भक्तपुर नगरपालिकाको **आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम**लाई पारित गर्नको लागि सभा समक्ष राख्नुभयो । सभाबाट **आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम** सर्वसम्मतिले पारित गऱ्यो ।

नगरसभाको अर्को बैठक असार १० गते दिनको ३:०० बजे गते बस्ने गरी बैठक स्थगित गरियो भने सो बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०७७/७८ को बजेट प्रस्तुत गरिने जानकारी गराउनुभयो ।

## तेस्रो दिन (२०७७ असार १० गते, बुधवार)

भक्तपुर नगरपालिकाको सातौं नगरसभाको को तेस्रो दिनको सभाको शुरुवात गर्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले **आ.व. २०७७/७८ को वार्षिक बजेट** प्रस्तुतिको लागि उपप्रमुख **रजनी जोशी**लाई समय प्रदान गर्नुभयो ।

उपप्रमुख **जोशी**ले **आ.व. २०७७/७८ को वार्षिक बजेट**को विस्तृत विवरण सभा समक्ष प्रस्तुत गर्नुभयो । उपप्रमुख जोशीले आ.व. २०७७/७८ को लागि रु. १ अर्ब ८२ करोड ४० लाखको बजेट पेश गर्नुभयो ।

विनियोजित बजेटको चालु खर्चतर्फ रु. ३९ करोड ८९ लाख ७६ हजार रूपैयाँ र पूँजीगततर्फ रु. ७९ करोड ७३ लाख ११ हजार विनियोजन गरेको उक्त बजेटमा कोभिड १९ रोगको महामारीको विषम परिस्थितिका कारण यो वर्ष ठूलो आकारको बजेट खर्च हुने र बहुवर्षीय योजनाहरूभन्दा एकै वर्षमा सम्पन्न हुने र छिटो प्रतिफल प्राप्त गर्न सकिने नयाँ योजनाहरूलाई प्राथमिकता क्रममा राखिएको उल्लेख गर्नुहुँदै उहाँले नगरपालिकाका जनप्रतिनिधिहरूले यो आर्थिक वर्षमा नगरपालिकाको खर्चमा विदेश भ्रमण नगर्ने र देशभित्रका विभिन्न जिल्लामा भ्रमण गरिँदाको भ्रमण भत्ता तथा समितिको बैठक भत्ता आधा आधा घटाउने जानकारी गराउनु भयो । साथै नपामा कार्यरत कर्मचारीहरूलाई चालू आ.व.सम्म दिइँदै आएको खाजा भत्ता र पोशाक भत्ताबापतको रकम वर्तमान संवेदनशील अवस्थालाई मध्यनजर गरी नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नपा एकाइ समितिको तर्फबाट यो वर्ष नलिने जानकारी गराएको उहाँले बताउनु भयो ।

बजेटमा वडास्तरका योजनाहरू सञ्चालन गर्न विगत वर्षझैं यो वर्ष पनि रु. ५० लाखका दरले जम्मा रु. ५ करोड रूपैयाँ र सडक बोर्डअन्तर्गतका योजनाहरू सञ्चालन गर्न रु. १ करोड रूपैयाँ विनियोजन गरिएको छ । साथै नगरपालिकाले सञ्चालन गर्ने ख्वप एफएम र ख्वप टेलिभिजनको रेकर्डिङ स्टुडियो निर्माणको लागि रु. ५० लाख रूपैयाँ, खानेपानी फिल्ट्रेसन तथा पाइप सुधार कार्य, खोला तथा घाट सुधार, पर्ती जग्गा संरक्षण तथा सीमाङ्कन, सडक बत्ती जडान तथा मर्मत, माटो परीक्षण तथा सम्भाव्यता अध्ययनको लागि रु. १ करोड ५४ लाख २१ हजार रूपैयाँ र भक्तपुरको कला संस्कृति, इतिहासलगायतका विषयमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नसीपसँगै अध्ययन अनुसन्धानको लागि अनुदान र विश्वविद्यालय तहमा



सभासदहरू मंगलक्ष्मी शाही, राजेन्द्र माक, इन्द्रबहादुर प्याठ र रञ्जना त्वाती

इतिहास, भूगोल, नेपालभाषा, संस्कृति पढ्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने उल्लेख छ ।

भक्तपुर नगरपालिकाले शैक्षिक ऋण वितरणको लागि रु. ३ करोड, पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई मोहडाका लागि इँटा र काठमा लाग्ने खर्च र झिँगटी छाना निर्माणमा लाग्ने कूल लागत रकमको ३५ प्रतिशत अनुदान दिने कार्यलाई निरन्तरता दिइएको छ ।

विनियोजित बजेटमा शिक्षा तथा संस्कृति क्षेत्रमा कूल बजेटको २०.९० प्रतिशत छुट्याएको छ । त्यस्तै स्वास्थ्य क्षेत्रमा ७.६९ प्रतिशत, सम्पदा संरक्षण तथा विकास निर्माणमा २३.१५ प्रतिशत, फोहोरमैला व्यवस्थापन तथा वातावरण सुधार क्षेत्रमा ६.५० प्रतिशत, महिला–बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण क्षेत्रमा १३.५७ प्रतिशत, युवा तथा खेलकुदको क्षेत्रमा १.८४ प्रतिशत, कृषि क्षेत्रमा ०.४५ प्रतिशत र खानेपानी क्षेत्रमा ०.९८ प्रतिशत विनियोजन गरिएको बताउनु हुँदै उहाँले नगरभित्रका सामुदायिक विद्यालयहरूमा बालविकास सहजकर्ता (ईसीडी शिक्षक) को कार्य मूल्याङ्कन गरी प्रति व्यक्ति प्रति महिना रु. ४०००।– का दरले तथा नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत पूर्व प्रावि तहका विद्यार्थीहरूलाई दिवा खाजाबापत अनुदान रकम नगरपालिकाले आफ्नै स्रोतबाट व्यहोर्ने बन्दोबस्त गरिएको छ भन्नुभयो ।

**सभाध्यक्ष**ले नगरसभाको अर्को बैठक असार १२ गते दिनको १:०० बजे बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

## चौथो दिन (२०७७ असार १२ गते, शुक्रवार)

चौथो दिनको सभाको शुरुवात गर्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले सभासदहरूलाई विशेष समय प्रदान गर्नुभयो ।

**विशेष समयमा** बोल्नुहुँदै सभासद् **हरिरत्न गोर्खाली**ले नेपाली नागरिकता बस र सिनेमाको टिकट जस्तै बाँड्न नहुने, विहे भएर आएको विदेशी महिलालाई १५ वर्ष पछि मात्र अङ्गीकृत नागरिकता दिनुपर्ने, एमसीसी सम्झौता खारेज गर्नुपर्ने, नेपालको सार्वभौमिकतामा हस्तक्षेप गर्न दिनु नहुने राय प्रकट गर्नुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले समसामयिक विषयमा बोल्नुहुँदै नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेकमा सीमाना मिचेर भारतीय सेना तैनाथ गरेकोमा भारतको विरुद्ध नेपाल सरकार बोल्न डराइरहेकोले नेपालले सैनिक कारवाही वा अन्तर्राष्ट्रिय अदालत जानुपर्ने, कोभिड–१९ को महामारीमा पनि भ्रष्टाचार गर्नेहरूलाई कारबाही गर्नुपर्ने, क्वारेन्टाइन व्यवस्थापन विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले कालापानी, लिपुलेक, लिम्पियाधुराको माथिल्लो क्षेत्रमा भारतले अतिक्रमण गरिहेको, महाकाली नदीको मुहान कालापानीबाट महाकाली नदी वारीको ३३२ वर्ग किलोमिटर क्षेत्रमा भारतले छलछाम गरी हाम्रो देशको २५ किलोमिटर भूभाग ओगटी कैलाश जाने बाटो बनाएकोमा विरोध गर्नुहुँदै देशको भूभाग माथिको अतिक्रमणको विरोधमा अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउनुपर्ने, नेपाल मजदुर किसान पार्टीले भारतीय दुतावास अगाडि विरोध जुलुस गरी आएकोमा हाल सो क्षेत्र समेटी नेपालको नक्सा जारी गरेको र केही सांसदहरूले विरोध गरेको स्मरण गर्नुभयो ।

सभासद् **इन्द्रबहादुर प्याथ**ले कोरोना परीक्षणको दर बढाउनुपर्ने, विदेश तथा कोरोना प्रभावित क्षेत्रबाट आउनेहरूलाई आइसोलेसन र क्वारेन्टाइनमा राख्नुपर्ने, क्वारेन्टाइनको उचित व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजेन्द्र माक**ले नेपालीहरू भारतीयद्वारा हेपिएको र सीमा हस्तक्षेपविरुद्ध बोल्नु आवश्यक भएको भनाइ राख्नुहुँदै सुस्तामा मात्र १४ हजार हेक्टर सीमा मिचेको र अन्य ७१ स्थानमा सीमा अतिक्रमण गरी कालापानीमा ७८ कि.मी. सडक बनाएको र ५० वर्षदेखि भारतीय सैनिक तैनाथ गरेको हटाइनुपर्ने, असमान सन्धि खारेज गर्नुपर्ने र भारतको मिचाहा प्रवृत्ति लुकाउन चीनले नेपालको सीमा मिचेको प्रचार गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भक्तपुर नपामा खानेपानीको समस्या



सभासद्हरू हेरा ख्याजु, पञ्चलक्ष्मी दुवाल, बलराम न्हिसुतु र सितादेवी नेपाली



जितेन्द्र मुनंकर्मी

बढ्दै गएको, भनपामा पानी आउने मूल भंगेरी डाँडा अतिक्रमणमा परेका तथा खेलमैदान बनेमा पानीको हाहाकार हुन सक्ने हुँदा सो बारेमा विरोध प्रस्ताव पारित गर्नुपर्ने र भनपाद्वारा स्थापित बहुउद्देश्यीय भवनमा रहेको क्वारेन्टाइन स्थलमा तातोपानी र सिसिटीभीको व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले सरकारले आ.व. २०७७/७८ को बजेटमा पनि खानेपानी व्यवस्थापन गर्न पाइपलाइनको लागि खासै बजेट नछुट्याएकोमा आपत्ती प्रकट गर्नुहुँदै भक्तपुरको सुडाल, वागेश्वरी, नगरकोट क्षेत्रमा भूमाफियाहरूले जालझेलमा पारी स्मार्टसिटी बनाउने, अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने नाउँमा जलाधारक्षेत्र, सिमसार क्षेत्रलाई मास्ने कामको भर्त्सना गर्नुभयो । उहाँले उपभोक्ता समिति मार्फत भैरबनाथ मन्दिर, ङातापोल मन्दिर, पचपन्न झ्याले दरबार लगायतका सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले गर्दै आएको कार्यको प्रशंसा गर्नुहुँदै हनुमानघाट पारि सत्तल निर्माणमा भएको ११ लाख आर्थिक सहयोग र १०० जनाभन्दा बढीको जनश्रमदानको उल्लेख हुनुपर्ने, स्थानीय तहमा ५-१० लाख सम्मका निर्माण कार्यहरू ठेक्कामा गरेको पाइएकोले ठेक्का मार्फत कार्य गर्दा संरचनाहरू कमसल हुने भएकोले सांस्कृतिक सम्पदा निर्माण कार्यमा अनिवार्य उपभोक्ता समिति मार्फतको योजनालाई प्राथमिकता दिइनुपर्ने र नेपाल सरकारले सरसफाइको जिम्मेवारी सम्बन्धित स्थानीय तहलाईनै दिनुपर्ने प्रावधान बनाउन सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले नागरिकता ऐन २०६३ संसोधन विधेयक २०७७ पास भएपनि नेपाल मजदुर किसान पार्टीले १५ वर्ष पछि मात्र अङ्गीकृत नागरिकता दिनुपर्ने, वंशजको आधारमा मात्र नागरिकता दिनुपर्ने र सिनेमाको टिकटजस्तै नागरिकता वितरण गर्न नहुने विचार राख्दाराख्दै पनि ७ वर्षमा अङ्गीकृत नागरिकता दिने संसोधनले गर्दा देश फिजी बन्ने खतरा रहेकोले सो को विरुद्ध विरोध प्रस्ताव पास गर्नुपर्ने, एम.सी.सी. हिन्द प्रशान्त सैन्य रणनीतिको एक हतियार भएको हुँदा यसको विरोध गर्नुपर्ने, विद्युतीय र सडक सञ्जाल निर्माणको लागि ५५ अर्ब सहयोगको नाममा अमेरिकी सैनिक नेपालमा अखडा जमाएर बस्ने भएकोले सो विरुद्ध विरोध प्रस्ताव पास गर्नुपर्ने, केएफडब्लूजस्तै एमसीसी पनि अस्वीकार गर्नुपर्ने भन्नुहुँदै उहाँले जिल्ला दररेट र बजारको दररेट फरक परेकोले समन्वय गरी कार्य गर्नुपर्ने, झिँगटीको समस्या हुँदा पुराना निर्माण सामग्री सङ्कलन गरी भण्डारण गर्नुपर्ने, कोरोना परीक्षण रिपोर्टमा विश्वसनीय नभएकोले विश्व स्वास्थ्य सङ्ठनको मापदण्ड अनुरूप हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले पर्यटन शुल्कबाट नगरको सम्पदा संरक्षणमा टेवा पुगेको चर्चा गर्नुहुँदै हाल कोरोना भाइरसको कारण नपाको पर्यटन शुल्कको कमीले आर्थिक श्रोतमा नकारात्मक असर परेकोले नपाको सम्भावित अन्य श्रोतको खोजी गर्नुपर्ने, पर्ती जग्गा उपयोग गरी पसलहरू राख्ने व्यवस्था गर्नुपर्ने, सफाइ तथा पुन:निर्माणमा जनश्रमदानको अधिकतम उपयोग गर्नुपर्ने, कर चुक्तामा विशेष ध्यान दिनुपर्ने, घर बहाल करमा विशेष जोड दिई घरदैलो कर सङ्लकन कार्यक्रम गर्नुपर्ने भन्नुहुँदै उहाँले नपाभित्रका पोखरीहरूमा नौका विहार, खाजा पसल व्यवस्थापन गर्नुपर्ने, माछा पालन गर्नुपर्ने, कमलविनायक पोखरीको दक्षिण क्षेत्र र पश्चिम क्षेत्रमा पर्ती जग्गा व्यवस्थित गरी खाजा पसलहरू सञ्चालन गराउन उपयुक्त हुने र वर्तमान समयमा पर्यटन उद्योगमा कर लिन जोड दिन नहुने सुझाव दिनुभयो ।

सभासद् **सम्झना खाइजु**ले मेलम्चीको पानी पहिलो चरणमै भक्तपुरमा ल्याउने र वितरण गर्न आवश्यक प्रकृया अगाडि बढाइने भनिएतापनि खानेपानीको पाइप व्यवस्थापन भै नसकेको हुँदा केयुकेएलसँग समन्वय गरी नगरमा समान रूपमा र यथाशिघ्र चाँडो वितरण गर्नुपर्ने तथा काठमाडौं उपत्यकाभित्र ४ उपसहर निर्माण गर्ने सरकारको नीतिले गर्दा उपत्यकाभित्र जनसङ्ख्या वृद्धिसँगसँगै प्रदूषण, खानेपानीको समस्या, अपराधिक गतिविधि, सवारी जाम तथा दुर्घटना जस्ता विकराल समस्याहरू आउने भएकोले सो को सट्टा विभिन्न जिल्लाहरूमा सहर निर्माण गरी देशको सन्तुलित विकासमा जोड दिन ध्यानाकर्षण गराउनुभयो ।

सभासद् **शिवप्रसाद बाला**ले मेलम्ची खानेपानी आयोजनाको काठमाडौं र ललितपुरमा घरघरमा पाइप पुगेको तर भक्तपुरमा व्यवस्थापन गर्न कठिनाइ हुने भएकोले खानेपानी कार्यालयसँग समन्वय गर्नुपर्ने, घर बहाल करमा ५ प्रतिशत नै कायम गर्नुपर्ने, भूकम्प पीडितहरूको टहराहरू बसोबास नगरेपनि कायम रहेकोले हटाइनुपर्ने, वडा वडामा खानेपानीको समस्या

भएकोले वैकल्पिक उपाय अबलम्बन गर्नुपर्ने, जगाती–च्याम्हासिंह वैकल्पिक बाटोमा पुल पुनःनिर्माण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले नेपालको सिमाना पूर्व मेची र पश्चिम महाकाली नदी भन्ने इतिहासमा लेखी आएकोमा महाकाली नदीको केही भाग भारतले गाभेको हुँदा भारतले हामीप्रति कहिल्यै राम्रो दृष्टि नराखेकोमा विरोध गर्नुपर्ने, भारतले अतिक्रमण गरेको सयौं ठाउँको जग्गा, सुस्ताको भाग लगायत सबै नयाँ नक्सामा समावेश गर्नुपर्ने, भारतको गोर्खा सैनिकलाई नेपाल फिर्ता बोलाउनुपर्ने, एमसीसी विरुद्ध विरोध गर्नुपर्ने सुझाव दिनुभयो ।

**सभाध्यक्ष प्रजापति**ले आधा घण्टाको लागि बैठक स्थगित गरी पुनः सञ्चालन गर्नुहुँदै **आ.व. २०७७/७८ को विनियोजन** माथि छलफल हुने जानकारी दिनुभयो ।

**आ.व. २०७७/७८ को वार्षिक विनियोजन** माथि आफ्नो सुझाव प्रस्तुत गर्नुहुँदै सभासद् **इन्द्रबहादुर प्याथ**ले विनियोजित बजेटको रकम स्पष्ट नभएको, कर्मचारी एसोसिएसनले खाजा भत्ता नलिने भनेतापनि सो शीर्षकमा ७० लाख विनियोजन गरेकोमा स्पष्ट पार्नुपर्ने, घर बहाल कर लिनुपर्ने, ब्रम्हायणी बहुउद्देश्यीय भवन पूर्वको बाटो सडक पिच र ढलान गर्नुपर्ने, ढुङ्गेधारा स्थानान्तरण गर्नुपर्ने, विदेशबाट आएकाहरूको पिसिआर टेष्ट गर्नको लागि जनस्वास्थ्य केन्द्रमा व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हेरा ख्याजु**ले मापदण्ड छोडेर बनाएको घरको मालपोत तिर्दा लगत कट्टा गरी मात्र मालपोत लिनुपर्ने, घरले चर्चेको क्षेत्रफलको भूमिकर छुट दिनु नहुने, 'क' वर्गको देखि 'च' वर्गको जग्गाको भूमिकर उल्लेख गरिएको तर नगरभित्र संस्थागत प्लानिङ्ग बाटो, निजी प्लानिङ्ग बाटो, ४,५, देखि ११,१२ मिटरसम्को र कच्ची वा पक्की सडक, गोरेटो चलनचल्तीका बाटो आदिको दर रेट बढाई छुट्टै उल्लेख गर्नुपर्ने, सार्वजनिक पाटी माथि बनेको घरलाई नक्सा पास, अन्य घरजग्गा करमा छुट्टै रणनीति बनाउनुपर्ने भन्नुहुँदै उहाँले पशु वधशालाबाट खुल्ला रूपमा मासु ओसारपसार गरी हाडहरू जथाभावी फालेको हुँदा सो को अनुगमन गर्नुपर्ने, हार्डवेयर पसलहरूले बाटोमा जथाभावी निर्माण सामग्री राखी बिक्री वितरण गर्ने गरेको हुँदा अनुगमन गर्नुपर्ने र शैक्षिक योगदान शुल्क राखिएकोमा सो बारे स्पष्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **शिवप्रसाद बाला**ले उपभोक्ता समितिबाट काम गर्दा भ्याट बील अनिवार्य गरिसकेपछि पुनः १.५ प्रतिशत अग्रिम आयकर नकाटिनुपर्ने, नगरस्तरीय बजेटमा बनेको ब्रम्हायणी बहुउद्देश्यीय भवन ८ नं. वडामा परेपनि ९ नं. वडा



भनी जनाएको हुँदा सच्याउनुपर्ने, भवनसँगैको ढुङ्गेधाराको निकास बनाउँदा बाटोको दक्षिणतिर खोलामा निकास हुने गरी बनाउनुपर्ने, बुँदा नं. ३४ को बाटो खन्ने बारेमा माटो पुरेकोमा रु २०००।– लिनुपर्ने, माहेश्वरी घाट सुधारको लागि बजेट विनियोजन गरी भगवतीस्थानमा सरसफाइको लागि बजेटको व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले कर्मचारीको पोशाक खर्च राख्नुको कारण स्पष्ट पार्नुपर्ने, युवा तथा खेलकुद शीर्षक दोहोरिएको वा एउटै हो स्पष्ट पार्नुपर्ने, विभिन्न कर सम्बन्धमा थप घट गर्नुपर्ने जस्तै सुनचाँदी व्यवसाय करमा १२ हजार, १० हजार, ७५०० र ५००० राख्नुपर्ने, टिम क्लब दर्ता शुल्क ५०० रहेकोमा २५० गर्नुपर्ने, मिठाई पसलको कर ५ हजार माथि पुऱ्याउनुपर्ने, कवाडी पसलको रु १५ हजार र चस्मा पसलको रु ६ हजारसम्म गर्दा उपयुक्त हुने र सिद्धपोखरी प्रवेशगर्दा स्वदेशीलाई रु १०।– कायम गरिएकोमा भक्तपुरवासीलाई निःशुल्क प्रवेश गराउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **राजेन्द्र माक**ले नपाको स्वामित्वको जग्गा बिक्री सकेसम्म गर्न नहुने, जिल्ला समन्वय समितिबाट प्राप्त हुने बजेट अन्य नपामा भन्दा कम रु. ४ करोडमात्र कम भएको हो ? स्पष्ट पार्नुपर्ने, स्वास्थ्य बजेटमा ख्वप अस्पतालको समेत परेको भए सो विनियोजित बजेट कम भएको र विपद् शीर्षकमा बजेट नछुट्याइएको हुँदा छुट्याउनुपर्ने, नपामा हाटबजारको व्यवस्था गर्नुपर्न, १९ नं. कर दस्तुरमा गिटी वालुवा ढुङ्गा प्रयोग उत्खनन हो की ढुवानी हो स्पष्ट हुनुपर्ने भन्नु भयो । उहाँले माचो गणेशको जग्गामा पाटी पुनःनिर्माणको लागि बजेट विनियोजन हुनुपर्ने, छग देगमा पिपलको रुखले असर पारेको हुनाले पुनःनिर्माण गर्नुपर्ने, काल्हाचाको पाटी पुनःनिर्माणको लागि बजेट छुट्याउनुपर्ने, खोला सुधारमा बजेट विनियोजन गरी बाराही पुल तलको साँघुरो ठाउँलाई फराकिलो बनाउनुपर्ने, पि.आई.डी.ले पाइप विछ्याउँदा समस्या परेको, टुरिज्म मार्केट छेउमा पाङ्गो माटो सम्याउनुपर्नेमा जोड दिनुभयो ।

सभासद् **तुल्सीलक्ष्मी दुमरु**ले अनुसूची विधेयकसँगै राख्दा स्पष्ट हुने, विनियोजन विधेयकमा वर्गीकरण स्पष्ट हुनुपर्ने, बुँदा नं. ११,२५ र ३० मा उल्लेख गरेको श्रेणी हटाउनुपर्ने, ४० नं बुँदामा बाहिर भन्नाले कुनलाई जनाउँछ स्पष्ट हुनुपर्ने, ५० नं. बुँदामा पारिवारिक फोटोमा कर लगाउन नहुने र सिद्धपोखरीमा बालबालिका र जेष्ठ नागरिकलाई प्रवेश शुल्क छुट हुनुपर्ने तथा कृषि क्षेत्रलाई विनियोजित बजेट ०.४५ प्रतिशत अन्यन्त न्यून भएकोले बढाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **सूर्यप्रसाद श्रेष्ठ**ले पार्किङ्ग स्थल व्यवस्थित गरी प्रति घण्टा निश्चित शुल्क उठाउनुपर्ने, भनपाले सल्लाघारीस्थित १०८ रोपनीमा पर्खाल लगाई व्यवस्थित गरेकोमा हाल व्यवसायीहरूले सामान थुपारेको हुँदा कर लगाउनुपर्ने, सवारी कर बुझाउन आउने गाडीहरू बाटोमा अव्यवस्थित पार्किङ्ग गरी समस्या भएकोले सोही स्थानमा व्यवस्थित सशुल्क पार्किङ्ग व्यवस्था गर्नुपर्ने भन्नुहुँदै उहाँले वडास्तरीय योजनाहरू नआएको र सल्लाघारी चोक वरिपरी बाटो विस्तार गर्नुपर्ने, दर्ता नगरी व्यवसाय सञ्चालन गर्नेलाई करको दायरामा ल्याउनुपर्ने, वडा मार्फत उपभोक्ता समितिलाई १.५ प्रतिशत अग्रिम आयकरबारे जानकारी दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले कृषि क्षेत्रमा विनियोजित रकम न्यून भएकोले बढाउनुपर्ने, कृषि विशेषज्ञ तयार गर्न बजेट विनियोजन गर्नुपर्ने, परम्परागत शैलीको घरको मोहडामा लाग्ने काठ र इटामा ३५ प्रतिशत अनुदान दिने व्यवस्था गरिबको हितमा नभएकाले गरिबको हितको लागि ध्यान दिनुपर्ने, खानेपानी व्यवस्थापनको लागि केयुकेएललाई जिम्मेवार बनाउनुपर्ने, नगरकोटको मुहानपोखरीको पानी फिल्ट्रेसनको व्यस्था गर्नुपर्ने, छ्मा गणेश द्योंछँ ज्यादै जीर्ण भएकोले पुनःनिर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनुभयो ।

**सभाध्यक्ष**ले नागरिकता विधेयक, एमसीसी सम्झौता, नेपाली भूमि अतिक्रमण र कोरोना भाइरसको जोखिमलगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषयबारे छलफल हुनु सकारात्मक भएको बताउनुहुँदै देश सङ्कट परेको बेला जनप्रतिनिधि तथा कर्मचारीहरूले इमानदारीपूर्वक जनताको सेवा गर्नुपर्ने बताउनुभयो ।

**सभाध्यक्ष**ले अर्को बैठकमा विभिन्न समितिहरूको प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको र केही विधेयकहरू प्रस्तुत गरिने जानकारी गराउनुहुँदै नगरसभाको अर्को बैठक असार १४ गते दिनको १:०० बजे बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

## पाँचौ दिन (२०७७ असार १४ गते, आइतवार)

पाँचौ दिनको सभाको शुरुवात गर्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले सभासदहरूलाई विशेष समय प्रदान गर्नुभयो ।

विशेष समयमा बोल्नुहुँदै सभासद् **राजेन्द्र माक**ले सामुदायिक विद्यालयमा स्यानीटरी प्याड वितरण गरेको हुँदा भनपामा बजेट निकासा नहुनुको कारण, सलह किरा काठमाडौं उपत्यकामा छिर्‍यो भने कृषि समितिको तयारी प्रति ध्यानाकर्षण गर्नुहुँदै नगर प्रवेश गर्ने सबै ठाउँमा बाटो मर्मत गर्दा विपद्को अवस्थामा समस्या हुनसक्ने, विभिन्न समितिहरूको निर्णय कार्यान्वयन गर्दा सन्तुलित ढङ्गले गर्नुपर्ने र सहकारी संस्थासम्बन्धी अख्तियारबाट आएको पत्रबारे प्रष्ट पार्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले च्याम्हासिंह बसपार्क र नगरका विभिन्न स्थानहरूमा असुरक्षित हाइटेन्सन लाइन, बिजुलीको पोल, खम्बाहरू सुरक्षित बनाउनुपर्ने, वडाहरूमा योजना र बजेट वितरण न्यायोचित हुनुपर्ने र जनस्वास्थ्य केन्द्रको प्रयोगशाला नियमित सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **शिवप्रसाद बाला**ले वडा वडामा ठेक्कापट्टाबाट हुने विकास निर्माणको कामको अनुगमन गर्नुपर्ने, वडामा जनप्रतिनिधि र कर्मचारीहरूबाट सेवाग्राहीहरूलाई दुःख दिने गुनासोहरू प्राप्त भएकोले सो को निवारण हुनुपर्ने, धुलिखेल र वीर अस्पतालमा बीमामा पाइने औषधीहरू जनस्वास्थ्य केन्द्र, च्याम्हासिंहमा नपाइएको हुँदा व्यवस्था गर्नुपर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि बजेट विनियोजन हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **हरिरत्न गोर्खाली**ले बजार अनुगमन प्रभावकारी बनाउनुपर्ने, आवश्यकता अनुसार व्यापारीलाई कारबाही गर्नुपर्ने, लकडाउनको मौका छोपेर मापदण्ड मिचेर घर निर्माण गर्ने घरधनीलाई कारबाही गर्नुपर्ने, नगरकोटस्थित खानेपानीको मुहान र श्रोतको अनुगमन गर्नुपर्ने र नपाका प्राविधिकले आफू निकटको कन्सल्टेन्सी र इन्जिनियरले लेखेको नक्सा बाहेक अरुको नक्सा पास गर्न दुःख दिई ढिलासुस्ती गर्ने गरेको हुँदा कारबाही गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **रञ्जना त्वाती**ले प्राविधिकहरूको ढिलासुस्तीका कारण उपभोक्ता समितिले समयमा कार्यसम्पन्न गर्न नसक्ने भएकोले यसतर्फ ध्यान दिनुपर्ने र वडाका प्राविधिकहरूलाई जिम्मेवार बनाउनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **कृष्णगोपाल चौगुठी**ले हनुमन्ते खोला सुधारको लागि छुट्याइएको रकमको सदुपयोग गर्दै खोला सुधार गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर मातां**ले 'नर्थस्टार' पत्रिकाका सम्पादक माइकल लुकासको शोक प्रस्ताव पारित गर्नुपर्ने, सलह काठमाडौं उपत्यकामा प्रवेश गरिसकेकोले नियन्त्रणको उपाय सोच्नुपर्ने, देको–मिवा इतापाके आवास योजनामा पूर्णकालीन आयोजना प्रमुखको व्यवस्था गर्नुपर्ने, सल्लाघारी यति फेब्रिकदेखि पश्चिमको बाटो फराकिलो बनाउन पहल गर्नुपर्ने, न:पुखु सफा गर्नुपर्ने, नगरको सबै ठाउँमा एकै पटक बाटो मर्मत गर्दा अप्रिय घटना घटेमा समस्या हुनसक्ने भएकोले सचेत हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले नगरको खानेपानी समस्या समाधान गर्न नपाले पहल गर्नुपर्ने, प्रगतिशील कर प्रणाली लागू गर्नुपर्ने, भनपा–९ स्थित सरस्वती पाटीको लागि बजेट व्यवस्था गर्नुपर्ने र नपाभरि सन्तुलित बजेट हुनुपर्ने बताउनुभयो ।

सभासद् **सिद्धिराम अवाल**ले नगरसभाका सभासद्हरूलाई आचारसंहिता पालना गराउनुपर्ने, वडामा बजेट विनियोजन र निकासा समयमै हुनुपर्ने, सुरक्षा बजेटको व्यवस्था हुनुपर्ने, नगरवासी र नगर प्रमुखको प्रत्यक्ष सम्वादको व्यवस्था






मिलाउनुपर्ने, थथुबहीमा पानीको समस्या भएकोले समाधान गर्न समन्वय गर्नुपर्ने, छुमागणेश द्योछेँलाई बजेट व्यवस्था हुनुपर्ने, वडा नं ६ स्थित नगरपालिकाको स्वामित्वमा रहेको जग्गाको संरक्षण र सदुपयोग गर्नुपर्ने र नगरकोटबाट वितरण हुने पानीको फिल्ट्रेसनको व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो।

सभासद् **गोविन्द दुवाल**ले भक्तपुरको खानेपानी मुहान क्षेत्रमा बन्न लागेको अन्तर्राष्ट्रिय रंगशालाको निर्माण रोक्न पहल गर्नुपर्ने, बजेट विनियोजन असार महिनामा भई असारे विकासका कार्यहरू प्रभावकारी नहुने भएकोले समयमै बजेट विनियोजन हुनुपर्ने, चाँगु जाने बाटोमा ढलको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो।

सभाध्यक्ष **सुनिल प्रजापति**ले उठेका जिज्ञासाहरूबारे प्रष्ट पार्नका लागि सम्बन्धित समितिका संयोजकहरूलाई समय प्रदान गर्नुभयो।

सर्बप्रथम कृषि समितिका संयोजक **राजकृष्ण गोरा**ले उठेका जिज्ञासाहरूबारे प्रष्ट पार्नु हुँदै सलह किरा नियन्त्रण सम्बन्धमा छलफल भइरहेको, वडा-वडामा धानको बीउ वितरण कृषि समितिको निर्णय बमोजिम निर्धारित समयमा गरेको र बजार अनुगमनको क्रममा भेटिएका अनियमितता गर्ने व्यापारीहरूलाई आवश्यक कारबाही भइरहेको प्रष्ट पार्नुभयो।

सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरभित्र सञ्चालित सहकारी संस्थाहरूमा देखिएको बेथितिलाई सुधार गर्न नगरपालिकाले नियमित रूपमा अनुगमन गर्दै हालै अख्तियारको पत्र आएको सम्बन्धमा आवश्यक अनुसन्धान गरी प्रतिवेदन तयारी गरिरहेको र भनपाले विभिन्न व्यवसायहरूको आम्दानीको आधारमा कर व्यवस्थापन गर्दै घरजग्गा मूल्याङ्कन कर कम मात्र उठाइरहेको बताउनुभयो।

खानेपानी समितिका संयोजक **महेन्द्र खायमली**ले नगरको खानेपानी समस्या समाधान गर्न आवश्यक बजेट विनियोजन गरी कार्य अगाडि बढिरहेको, सन्तुलित वितरणको लागि वितरण प्रणालीमा सुधार गर्नुपर्ने देखिएकोले सो को लागि काठमाडौँ उपत्यका खानेपानी लिमिटेडसँग छलफल भइरहेको र नगरपालिकाबाट नगरका विभिन्न स्थानमा डीप बोरिङ्ग गरी पानी वितरण प्रणालीमा जडान गरी वितरण गरिएको नयाँ आवास क्षेत्रहरूमा खानेपानी पाइपलाइनको व्यवस्था नभएको हुँदा वडागत हिसाबले पाइपलाइन विस्तार गर्ने प्रयास गरिरहेको प्रष्ट पार्नुभयो।

शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य **रबिन्द्र ज्याख्व**ले सरकारले ढिलो बजेट पठाएका कारण नपाका विद्यालयहरूमा स्यानिटरी प्याड वितरण गर्न असमर्थ भएको बताउनुहुँदै समितिबाट संतुलित ढङ्गबाट कार्य गरिरहेको, नगरका विभिन्न वडाहरूमा कोभिड-१९ को सुरक्षा सामग्रीहरू मास्क, साबुन र स्यानिटाइजर वितरण वडाहरूले अनुकुलता हेरी वितरण गरेको, लकडाउनको समयमा पनि जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरले स्वाथ्यकर्मीहरू तालिका बनाएर परिचालन गरिएको, मधुमेह र थाइराइड परीक्षणको लागि मेशीन खरिद

प्रक्रिया अगाडि बढेको र नगरका दाफा, भजनहरू संरक्षणको लागि विभिन्न योजनाहरू कार्यान्वयन भइरहेको प्रष्ट पार्नुभयो ।

निर्माण समितिका संयोजक **उकेश कवां**ले सङ्घीय सरकार र प्रदेश सरकारबाट समपुरक र विशेष अनुदानको अख्तियारी ढिलो प्राप्त भएकोले असारमा विकास निर्माणको काम गर्नुपरेको, योजना वितरण आवश्यकता अनुसार भएको, कुथुवही र कमलविनायक आवास योजनामा समपुरक बजेटसँग सम्बन्धित योजना भएकोले सरकारबाट बजेट प्राप्त हुने वित्तिकै कार्य शुरु हुने, वडाका साना साना योजनाहरू वडा बजेटबाटै सम्पन्न गर्न सकिने, नगरपालिकाका प्राविधिकहरूले कार्यालय समयभन्दा अगाडि पछाडि गर्ने कार्यलाई नगरपालिकाले रोक्न नसकिने, सीमित बजेट भित्र रहेर कार्य गर्नुपर्ने अवस्था रहेको र वडा बजेट समयमै निकासा भएको प्रष्ट पार्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले नगर सभासद्हरूले आफ्ना विचार राख्दा अनुशासित, मर्यादित र आचारसंहिता पालना गर्नुपर्ने तथा नगरपालिकाको सबै उपलब्धी र कमी कमजोरी सबै नगरसभासद्हरूको साझा जिम्मेवारी हुने प्रष्ट पार्नुहुँदै भक्तपुर नगरपालिकाको **वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी विधेयक,** २०७७ सभामा प्रस्तुत गर्न विधायन समितिका संयोजक **हरिराम सुवाल**लाई समय प्रदान गर्नुभयो ।

प्रस्तुति पश्चात सभाध्यक्षले **वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी विधेयक,** २०७७ छलफलको लागि स्वीकृति प्रदान गर्न पेश गर्नुभयो र सभाले छलफलको लागि स्वीकृति दिएपछि बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

सभाध्यक्ष **प्रजापति**ले विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक भक्तपुर नगर क्षेत्रमा बढ्दो सहरीकरणसँगै नगरलाई मौलिक स्वरूप कायम गर्न र नगरभित्र वातावरणीय संरक्षणमार्फत स्वच्छता कायम गर्दै ध्वनि, दृश्य एवम् वातावरणीय प्रदूषण नियमन र नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले **भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक** २०७७ विधेयक सभा प्रस्तुत गरिएको प्रष्ट पार्नुभयो ।

सभाध्यक्षले **भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणसम्बन्धी विधेयक** २०७७ माथि छलफल प्रारम्भ गर्नुभयो ।

सर्बप्रथम छलफलमा भाग लिनुहुँदै सभासद् **राजेन्द्र माक**ले व्यापारिक क्षेत्रको परिभाषा को ६ नं.मा व्यापारिक क्षेत्र अन्तर्गत सल्लाघारी क्षेत्र, च्याम्हासिंह, कमलविनायक क्षेत्र थप गर्नुपर्ने, हरियाली क्षेत्रमा तालाको डम्फो थप्नुपर्ने, प्रदूषणको परिभाषामा वायु र ध्वनि प्रदुषण थप्नुपर्ने, कुहिने र नहुहिने फोहोर छुट्याउन वडा वडामा बाल्टिन वितरण गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **शिवप्रसाद वाला**ले विधेयक तत्काल लागू गर्न कठिनाइ हुने, घरको पेटीको उचाइ, चौडाइ र प्लिन्थको उचाइ निश्चित गर्नुपर्ने, विधेयक कार्यान्वयनको जिम्मा वडा निरीक्षकहरूलाई दिइएकोमा निरीक्षकहरूमा प्राविधिक क्षमताको कमी रहेकोले प्राविधिक ज्ञान भएका निरीक्षक खटाइनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **जितेन्द्र मुनंकर्मी**ले कमलविनायक मन्दिर, यातु गणेश, यातु बह लगायतको कमलपोखरी क्षेत्रलाई सांस्कृतिक क्षेत्रमा समावेश गर्नुपर्ने, छैटौं नगरसभाले औद्योगिक क्षेत्र



स्थानान्तरण गर्ने निर्णय गरिसकेको हुँदा विधेयकमा औद्योगिक क्षेत्र उल्लेख गर्न नपर्ने सुझाव दिनुभयो ।

सभासद् **सीतादेवी नेपाली**ले सार्वजनिक स्थलमा राँगा काटेर फोहोर गर्ने भएकोले यस्तो कार्य गर्नेलाई कारबाही गरी नगरभित्र सरसफाइमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **ज्ञानकुमार मगजु**ले व्यासीदेखि कमलविनायकसम्मको सडकको मापदण्ड यथासक्य छिटो निर्धारण गर्नुपर्ने, सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण गर्ने उल्लेख गर्नुपर्ने, छाडा चौपाया नियन्त्रण गर्न सो कार्य गर्नेलाई दण्ड जरिवाना गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **कृष्णगोपाल चगुठी**ले बाराही १ नभई ३ र ४ को उकालो हुनुपर्ने र सांस्कृतिक क्षेत्रको परिभाषा परिमार्जन गर्नुपर्ने सुझाव दिनुभयो ।

सभासद् **गोविन्द दुवाल**ले विधेयकको परिच्छेद १ (ङ) मा "व्यासी वसस्टपदेखि महाकालीस्थानहुँदै" भन्ने वाक्यांश संशोधन गर्नुपर्ने, हनुमानघाटमा हुने प्रदूषण कम गर्न विद्युतीय शव दाह गृह निर्माण गर्नुपर्ने, दफा ४ मा नगरमा व्यवस्थित पशु वधशाला निर्माण भइनसकेको अवस्थामा विधेयकमा वधशाला उल्लेख हुनु उपयुक्त नहुने वा वधशाला निर्माणको लागि बजेट विनियोजन हुनुपर्ने र नयाँ निर्माण भइरहेको बाहेक भन्ने वाक्यांश थप्नुपर्ने सुझाव दिनुभयो ।

सभाध्यक्षले आगामी बैठकमा बाँकी सभासद्हरूको सुझाव सङ्कलन गर्ने गरी अर्को बैठक मिति २०७७ असार १६ गते दिनको १:०० बजे बस्ने गरी स्थगित गर्नुभयो ।

## छैटौं दिन (२०७७ असार १६ गते, मङ्गलवार)

छैटौं दिनको बैठक शुरु गर्नुहुँदै सभाध्यक्ष **सुनिल प्रजापति**ले सभासद्हरूलाई भक्तपुर नगरपालिकाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी विधेयक, २०७७ माथि छलफलमा भाग लिन समय प्रदान गर्नुभयो ।

सभासद **हेरा ख्याजु**ले सार्वजनिक स्थलमा फोहोर गर्न दिन नहुने, खँचा पुखु क्षेत्रमा भइरहेको अनियमित निर्माण रोक्नु पर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, मठ मन्दिरमा हुने फोहोर नियन्त्रण हुनुपर्ने सुझाव दिनुभयो ।

सभासद् **श्यामसुन्दर माता**ले सांस्कृतिक क्षेत्रमा कालीदह र इन्द्रायणी पीठ थप्नु पर्ने, विस्तारित क्षेत्रमा हाकुफो हिटी पश्चिम र दूधपाटी थप्नु पर्ने, हरित क्षेत्रमा च्वंगा गणेश थप्नुपर्ने र दृश्य प्रदूषण गर्ने एन सेल र एनटिसी टावर निर्माण अनुमति दिन नहुने सुझाव दिनुभयो ।

सभासद **सिद्धिराम अवाल**ले सांस्कृतिक नगर क्षेत्र सम्बन्धी अवधारणा नगरवासीसँग सल्लाह गरेर ल्याउनु पर्ने, बुँदा १५ र २४ मा उल्लेखित ट्यांकी हटाउने व्यवस्था कार्यान्वयनमा कठिनाइ हुने र अरनिको राजमार्गमा स्वीकृति नलिइकन रुख काटेको रोक्नु पर्ने सुझाव दिनुभयो ।

सभासद् **बलराम न्हिसुतु**ले विधेयक यथासक्य छिटो कार्यान्वयन गर्नुपर्ने, विद्यालय छेउछाउमा हार्डवयर पसल राख्न दिन नहुने, सम्पदा क्षेत्रको होर्डिङ्ग बोर्ड हटाउनु पर्ने सुझाव दिनुभयो ।

सभाध्यक्ष **प्रजापति**बाट समय प्राप्त गरी विधायन समितिका संयोजक हरिराम सुवालले सभासदहरूले छलफलमा उठाउनु भएका जिज्ञासा र प्रश्नहरूबारे दफा २घ र ङ बारेमा परिभाषा विश्व सम्पदा क्षेत्रको परिभाषा अनुसार गरिएको, खुल्ला क्षेत्रमा सबै क्षेत्र समेटिएको, विधेयकको मुख्य उद्देश्य नगरको पूर्ण सरसफाइ रहेको, फोहर गर्नेलाई कारबाही हुने र प्रस्तुत विधेयक नेपाल सरकारको प्रचलित कानूनसँग नबाझिने गरी ल्याएको प्रष्ट पार्नुभयो ।

सभा अध्यक्ष **प्रजापति**ले भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी विधेयक, २०७७ पारित गर्न सभामा पेश गर्नुभयो । र सभाबाट **सर्वसम्मतिले उक्त विधेयक पारित भएको** जानकारी गराउनु भयो ।

सभाध्यक्ष **प्रजापति**ले नगरपालिकाद्वारा गठित विभिन्न समितिहरूको प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो । सभामा क्रमशः निम्न प्रतिवेदन प्रस्तुत गरियो–

१. लेखा समिति र सहकारी समितिको प्रतिवेदन– संयोजक **हरिप्रसाद बासुकला**

२. कृषि समिति र बजार अनुगमन समितिको प्रतिवेदन– संयोजक **राजकृष्ण गोरा**

३. युवा तथा खेलकुद समितिको प्रतिवेदन– संयोजक **श्यामकृष्ण खत्री**

४. खानेपानी समितिको प्रतिवेदन– संयोजक **महेन्द्र खायमली**

५. विधायन समितिको प्रतिवेदन– संयोजक **हरिराम सुवाल**

६.अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिका प्रतिवेदन–सदस्य **श्यामकृष्ण खत्री**

७. निर्माण समितिको प्रतिवेदन– संयोजक **उकेश कवां**

८. महिला, बालबालिका तथा समाज कल्याण समितिको प्रतिवेदन– संयोजक **रोशन मैया सुवाल**

९. वातावरण तथा पर्यटन समिति र शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको प्रतिवेदन– क्रमशः संयोजक र सदस्य **रबिन्द्र ज्याख्व (प्रतिवेदनहरू पृष्ठ ५६ मा दिइएको छ ।)**

सभाध्यक्ष **प्रजापति**ले **सहकारी ऐन, २०७४ को**



**संशोधन प्रस्ताव** र **सहकारी संस्थाहरूको लागि कर प्रस्ताव** पेश गर्न आर्थिक समितिका संयोजक **हरिप्रसाद बासुकला**लाई समय प्रदान गर्नुभयो ।

सभा अध्यक्ष **प्रजापति**बाट समय प्राप्त गर्दै उपप्रमुख एवं बजेट तर्जुमा समितिका संयोजक **रजनी जोशी**ले बजेटसम्बन्धी छलफलमा सभासदहरूले उठाएका प्रश्न र जिज्ञासालाई स्पष्ट पार्नुहुँदै नगरपालिकाको सीमित श्रोत र साधनबाट असीमित आवश्यकताहरू पूरा गर्ने कोसिस गरेको सोही क्रममा कर्मचारीहरूबाट पोशाक भत्ता र खाजा खर्च नलिने निर्णय भएको र सरकारी नियम अनुसार १.५ प्रतिशत आयकर कट्टी हुने गरेको, सिद्ध पोखरी प्रवेश शुल्कमा जेष्ठ नागरिक र बालबालिकालाई ५० प्रतिशत छुट दिने व्यवस्था भएको, भवन निर्माण गर्दा स्लोप छाना राख्ने र माटो जोडाइबाट गारो बनाउनेलाई पनि ३५ प्रतिशत अनुदान प्रदान गरिने, भक्तपुर नगरपालिका क्षेत्र बाहिर ढल निकास खोल्न रु.५००।- शुल्क व्यवस्था गरेको प्रष्ट पार्नुभयो ।

सभा अध्यक्ष **प्रजापति**ले **आर्थिक विधेयक, २०७७, विनियोजन विधेयक, २०७७ सहित आ.व.२०७७/०७८ को भक्तपुर नगरपालिकाको वार्षिक बजेट** पारित गर्न सभामा पेश गर्नुभयो । सभाबाट आर्थिक विधेयक, २०७७, विनियोजन विधेयक, २०७७ सहित आ.व.२०७७/०७८ को भक्तपुर नगरपालिकाको वार्षिक बजेट सर्वसम्मतिले पारित भएको जानकारी गराउनु भयो ।

त्यसपछि सभा अध्यक्ष **प्रजापति**ले बैठक १५ मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

सभा अध्यक्ष प्रजापतिले बैठक पुनः शुरु गर्नु हुँदै **सहकारी ऐन, २०७४ माथिको संशोधन** र **सहकारी संस्थाहरूको कर** प्रस्तावमाथि छलफलको लागि समय प्रदान गर्नुभयो ।

छलफलमा भाग लिंदै सभासद **हरिरत्न गोर्खाली**ले उक्त ऐनमाथिको संशोधन प्रस्तावले नगरका सहकारीहरूलाई नियमन र नियन्त्रण गर्न अझ बल पुग्ने, सहकारी संस्थाहरूमा रहेका समस्याहरू समाधान गर्न अझ मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो ।

सभा अध्यक्ष **प्रजापति**ले सहकारी ऐन, २०७४ मा भएका शुद्धाशुद्धी र केही अङ्कगणीतीय त्रुटीहरू सच्याउनुका साथै केही थप व्यवस्था गर्न संशोधन प्रस्ताव ल्याएको प्रष्ट पार्नु हुँदै देहाय बमोजिमको सहकारी ऐन २०७४ मा संशोधन प्रस्ताव र सहकारी कर पारित गर्न सभामा पेश गर्नुभयो । उहाँले उक्त संशोधन प्रस्ताव सर्वसम्मतिले पारित भएको जानकारी दिनुभयो ।

त्यस्तै **आर्थिक ऐन २०७७** मा समावेश गर्न साविकको दरमा संशोधन प्रस्ताव पारित भयो ।

१) सहकारी संस्थाको लागि वार्षिक कर:

| कारोबार (वासलातको कूल कारोबार अङ्क) | साविक दर (रु) | प्रस्तावित दर (रु) |
|---|---|---|
| क श्रेणी (कारोबार रु. १ अर्बभन्दा बढी भएमा) | १०,०००।– | ३०,०००।– |
| ख श्रेणी (कारोबार रु. ३० करोडभन्दा माथिदेखि रु १ अर्बसम्म) | १०,०००।– | २०,०००।– |
| ग श्रेणी (कारोबार रु. २० करोडभन्दा माथिदेखि रु.३० करोडसम्म) | ५,०००।– | १०,०००।– |
| घ श्रेणी (कारोबार रु. १० करोडभन्दा माथिदेखि २० करोडसम्म) | २,०००।– | ७,५००।– |
| ङ.श्रेणी (कारोबार रु. २ करोडभन्दा माथिदेखि १० करोडसम्म | २,०००।– | ५,०००।– |
| च श्रेणी (कारोबार रु. २ करोडसम्म) | २,०००।– | २,०००।– |

सभा अध्यक्ष **प्रजापति**बाट समय प्राप्त गरी वडाअध्यक्ष **उकेश कवां**ले देहाय बमोजिमको **प्रस्तावहरू** निर्णयार्थ पेश गर्नुभयो र उक्त प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो ।

१. आ.व. २०७६/०७७ श्रावण १ गतेदेखि २०७७ असार १६ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरू, न्यायिक समिति, उपसमितिहरू, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कारबाहीहरू अनुमोदन गर्ने निर्णय गरियो ।

२. यस न.पा.को प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाइ, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरू आवश्यकता अनुसार सेवा करारबाट लिने कार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरूलाई आ.व. २०७७/०७८ को लागि म्याद थप गर्न सेवा सम्झौता आवश्यक संशोधन गरी नवीकरण गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

४. यस न.पा.मा कार्यरत नगर सरसफाइको सफाइका ठेक्काहरूको ठेक्का सम्झौतामा आवश्यक संशोधन गरी २०७८ आषाढ मसान्तसम्मको लागि ठेक्का अवधि थप गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको नियमित नगरसभा बसेको समय बाहेकको समयमा नगरसभाबाट गर्ने सम्पूर्ण काम कारबाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको सङ्गठन स्वरूप र साविक दरबन्दीलाई आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन (O & M) गरी सङ्गठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारीहरूलाई स्थायी, बढुवा, फाइल बढुवा, स्तर वृद्धि आदि वृत्ति विकाससम्बन्धी कारबाही अगाडि बढाउन कर्मचारी सेवा सञ्चालन ऐन र नियम स्वीकृत भएपछि आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

८.यस न.पा.को आ.व.२०७७/०७८ को लागि सम्पूर्ण कर्मचारीहरूको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट पारित तलबी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

९. यस न.पा.मा आ.व. २०७७।०७८ देखि प्रोदभावी लेखा प्रणाली लागू गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१०. यस नगरपालिकाको आ.व २०७६।७७ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना आयोजनाहरूको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

११. आ.व. २०७७/०७८ को लागि जिल्ला दररेटलाई आधार लिई नगरपालिकाको दररेट स्वीकृत गर्ने नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१२. आ.व. २०७७/०७८ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. ६,७९,५४,६४५।९६ (अक्षेरूपी छ करोड, उन्नासि लाख चौवन्न हजार छ सय पैतालिस रूपैयाँ, छ्यानब्बे पैसा)को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको रु. ६,७९,५४,६४५।९६ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

१३. कोभिड-१९ को विश्वव्यापी महामारीलाई यस नगरपालिकाभित्र रोकथाम तथा नियन्त्रण गर्नको लागि नेपाल सरकारले स्थानीय तहका बजेटका अन्य शीर्षकबाट न.पा.मा स्थापना गरिएको प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी बजेट व्यवस्था तथा खर्च गर्न पाउने भनी भएको व्यवस्था अनुसार यस न.पा.को प्रकोप व्यवस्थापन कोषमा भक्तपुर महोत्सव शीर्षकबाट रु.८५ लाख र युवा तथा खेलकुद समितिबाट रु.१५ लाख गरी रु.१ करोड रकमान्तरण गर्ने, नपाद्वारा निर्माणाधीन छाती पुनःस्थापना केन्द्रको लागि पूँजीगत खाताको महेश्वरी तथा शहीद स्मृति

खेल मैदान संरक्षणको खर्च शीर्षकबाट रु. ३०,००,०००।- रकमान्तरण गर्ने र यस नगरपालिकाका पदाधिकारी पारिश्रमिकबाट रु.२४,३२,०००।- रकम पदाधिकारी अन्य सुविधामा रकमान्तर गर्ने निर्णय गरियो ।

सभा अध्यक्ष **प्रजापति**ले राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका प्रस्तावहरू सभा समक्ष प्रस्तुत गर्न वडा अध्यक्ष **प्रेम गोपाल कर्माचार्य**लाई समय प्रदान गर्नु भयो र निम्न प्रस्तावहरू पेश भएकोमा सर्वसम्मतिबाट प्रस्तावहरू पारित गरियो :

१) नेपालको विद्युत प्रशारण लाईनमा सुधार र सडक सञ्जाल विस्तारमा सहयोग गर्ने नाउँमा नेपाल सरकार र संरा अमेरिकी सरकारबीच भएको मिलेनियम च्यालेन्ज सम्झौताका बुँदाहरूमा हाम्रो देशको सार्वभौमसत्तामा आँच पुग्ने गम्भीर विषयहरू रहेको हुँदा सार्वभौम संसदबाट उक्त सम्झौता अनुमोदन नगरी खारेज गर्न यो सभा नेपाल सरकार र सङ्घीय संसदसँगै जोड्दार माग गर्दछ ।

२) भारतीय सरकारद्वारा विगत लामो समयदेखि अनाधिकृत रूपमा नेपालको पश्चिमी सिमानाका भूमिहरू लिपुलेक, लिम्पियाधुरा र कालापानी कब्जा गरी हालै भारतीय सरकारले त्यस क्षेत्रमा चीनसँग सिमाना जोड्ने सडक उद्घाटन समेत गरेपछि सारा देशभक्त नेपाली जनताको विरोधसँगै नेपाल सरकारले अतिक्रमित भूमि समेटेर नयाँ नक्सा सार्वजनिक गरेको र सोही नक्सा अङ्कित नेपालको निशान छाप प्रयोग गर्नेगरी सङ्घीय संसदबाट नेपालको संविधानमा संशोधन गरिएकोमा यो सभा सरकार, सङ्घीय संसद र न्यायप्रेमी नेपाली जनताको अभूतपूर्व एकताप्रति उच्च समर्थन व्यक्त गर्दछ । यससँगै भारतीय सरकारले लिम्पियाधुरा, लिपुलेक, कालापानी मात्र नभई सुस्तालगायत ७१ स्थानमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि तत्काल फिर्ता लिन नेपाल सरकारसमक्ष माग गर्दछ ।

३) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस ( कोभिड १९) रोगको सङ्क्रमण नेपालमा पनि तीव्र गतिमा फैलिरहेको छ । रोगको सङ्क्रमण न्यूनीकरण गर्ने उद्देश्यले नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लगातार देशव्यापी लकडाउन घोषणा गरे पनि सङ्क्रमण रोक्ने प्रभावकारी कदम चाल्न नसकेको यथार्थ हो । रोग परीक्षणको दायरा आशातित रूपमा बढाउन नसक्नु, विश्व स्वास्थ्य सङ्ठनको मापदण्ड अनुसार क्वारेन्टाइन तथा आइसोलेसनको व्यवस्था गर्न नसक्नु, विरामीको उपचार सेवा प्रभावकारी नहुनु र विपद्को समयमा समेत सरकारी ढुकुटीमा भ्रष्टाचार गर्नु सबैबाट आलोचित विषयहरू हुन् । जनताको स्वास्थ्यप्रति संवेदनशील भई रोगको परीक्षणको दायरा बढाउन, विरामीको स्तरीय उपचार गर्न तथा क्वारेन्टाइन एवं आइसोलेसनको मापदण्ड पूरा गर्न नेपाल सरकारलाई यो सभा जोड दिन्छ ।

४) नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न नेपाल सरकार सङ्घीय संसदमा पेश गरेको विधेयकमा विदेशी नागरिकलाई नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्ने प्रावधानमा कडाइ गर्नुपर्ने, अङ्गीकृत नागरिकता प्राप्त गर्न कम्तिमा १५ वर्ष नेपालमा बसेको हुनुपर्ने र विदेशी नागरिकता परित्याग गरेको प्रमाण पेश गर्नुपर्ने बुँदा थप्नुपर्ने यो सभाको ठहर छ । साथै अङ्गीकृत नागरिकले नेपालको निजामती प्रशासन, नीति निर्माण तह तथा राजनैतिक नियुक्ति पाउन नहुने व्यवस्था गर्न समेत यो सभा सङ्घीय संसदसमक्ष माग गर्दछ ।

५) अन्तर्राष्ट्रिय साम्राज्यवादविरोधी योद्धा एवं 'नर्थस्टार कम्पास' का सम्पादक माइकल लुकास साम्राज्यवाद विरुद्धको सङ्घर्षमा निरन्तर कलम चलाउने क्रममा ९४ वर्षको उमेरमा असामयिक निधन भएकोमा यो सभा दुःख व्यक्त गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

६) अहिले नै काठमाण्डौ उपत्यकामा अत्यधिक जनसङ्ख्याको चापले खानेपानीको चरम अभाव, वायु प्रदूषण, फोहोरमैलाको दुर्गन्ध, ट्राफिक जाम लगायतको समस्या बढेको अवस्थामा नेपाल सरकार शहरी विकास मन्त्रालय काठमाण्डौ उपत्यका नगर विकास प्राधिकरण मार्फत उपत्यकामा १ लाख रोपनीको शहर र १०/१० हजार रोपनीका ३ वटा उपशहर निर्माण गर्ने योजना स्वीकृत गरिएकोप्रति यो सभाको गम्भीर ध्यानाकर्षण भएको छ । शहर विकासले उपत्यकाको सम्पूर्ण खेतीयोग्य जमिन र प्राकृतिक स्रोतहरू समाप्त हुने, भूकम्प, बाढी, महामारी लगायतका विपद्को जोखिम बढ्ने मात्र नभई यहाँका आदिवासी जनताहरूलाई समेत विस्थापित गर्ने निश्चित छ । तसर्थ काठमाण्डौ उपत्यकामा ४ उपशहर विकास गरी देशभरिको जनसङ्ख्या थुपार्नुभन्दा देशका विभिन्न जिल्लामा व्यवस्थित शहरीकरण गरी सन्तुलित विकासमा ध्यान दिन यो नगरसभा नेपाल सरकारसमक्ष जोड्दार माग गर्दछ ।

७) कृषिप्रधान देशमा रासायनिक मल विदेशबाट आयात गर्न मात्र पनि वार्षिक खर्बौं रूपैयाँ खर्च भइरहेको छ । स्वदेशमै रासायनिक मल कारखाना खोलेर आधुनिक सिँचाइ प्रविधिको विकास गरी उन्नत बीउ विजनको विकास गरेर कृषि उत्पादन बढाउनुपर्नेमा यो सभा जोड दिन्छ ।

८) पश्चिमी अफ्रिकाबाट मध्यपूर्वी एसिया हुँदै पाकिस्तान र भारतको बाटो गरी सलह फट्यांग्राको महामारी नेपाल

भित्रिन थालेको र तराईका अन्नबाली सखाप पार्न थालेको समाचारहरू आइरहेका छन् । कोभिड १९ रोगले नराम्रोसँग प्रभावित बनेको नेपालको अर्थतन्त्र सलह फट्यांग्राको महामारीले माथि उठ्नै नसक्नेगरी थला पर्नसक्नेतर्फ विज्ञहरूले चेतावनी दिएका छन् । यसतर्फ गम्भीर भई समयमै सलह फट्यांग्रा नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न यो सभा नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

९) खानेपानीको चरम अभाव भोगिरहेका भक्तपुर नगरवासीहरूलाई मेलम्चीको खानेपानी पहिलो चरणमा सन्तुलित वितरण गर्न यो सभा नेपाल सरकार र मेलम्ची खानेपानी आयोजनासमक्ष पुनः जोड्दार माग गर्दछ । साथै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमार्फत खानेपानी वितरण भइरहेकोमा सबै नगरवासीहरूलाई पुग्दो मात्रामा सन्तुलित वितरण नभइरहेको, धमिलो तथा प्रदूषित पानी समेत वितरण भएको, ठाउँ ठाउँमा फुटेका पाइप समयमै मर्मत सम्भार नगरिएको, वितरण प्रणालीमा सुधार नगरिएको र हालै खानेपानीको मुहान रहेको भंगेरी डाँडामा जनभावनाविपरीत एकपक्षीय ढङ्गबाट रंगशाला निर्माणको नाममा वन फडानी भइरहेको र खानेपानीको मुहान बिगारिरहेकोमा यो सभाको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता गलत क्रियाकलाप तत्काल रोकी खानेपानी वितरणमा सुधार ल्याउन केयूकेएलसमक्ष यो सभा माग गर्दछ ।

## समापन

तत्पश्चात सभाध्यक्ष **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको सातौं नगरसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण सभासदहरूलाई धन्यवाद ज्ञापन गर्नुहुँदै सातौं नगरसभा समापन भएको सभामा जानकारी गराउनु भयो ।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी–२, भक्तपुर

# नगरवासीहरूमा अनुरोध

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड–१९) नेपालमा पनि तीव्रगतिमा फैलिरहेको र भक्तपुरमा पनि सङ्क्रमितहरू देखापरिरहेको अवस्थामा कोही पनि नयाँ र अपरिचित व्यक्तिलाई आफ्नो घरमा नबोलाउन वा डेरामा नराख्न, नेपाल सरकारले लकडाउन अन्त्य गरेपछि डेरामा फर्किएकाहरूको स्वास्थ्य परीक्षण नगराई घरमा नराख्न सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एक जनाको असावधानी वा गल्तीले कोरोना भाइरसको महामारी नफैलियोस् भन्नेमा सचेत बनौं । जिम्मेवार नागरिक बनौं । कोरोना भाइरस रोगबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

आफ्नो घरमा डेरागरी बस्ने सबैको विस्तृत विवरण सम्बन्धित वडा कार्यालयमा तुरुन्त बुझाउनु हुन सबैमा अनुरोध छ ।

**भक्तपुर नगरपालिका**

सम्पादकको पृष्ठ

# 'हाम्रा हरेक काम खुल्ला र पारदर्शी छ'

भक्तपुर नगरपालिकाको सातौं नगरसभा असार ७ गते शुरू भई असार १६ गते सम्पन्न भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हरेक वर्ष दुई पटक नगरसभा बस्नुपर्ने प्रावधान छ। सोही प्रावधान अनुसार सातौं नगरसभा बसेको हो। यो सभाबाट आगामी आर्थिक वर्ष २०७७/७८ का नीति तथा कार्यक्रम र बजेट पारित भएको छ।

सातौं नगरसभाको उद्घाटन समारोहमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो। त्यसक्रममा उहाँले उद्घोष गर्नुभयो – 'हाम्रा हरेक काम खुल्ला र पारदर्शी छ'। स्थानीयतहको निर्वाचनबाट गठित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले पदबहाली गरेदेखि निर्वाचन घोषणापत्रलाई केन्द्रविन्दुमा राखेर पारदर्शीतालाई अङ्गिकार गर्दै आएका छन्। भक्तपुर नपाका प्रकाशन र प्रसारणका माध्यमबाट आफ्ना गतिविधिलाई इमानदारीका साथ पारदर्शी ढङ्गबाट जनसमक्ष राख्दै आएको छ।

त्यसैले देशका अन्य स्थानीय तहहरू भन्दा फरक भक्तपुर नपाले आफ्नो स्थान सुरक्षित राखेको छ। त्यसैलाई निरन्तरता दिन भक्तपुर नपाको सातौं नगरसभाका विषयवस्तु र क्रियाकलापबारे यो विशेष अङ्क प्रकाशन गरिएको छ। यसबाट नगरवासीलगायत सरोकारवालाहरूलाई भक्तपुर नपाको मूल्याङ्कन गर्न सहज हुने विश्वास छ।

कोरोना महामारीको कारण विश्व नै आक्रान्त भइरहेको बेला भक्तपुर नपाको बजेट पनि प्रभावित हुनु स्वभाविक छ। निर्वाचन घोषणापत्रका प्रतिबद्धता पूरागर्ने र नगर र नगरवासीका आवश्यकतालाई सम्बोधन गर्नुपर्ने दायित्व यथावत छ। तर प्रतिकूल स्थितिमा पनि स्वावलम्बी र आत्मनिर्भरताका पक्षलाई त्याग्न सकिन्दैन। त्यसैले आ.व.२०७७/०७८ को आय-व्ययलाई सीमित बजेटको सीमाभित्र रहेर मितब्ययिता अपनाई निर्माण गरी पारित गरिएको छ।

सातौं नगरसभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वयनको लागि विषम परिस्थितिलाई ध्यानमा राखी करदाताहरूले आफ्नो दायित्व र कर्तव्य समयमै पालना गर्ने आशा गर्नु समयोचित हुनेछ।

## सातौँ नगरसभाको विभिन्न मितिमा बसेको बैठकका केही झलक









भक्तपुर नपाको सातौँ नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्दै सभासद्‌हरू (असार ९ गते)



सातौँ नगरभामा प्रस्तुत बजेट, विधेयक तथा प्रस्तावहरू पारित गर्दै सभासद्‌हरू (असार १६ गते)

